## Human Rights Related Instruments to which Nepal is a Party

| S.No. | Name of Instrument | Date of Ratification (R)/Accession (A) |
|---|---|---|
| 1. | Slavery Convention, 1926 | 7/1/1963 (A) |
| 2. | Protocol amending the Slavery Convention, 1926 (adopted in 1953 by the United Nations) | 7/1/1963 (A) |
| 3. | Supplementary Convention on the Abolition of Slavery, the Slave Trade, and Institutions and Practices Similar to Slavery, 1956 | 7/1/1963 (A) |
| 4. | Convention on the Political Rights of Women, 1953 | 26/1/1966 (A) |
| 5. | Convention on the Prevention and Punishment of the Crime of Genocide, 1948 | 17/1/1969 (A) |
| 6. | International Convention on the Elimination of All Forms of Racial Discrimination, 1965 | 30/1/1971 (A) |
| 7. | International Convention on the Suppression and Punishment of the Crime of Apartheid, 1973 | 12/7/1977 (A) |
| 8. | International Convention against Apartheid in Sports, 1985 | 1/3/1989 (R) |
| 9. | Convention on the Rights of the Child, 1989 | 14/9/1990 (R) |
| 10. | Convention on the Elimination of All Forms of Discrimination Against Women, 1979 | 22/4/1991 (R) |
| 11. | Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, 1984 | 14/5/1991 (A) |
| 12. | International Covenant on Economic, Social and Cultural Rights, 1966 | 14/5/1991 (A) |
| 13. | International Covenant on Civil and Political Rights, 1966 | 14 /5/1991 (A) |
| 14. | Optional Protocol to the International Covenant on Civil and Political Rights, 1966 | 14/5/1991 (A) |
| 15. | Second Optional Protocol to the International Covenant on Civil and Political Rights, Aiming at the Abolition of the Death Penalty, 1989 | 4/3/1998 (A) |
| 16. | Convention for the Suppression of the Traffic in Persons and of the Exploitation of the Prostitution of Others, 1949 | 10/12/2002 (A) |
| 17. | Optional Protocol to the Convention on the Rights of the Child on the Sale of Children, Child Prostitution and Child Pornography, 2000 | 20/1/2006 (R) |
| 18. | Optional Protocol to the Convention on the Rights of the Child on the Involvement of Children in Armed Conflict, 2000 | 3/1/2007 (R) |
| 19. | Optional Protocol to the Convention on the Elimination of All Forms of Discrimination against Women, 1999 | 15/6/2007 (R) |
| 20. | Convention on the Rights of Persons With Disabilities, 2006 | 7/5/2010 (R) |
| 21. | Optional Protocol to the Convention on the Rights of Persons with Disabilities, 2006 | 7/5/2010 (R) |
| 22. | United Nations Convention against Transnational Organized Crime, 2000 | 23/12/2011 (R) |
| 23. | SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution, 2002 | 15/11/2005 (R) |
| 24. | SAARC Convention on Regional Arrangements for the Promotion of Child Welfare in South Asia, 2002 | 15/11/2005 (R) |

*Source: Ministry of Law, Justice, Constituent Assembly and Parliament Affairs*

Printed at : Koshi Printing Press, Babarmahal, Kathmandu. Tel.: 4225696

चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/०७२ – २०७५/०७६)

# चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना

(आ.व. २०७१/०७२ – २०७५/०७६)



नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

२०७१ साउन

# चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना

(आ.व. २०७१/०७२ – २०७५/०७६)

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं

२०७१ साउन

# चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना, २०७१/०७२ - २०७५/०७६

**प्रकाशक** :
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौँ ।
फोन नं.: ०१-४२११०७२, ७४, ७५
फ्याक्सः ०१-४२११०४२
वेबसाइटः www.opmcm.gov.np

**प्रकाशन प्रति** : १,५०० प्रति

**प्रकाशन मिति** : २०७१ साउन

**संयोजन** :
सहसचिव रमेश ढकाल

**सहसंयोजन** :
उपसचिव प्रकाशकुमार अधिकारी

**सहायक संयोजन तथा भाषा सम्पादन** :
शाखा अधिकृत झइन्द्रप्रसाद गुरागाई

# मेरो भनाइ



मानव अधिकारको संरक्षण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोको विषय हो । तर संसारभरकै मानिसहरू कुनै न कुनै राजनीतिक भूक्षेत्रमा बसोबास गर्ने भएकाले निजहरूको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने प्राथमिक र प्रमुख दायित्व राज्यको हुन्छ । मानव अधिकार प्रत्येक मानिसमा अन्तर्निहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार भएकोले कुनै पनि अवस्था तथा परिस्थितिमा निर्वाध तथा स्वतन्त्र रूपमा त्यसको उपयोग गर्न पाउने प्रत्याभूति राज्यले गर्नुपर्छ । यो कुरा कमजोर तथा जोखिममा रहेको वर्ग, क्षेत्र तथा समूहको लागि अझ बढी आवश्यक हुन्छ ।

मानव अधिकारलाई नागरिक तथा राजनीतिक एवं साँस्कृतिक तथा आर्थिक अधिकारहरूको रूपमा वर्गीकरण गरिन्छ र अघिल्ला दुई अधिकारहरूको प्रयोग र अभ्यासका लागि राज्यको तर्फबाट निर्वाह गर्नुपर्ने सक्रियता भन्दा पछिल्ला तीन अधिकारहरूको परिपूर्तिको लागि र यसमा पनि खासगरी विकासको मूल प्रवाहबाट पछि परेका, उत्पीडित, सीमान्तकृत, कमजोर वर्ग, लिङ्ग र पिछडिएको क्षेत्रका नागरिकको अधिकार सुनिश्चित गर्नका लागि राज्यको विशेष सक्रियता र सकारात्मक हस्तक्षेप आवश्यक हुन्छ । संयुक्त राष्ट्रसङ्घको १९९३ को मानव अधिकारसम्बन्धी भियना घोषणाले सबै सदस्य राष्ट्रलाई यो दायित्व पूरा गर्न आवश्यक कार्ययोजना बनाउन आह्वान गरेअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अगुवाइमा प्रस्तुत कार्ययोजना जारी गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालीको नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक हकका अतिरिक्त समुदायका हकको पनि प्रत्याभूति गरेको छ । अन्तर्राष्ट्रिय 'बिल अफ राइट्स' पनि भनेर चिनिने मानव अधिकारका प्रमुख सातवटा महासन्धिहरूमा नेपाल पक्ष राष्ट्र बनिसकेको छ । मातृ तथा बाल मृत्युदर घटाउने अभियानमा नेपालले सहश्राब्दी विकास लक्ष्य हासिल गरिसकेको छ । यसैगरी शिक्षा, समावेशी विकास, लैङ्गिक सशक्तीकरण, स्थानीय विकास जस्ता क्षेत्रहरूमा नेपालका प्रयासहरूलाई अन्तर्राष्ट्रिय समुदायबाट पनि नमूनाको रूपमा लिन थालिएको पाइएको छ । करीब दश वर्ष अगाडिबाट नेपाली नागरिकका खासगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको कार्यान्वयनको सुनिश्चितताका लागि कार्ययोजना तर्जुमा गरी मानव अधिकारलाई संस्कृतिका रूपमा विकास गर्ने सरकारी प्रतिबद्धतालाई साकार रूप दिनका लागि प्रस्तुत मानव अधिकारसम्बन्धी चौथो राष्ट्रिय कार्ययोजना जारी गरिएको छ । साथै, यस कार्ययोजना मार्फत् देशको आवधिक विकास तथा मानव अधिकारलाई सँगसँगै अगाडि बढाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

मानव अधिकार कुनै एक क्षेत्र वा निकायसँग मात्र सम्बन्धित नभई विभिन्न क्षेत्र र निकायहरूसँग अन्तरसम्बन्धित हुने भएकाले यसको कार्यान्वयन पनि कुनै एक निकाय वा मुलुकमा मात्र निर्भर छैन । यसको प्रभावकारी कार्यान्वयनको लागि सरकारी निकायहरूका अतिरिक्त नागरिक समाज, अधिकारकर्मीहरू तथा सञ्चारजगतसमेतको सकारात्मक सहयोगको खाँचो रहन्छ ।

अन्त्यमा, प्रस्तुत मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई सम्बद्ध सबै सरकारी निकायले प्राथमिकताका साथ कार्यान्वयन गर्ने विश्वास लिएको छु । यस कार्ययोजना तयार गर्नमा सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

काठमाडौँ ।
२०७१ साउन ।

**(लीलामणि पौड्याल)**
**मुख्य सचिव**
**नेपाल सरकार**



# प्राक्कथन

मानव अधिकारलाई आधुनिक मानव सभ्यताको एउटा कोशेढुङ्गाको रूपमा लिइन्छ । किनभने यसको अभावमा मानव व्यक्तित्वको विकास हुन सक्दैन । यसै कुरालाई हृदयङ्गम गरी भियनामा सन् १९९३ मा भएको संयुक्त राष्ट्रसङ्घीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतिको विकास गर्न र मानव अधिकारको संरक्षण एवं प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आह्वान गरेको थियो । सोही आह्वानलाई साकार रूप दिन संयुक्त राष्ट्रसङ्घको सक्रिय सदस्य राष्ट्रको हैसियतले नेपालले मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने दृढ अठोटका साथ नागरिक समाज र निजी क्षेत्र जस्ता सरोकारवालाहरूको समेत राय, सल्लाह, सुझाव र चासोहरूलाई समावेश गरी आ.व. ०६१/०६२ देखि मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । यस क्रममा तीनवटा कार्ययोजनाहरू सम्पन्न भई प्रस्तुत चौथो पञ्चवर्षीय राष्ट्रिय कार्ययोजना कार्यान्वयनको चरण प्रारम्भ भएको छ ।

मानव अधिकारको संरक्षण र प्रवर्द्धनको विषयलाई नेपाल सरकारले अत्यन्त उच्च महत्व प्रदान गर्नुका साथै शासन सञ्चालनको एक महत्वपूर्ण आधारका रूपमा समेत स्वीकार गरिआएको छ । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको विषय नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं राष्ट्रिय आकांक्षाको विषय हो । यसर्थ, मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरी मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्ने उद्देश्यले जारी भएको प्रस्तुत मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सफल कार्यान्वयनमा नेपाल सरकारका सबै मन्त्रालय, संवैधानिक निकाय, आयोग, प्रतिष्ठान, विभाग, कार्यालय, राजनीतिक दलहरू, मानव अधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था, राष्ट्रसेवक कर्मचारीहरू, सरकारी तथा निजी सञ्चारमाध्यम एवं नागरिक समाज सबैबाट सक्रिय सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । सम्बद्ध मन्त्रालयहरूबाट प्रस्तुत कार्ययोजना आफू मातहतका सबै विभाग, निर्देशनालय एवं कार्यालयहरूमा उपलब्ध गराई व्यापक प्रचार-प्रसारका साथ प्रभावकारी कार्यान्वयन हुने विश्वास लिएको छु ।

अन्त्यमा, प्रस्तुत कार्ययोजना तर्जुमा कार्यमा सहयोग गर्नुहुने सहसचिव श्री रमेश ढकाल, उपसचिव श्री प्रकाशकुमार अधिकारी र शाखा अधिकृत श्री झइन्द्रप्रसाद गुरागाई लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

काठमाडौँ ।
साउन, २०७१

**(राजुमान सिंह मल्ल)**
**सचिव**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय

**चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना** (आ.व. २०७१/७२-२०७५/७६) **लाई स्वीकृत गरी मिति २०७१ साउन १ गतेदेखि लागू गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।३।३२ को निर्णयः**

(१) प्रस्तावसाथ संलग्न चौथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१/०७२-२०७५/०७६) स्वीकृत गर्ने ।

(२) कार्ययोजनालाई सम्बद्ध मन्त्रालयहरूले आ.व. २०७१/०७२ देखि आ.व. २०७५/०७६ सम्ममा प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

(३) कार्ययोजनामा समावेश गरिएका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट कार्ययोजनामा जिम्मेवारी तोकिएका मन्त्रालयहरूले आफ्नो वार्षिक बजेटमा नै व्यवस्था मिलाउने ।

(४) कार्ययोजनामा समावेश गरिएका कार्यक्रमहरू सम्पन्न गर्न वैदेशिक सहयोग आवश्यक हुने भएमा कार्ययोजना कार्यान्वयन गर्ने जिम्मेवारी तोकिएका मन्त्रालयहरूले अर्थ मन्त्रालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

(५) कार्ययोजनाको कार्यान्वयन स्थितिसम्बन्धी विवरण जिम्मेवारी तोकिएका मन्त्रालयहरूले त्रैमासिक एवं वार्षिक लगायत आवधिक रूपमा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

(६) कार्ययोजना कार्यान्वयन स्थितिका बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियमित रूपमा अनुगमन गर्ने, गराउने ।

(७) कार्ययोजनामा उल्लिखित जिल्लास्तरीय कार्यक्रमहरूको प्रमुख जिल्ला अधिकारीले प्रभावकारी कार्यान्वयनका लागि समन्वय र अनुगमन गर्ने ।

# विषयसूची


- **मेरो भनाइ**
- **प्राक्कथन**
- **नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय**

परिच्छेद – १
**प्रारम्भिक**

| | | |
|---|---|---|
| १.१ | **पृष्ठभूमि** | १३ |
| १.२ | **नेपालमा मानव अधिकार संरक्षणसम्बन्धी व्यवस्था** | १५ |
| | १.२.१ मानव अधिकार संरक्षणसम्बन्धी संवैधानिक व्यवस्था | १५ |
| | १.२.२ मानव अधिकार संरक्षणसम्बन्धी कानूनी व्यवस्था | १६ |
| | १.२.३ मानव अधिकार संरक्षणसम्बन्धी नीतिहरू | २० |
| | १.२.४ मानव अधिकार संरक्षणका लागि संस्थागत व्यवस्थाहरू | २२ |
| | (१) अदालत | २२ |
| | (२) राष्ट्रिय मानव अधिकार आयोग | २२ |
| | (३) महान्यायाधिवक्ता | २२ |
| | (४) राष्ट्रिय महिला आयोग | २२ |
| | (५) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | २३ |
| | (६) राष्ट्रिय दलित आयोग | २३ |
| | (७) राष्ट्रिय मुस्लिम आयोग | २३ |
| | (८) बादी समुदाय उत्थान विकास समिति | २३ |
| | (९) उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति | २३ |
| | (१०) पिछडिएको समुदाय उत्थान विकास समिति | २३ |

परिच्छेद – २
**मानव अधिकारसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना**

| | | |
|---|---|---|
| २.१ | **मानव अधिकारसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाहरुको संक्षिप्त झलक** | २४ |
| २.२ | **वर्तमान चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाका परिकल्पना, उद्देश्य र रणनीति** | २६ |
| | २.२.१ परिकल्पना | २६ |
| | २.२.२ उद्देश्यहरू | २६ |
| | २.२.३ रणनीतिहरू | २६ |

२.३ **जिम्मेवार निकाय, सहयोगी निकाय र अनुगमन गर्ने निकायको भूमिका तथा कार्ययोजनाको सीमा र जोखिम पक्ष** २७
२.३.१ जिम्मेवार निकायको भूमिका २७
२.३.२ सहयोगी निकायको भूमिका २७
२.३.३ अनुगमन गर्ने निकायको भूमिका २८
२.३.४ कार्ययोजनाको सीमा २८
२.३.५ कार्ययोजनाको जोखिम पक्ष २९

## परिच्छेद – ३
## कार्ययोजनामा समेटिएका विषयहरू

३.१ **मानव अधिकार राष्ट्रिय कार्ययोजनामा समेटिएका विषयहरु** ३०
३.१.१ शिक्षा ३२
३.१.२ स्वास्थ्य, पोषण तथा जनसङ्ख्या ३४
३.१.३ श्रम तथा रोजगार ३७
३.१.४ संस्कृति ३९
३.१.५ कानूनी सुधार र न्याय प्रशासन (कानूनको निर्माण र सुधार तथा अदालत) ४१
३.१.६ वातावरण र दिगो विकास ४७
३.१.७ महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक ५१
३.१.८ नेपालको अन्तर्राष्ट्रिय दायित्व ५५
३.१.९ खाद्य सुरक्षा (खाद्य स्वच्छता र सम्प्रभुता, स्वस्थ कृषि वस्तु उत्पादन तथा बिक्री, वितरण र उपभोक्ता हक) ५८
३.१.१० संक्रमणकालीन न्याय र द्वन्द्वपीडित ६१
३.१.११ मानव अधिकार शिक्षा ६४
३.१.१२ समावेशी विकास ७०
(क) आदिवासी, जनजाति तथा सीमान्तकृत वर्ग ७०
(ख) दलित ७२
(ग) पिछडिएको वर्ग क्षेत्र ७४
(घ) बादी ७५
३.१.१३ बालबालिका (बालबालिकाको अधिकार संरक्षण, विकास र बालन्याय) ७६
३.१.१४ आवास (सहरी विकास र आवास) ७९
३.१.१५ सामाजिक सेवा र सुरक्षा (खानेपानी, ऊर्जा, सरसफाइ, ढल निकास, प्राकृतिक स्रोत साधनको प्रयोग, सहकारी, गरिबी, खेलकुद, सडक प्रयोग) ८१
३.१.१६ सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन ९१
३.१.१७ हिरासत तथा कारागार सुधार ९३
३.१.१८ संस्थागत सुदृढीकरण ९६

## परिच्छेद – ४

# कार्यान्वयन तथा अनुगमन


| | | |
|---|---|---|
| ४.१ | **कार्यान्वयन तथा अनुगमन** | ९९ |
| | ४.१.१ पृष्ठभूमि | ९९ |
| | ४.१.२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिका | ९९ |
| | ४.१.३ राष्ट्रिय मानव अधिकार आयोगको भूमिका | १०० |
| | ४.१.४ राष्ट्रिय योजना आयोगको भूमिका | १०० |
| | ४.१.५ अर्थ मन्त्रालयको भूमिका | १०० |
| | ४.१.६ दातृ निकायहरूको भूमिका | १०० |
| | ४.१.७ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समिति | १०० |
| | ४.१.७.१ मानव अधिकार राष्ट्रिय कार्ययोजना केन्द्रीय कार्यान्वयन तथा अनुगमन समिति | १०० |
| | ४.१.७.२ मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समिति | १०२ |

परिच्छेद - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

मानिसको व्यक्तित्व विकासको निमित्त अपरिहार्य प्राकृतिक, नैसर्गिक र अहरणीय अधिकार मानव अधिकार हो । मानव अधिकारको प्राप्ति र सम्मान नै मानव सभ्यताको उद्देश्य हो । मानव अधिकार बिना मानवीय मर्यादा, मानवीय मूल्य, मान्यता र सम्पूर्ण मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थतालाई महसुस गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारको कानूनी संरक्षण र त्यसको वास्तविक उपभोग तथा कार्यान्वयनका क्षेत्रमा व्यापक मात्रामा विभिन्न कदमहरू चालिएका छन् । अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका विविध पक्षहरूसँग सम्बन्धित सन्धि सम्झौताहरू निर्माण भइरहेको भने राष्ट्रियस्तरमा मानव अधिकारलाई संवैधानिक र कानूनी संरक्षण दिई सरकारी नीति, कार्ययोजना र कार्यक्रमहरूद्वारा यसको कार्यान्वयनलाई सुनिश्चित गर्ने गरिएको छ ।

मानिस भएर बाँच्न आवश्यक आधारभूत अधिकारहरू मानव अधिकारभित्र पर्दछन् । तर मानिस भएको कारणले गर्दा मानिसलाई के कति अधिकारहरू छन् वा हुन सक्तछन् भन्ने कुरा सहजै निक्यौंल गर्न नसकिने र विभिन्न समयमा मानव अधिकार अन्तर्गत भिन्न-भिन्न प्रकारका अधिकारहरू समावेश गर्ने गरिएकाले यो गतिशील अवधारणा हो । त्यसैले मानव अधिकारको निरपेक्ष वा पूर्ण परिभाषा नभएर यसभित्र पर्ने अधिकारहरूको सूची मात्र बनाउन सकिन्छ । मानव अधिकारको मूल स्रोत अन्तर्राष्ट्रिय कानून हो तर यसको कार्यान्वयन राष्ट्रिय कानूनद्वारा निर्धारित गरिन्छ ।

विभिन्न राष्ट्रिय कानूनहरूद्वारा सम्बन्धित नागरिकलाई प्रत्याभूत गरिएका अधिकार र अन्य अधिकारको सिर्जनासहित संयुक्त राष्ट्रसङ्घले विश्वभरिका मानिसहरूले उपभोग गर्न पाउने गरी घोषणा र महासन्धिहरूमा व्यवस्थित गरेका अधिकारहरू नै मानव अधिकार हुन् । २४ अक्टुबर १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि मानव अधिकारको सिर्जना, सम्मान, संरक्षण र प्रवर्द्धनमा अन्तर्राष्ट्रिय प्रयासको थालनी भएको हो । मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्रसङ्घको महासभाले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो, जसमा पहिलो पटक मानवका जन्मसिद्ध एवं नैसर्गिक अधिकारहरूलाई मानव अधिकारका रूपमा परिभाषा गरिएको छ । संयुक्त राष्ट्रसङ्घको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारको विविध पक्षहरूलाई समेट्ने गरी संयुक्त राष्ट्रसङ्घद्वारा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू जारी हुँदै आएका छन् । नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्य भएपश्चात् मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा निरन्तर अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाउँदै कार्यान्वयनका लागि कानूनी, नीतिगत र संरचनागत व्यवस्था गर्दै आएको छ । नेपाल मानव अधिकारसम्बन्धी मुख्य दस्तावेजहरू (Principal Bill of Human Rights) र नौ मुख्य महासन्धिहरू (Nine Core Conventions) मध्ये सातको समेत गरी मानव अधिकारसम्बन्धी चौबीस अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र बनिसकेको छ ।

अष्ट्रियाको राजधानी भियनामा सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतिको विकास गर्न सहयोगका लागि आह्वान गरेको थियो । त्यस सम्मेलनले मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी

रूपमा कार्यान्वयन गर्न पनि सदस्य राष्ट्रहरूलाई आह्वान गरेको थियो । सोही आह्वानलाई साकार रूप दिन सरकारले नागरिक समाज र निजी क्षेत्रको समेत राय, सल्लाह, सुझाव र परामर्श लिई आवधिक विकास योजना सरह मानव अधिकारको समेत राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न थालेको हो । यस अन्तर्गत आ.व. ०६१/०६२ मा मानव अधिकारको प्रथम राष्ट्रिय कार्ययोजना लागू गरियो ।

संवत् २०६२/०६३ सालको जनआन्दोलनको मार्गचित्र अनुसार निर्मित नेपालको अन्तरिम संविधानको भावना अनुसार समावेशी सिद्धान्त अवलम्बन गर्दै राज्य पुन:संरचना गरी सबै प्रकारका भेदभावहरूलाई अन्त्य गर्न आफ्नो लागि आफैँ संविधान बनाउने अभिमत अनुसार मानव अधिकारको सवालमा साविकको राज्यको अहस्तक्षेपको सिद्धान्तदेखि एक कदम अगाडि बढी सामाजिक समानताको अवधारणामा आधारित मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न राज्य स्वयं जिम्मेवार र उत्तरदायी बन्नुपर्ने अवस्थाको सिर्जना हुन गयो । यसै तथ्यलाई ध्यानमा राखी नेपाल सरकारले परिमार्जनसहित आ.व. ०६४/०६५ देखि अर्को मानव अधिकार राष्ट्रिय कार्ययोजना तीन वर्षका लागि लागू गर्‍यो । खासगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि संयुक्त राष्ट्रसङ्घद्वारा जारी भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको आधार लिई यी राष्ट्रिय कार्ययोजनाहरू तर्जुमा गरिएको र कार्ययोजनाहरूले नेपाली जनताका खासगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक समस्या र आवश्यकताको पहिचान गरी यी समस्याहरूको न्यूनीकरण गर्न सरकारी उपक्रमहरू प्रस्ताव गरेको थियो । यी कार्ययोजनाहरूको कार्यान्वयनबाट नेपालमा मानव अधिकारको सचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको भए पनि अझै पनि राज्यका विभिन्न निकाय एवं ती निकायमा रहेर कार्य गर्ने पदाधिकारीहरूबाट मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र आदर्शलाई आधार मानी कार्य गर्ने मानव अधिकार संस्कृतिको विकास भने पूर्णरुपमा हुनसकेको छैन । मुलुकको संविधान र कानूनद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको उपभोग गर्न आवश्यक पर्ने पूर्वाधार एवं वातावरण तयार पार्नुपर्ने चुनौती हाम्रो सामु रहेको छ । प्रस्तुत सन्दर्भमा मुलुकमा मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरी मानव अधिकार संस्कृतिको विकास गर्दै नेपालद्वारा अन्तर्राष्ट्रिय जगत सामु व्यक्त प्रतिबद्धतालाई पूरा गर्न मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई निरन्तरता प्रदान गर्नुपर्ने आवश्यकता देखिएको छ । यसै तथ्यलाई विचार गरी नेपाल सरकारले आ.व. २०७१/०७२ देखि लागू हुने प्रस्तुत मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई पाँच वर्षका लागि लागू हुने गरी जारी गरेको छ । यो कार्ययोजना तर्जुमा गर्दा साविकको कार्ययोजनाको कार्यान्वयन पक्ष समेतलाई ध्यानमा राखी मानव अधिकारका विभिन्न सबालहरूलाई विषयगत रूपमा प्रस्तुत गरिएको छ । यसबाट साविक कार्ययोजनाको कार्यान्वयन पक्षमा देखिएका कमजोर पक्षहरूको सुधार भई कार्यान्वयन प्रभावकारी रूपमा हुने अपेक्षा राखिएको छ ।

मानव अधिकार राष्ट्रिय कार्ययोजनामा आमनेपाली जनताको मानव अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सन्दर्भमा बहुक्षेत्रलाई समेटिएको छ । यो कार्ययोजनाको मूल ध्येय नै मानव अधिकारलाई देशको पूर्वाधार विकास प्रक्रियासँग आबद्ध गर्ने रहेको छ, जसले गर्दा यस कार्ययोजनाको कार्यान्वयनबाट समाजका सबै क्षेत्र लाभान्वित हुनेछन् । विकासको अधिकार पनि मानव अधिकार नै हो । यसैगरी समुदायका अधिकारहरूले पनि मानव अधिकारकै रूपमा मान्यता पाइसकेका छन् ।

राष्ट्रियस्तरमा मानव अधिकारसम्बन्धी व्यापक विषयगत क्षेत्र समेटी तयार गरिएकोले प्रस्तुत मानव अधिकार राष्ट्रिय कार्ययोजना विशेष कार्यक्रम, आयोजना र प्रयास भन्दा केही भिन्न रूपको छ । यो कार्ययोजनालाई मानव अधिकारसम्बन्धी विषयगत क्षेत्रको कार्ययोजना तयार गर्दा मार्गदर्शनको रूपमा पनि लिन सकिनेछ ।

प्रस्तुत मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लिखित कार्यक्रमहरू एउटा निकाय विशेषको मात्र जिम्मेवारीभित्र रहने कार्यक्रम नभई यो विभिन्न केन्द्रीय तथा स्थानीय सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

गैरसरकारी संस्था, द्विपक्षीय तथा बहुपक्षीय दातृ निकाय एवं नेपाल सरकारको नीति तथा कार्यक्रमको सहयोगको लागि कार्य गर्ने विकास सहयोगीहरूको पनि जिम्मेवारी हो । राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था, नागरिक समाजका समूहहरू, निजी क्षेत्र एवं विभिन्न पेशागत महासङ्घ तथा सङ्घहरू यो कार्ययोजना कार्यान्वयन गर्नको लागि सामूहिकरूपमा संलग्न हुनेछन् । यो कार्ययोजनालाई बृहत् सोचतालिका (Log Frame) को ढाँचामा प्रस्तुत गरिएकोले यसमा आवश्यक प्राविधिक र आर्थिक स्रोतको किटान गरिएको छैन । क्षेत्रगत र विषयगत आवश्यकताको आधारमा विभिन्न निकायहरूसँग उपलब्ध स्रोत र साधन परिचालन गरी कार्ययोजनालाई कार्यान्वयन गरिनेछ ।

## १.२ नेपालमा मानव अधिकार संरक्षणसम्बन्धी व्यवस्था

मानिसको प्रत्यक्ष सम्बन्ध प्रत्येक राष्ट्रको राष्ट्रिय सिमाना अनुसार आ-आफ्नो सरकारहरूसँग हुने हुनाले मानव अधिकारहरूको कार्यान्वयन तथा संरक्षण सम्बन्धमा राष्ट्रिय कानून, संविधान र ऐनद्वारा गरिन्छ । व्यक्तिले मानव अधिकारको उपभोग कुनै न कुनै राष्ट्रको सिमानाभित्र रहेर गर्छ र निजका अधिकारको उल्लङ्घन पनि राष्ट्रको सिमानाभित्र नै हुन्छ । तसर्थ, प्रत्येक राष्ट्रले आफ्ना नागरिकको मानव अधिकारको संरक्षण र प्रवर्द्धन देशको मूल कानून संविधान र अन्य कानूनद्वारा सुनिश्चित गर्दै आएका हुन्छन् । नेपालको अन्तरिम संविधान, २०६३ ले मानव अधिकारको लागि कानूनी तथा संरचनागत पूर्वाधारहरूको व्यवस्था र मौलिक हकहरूको सुनिश्चितता गरेको छ । संविधानको धारा १२ देखि धारा ३२ सम्मका मौलिक हकहरूमा राजनीतिक एवं नागरिक हकका अतिरिक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक हकहरू पर्दछन् । यी मौलिक हकहरू संयुक्त राष्ट्रसङ्घीय महासन्धिहरूद्वारा व्यवस्था गरिएका मानव अधिकारका विषयहरूसँग सादृश्यता राख्दछन् । यस अतिरिक्त विभिन्न नेपाल ऐनहरूमा पनि नेपाली नागरिकका मानव अधिकारको संरक्षण र प्रवर्द्धनसम्बन्धी व्यवस्थाहरू गरिएको छ ।

नेपाली नागरिकका मानव अधिकारको संरक्षण र प्रवर्द्धन सम्बन्धमा मौजुदा संवैधानिक र कानूनी व्यवस्थाहरू निम्नानुसार रहेका छन्:

### १.२.१ मानव अधिकार संरक्षणसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा निम्न मौलिक हकहरू संरक्षित रहेका छन्:

१. स्वतन्त्रताको हक
२. समानताको हक
३. छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक
४. प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक
५. वातावरण तथा स्वास्थ्यसम्बन्धी हक
६. शिक्षा तथा संस्कृतिसम्बन्धी हक
७. रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक
८. सम्पत्तिको हक
९. महिलाको हक
१०. सामाजिक न्यायको हक
११. बालबालिकाको हक

१२. धर्मसम्बन्धी हक
१३. न्यायसम्बन्धी हक
१४. निवारक नजरबन्द विरुद्धको हक
१५. यातना विरुद्धको हक
१६. सूचनाको हक
१७. गोपनीयताको हक
१८. शोषण विरुद्धको हक
१९. श्रमसम्बन्धी हक
२०. देश निकाला विरुद्धको हक
२१. संवैधानिक उपचारको हक ।

उपरोक्त मौलिक हकहरूका अतिरिक्त संविधानद्वारा नेपाल सरहदभित्र फेला परेको पितृत्व र मातृत्व ठेगान नभएको प्रत्येक नाबालकले निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिकता पाउने, अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिकलाई मतदान गर्ने तथा पच्चीस वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई संविधानसभा सदस्यको उम्मेदवार समेत बन्न पाउने जस्ता हकहरू सुरक्षित गरिएको छ ।

### १.२.२ मानव अधिकार संरक्षणसम्बन्धी कानूनी व्यवस्था

संविधानले सुरक्षित गरेका हकहरूका अतिरिक्त विभिन्न ऐनहरूद्वारा नेपाली नागरिकलाई मानव अधिकारको सिर्जना, संरक्षण र प्रवर्द्धनको व्यवस्थाहरू गरिएका छन् । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ" भनी मानव अधिकारको परिभाषा गरेको छ । तसर्थ विद्यमान नेपाल कानूनहरूले सिर्जना, संरक्षण र प्रवर्द्धन गरेका केही प्रमुख अधिकारहरू देहायबमोजिम छन्:

**(१) स्वतन्त्रता र समानताको हक**

नागरिक अधिकार ऐन, २०१२ ले प्रत्येक नेपाली नागरिकको स्वतन्त्रता, धर्म, सम्पत्ति आदिको हकलाई सुनिश्चित गरेको छ । निजामती सेवा ऐन, २०४९ र सम्बन्धित ऐनहरूद्वारा निजामती, सेना, प्रहरी लगायत अन्य सरकारी एवं सार्वजनिक सेवाको पदमा नियुक्ति गर्दा योग्यताको आधारमा मात्र गरिने, लिङ्ग, भाषा, जन्म, जात, जाति, वर्ण, उत्पत्ति वा धर्म वा तीमध्ये कुनैका आधारमा भेदभाव नगरिने समानताको हक नेपाली नागरिकलाई प्रत्याभूत गरिएको छ ।

**(२) छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक**

संविधानमा मौलिक हकको रूपमा रहेको छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकलाई साकार पार्न प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गरी छुवाछुत तथा भेदभावलाई दण्डनीय बनाई व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न भेदभावजन्य कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्थासहित प्रावधानहरू समाविष्ट जातीय भेदभाव तथा छुवाछुत (कसूर तथा सजाय) ऐन, २०६८ क्रियाशील रहेको छ ।

(३) **विचार र अभिव्यक्तिको हक**

छापा पत्रकारिताको क्षेत्रमा अभिव्यक्तिको स्वतन्त्रतालाई उपभोग गर्न छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ मा व्यवस्था गरिएको छ भने श्रव्य-दृश्य माध्यमद्वारा उपभोग गरिने विचार अभिव्यक्तिको स्वतन्त्रतालाई राष्ट्रिय प्रसारण ऐन, २०४९ द्वारा सुनिश्चित गरिएको छ । यसै गरी विचार र अभिव्यक्तिको हकलाई नागरिक अधिकार ऐन, २०१२ ले पनि संरक्षण गरेको छ ।

(४) **राजनीतिमा सहभागितासम्बन्धी हक**

संविधानको धारा ६३, राजनीतिक दलसम्बन्धी ऐन, २०५८, संविधानसभा सदस्य निर्वाचन ऐन, २०७१, मतदातासम्बन्धी ऐन, २०६३ ले राजनीतिक दल खोल्ने हक, राष्ट्रिय विधायिकाको निर्वाचन हुने र सो विधायिकाले सरकार गठन तथा विघटन गर्ने कुरा, निर्वाचनमा उम्मेदवार र मतदाताको रूपमा सहभागी हुन पाउने हक सुनिश्चित गरेको छ ।

(५) **सामाजिक विकासमा सहभागिताको हक**

सङ्घसंस्था दर्ता ऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१८, समाज कल्याण परिषद् ऐन, २०४९ जस्ता कानूनहरूद्वारा नेपाली नागरिकको देशको सामाजिक विकासमा सहभागी हुन पाउने हकलाई सुरक्षित गरेको छ ।

(६) **वातावरणसम्बन्धी हक**

आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाट दिगो विकास हुन्छ भने वातावरणीय ह्रासबाट मानव जाति, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि प्रतिकूल प्रभाव पर्छ । स्वस्थ वातावरणमा जीवनयापन गर्न पाउने नैसर्गिक हकलाई वातावरण संरक्षण ऐन, २०५३, वन ऐन, २०४९, जलस्रोत ऐन, २०४९, भू तथा जलाधार संरक्षण ऐन, २०३९ जस्ता ऐनहरूद्वारा संरक्षण र प्रवर्द्धन गरिएको छ ।

(७) **शिक्षासम्बन्धी हक**

शिक्षा ऐन, २०२८ र उच्च माध्यमिक शिक्षा ऐन, २०४६ माध्यमिक शिक्षाको व्यवस्था गर्ने विषयका नेपाल कानूनहरू हुन् भने उच्च शिक्षाका सम्बन्धमा विश्वविद्यालयसम्बन्धी ऐनहरू रहेका छन् । प्राविधिक शिक्षा र व्यावसायिक तालिमका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ मा व्यवस्था गरिएको छ । शिक्षासम्बन्धी कानूनले विद्यालय, सङ्काय र विश्वविद्यालयको स्थापना र सञ्चालन, परीक्षा र उपाधि, कार्यरत शिक्षक कर्मचारीको सेवा शर्त सम्बन्धमा आवश्यक व्यवस्थाहरू गरेको छ ।

देशमा उपलब्ध स्रोत र साधनका आधारमा सरकारका विभिन्न नीति, कार्ययोजना र कार्यक्रमहरूले १० कक्षासम्मको शिक्षा (पाठ्यपुस्तकसमेत) निःशुल्क गरिसकेको छ भने अपाङ्गता भएका व्यक्तिसहित सीमान्तकृत वर्गलाई (साधारणतर्फको) उच्च शिक्षासम्म निःशुल्क र प्राविधिक शिक्षामा आरक्षणको व्यवस्था कार्यान्वयनमा रहेको छ । यसैगरी बालिकाहरू, सीमान्तकृत वर्ग र क्षेत्रका विद्यार्थीहरूका लागि विद्यालय तहसम्म विभिन्न प्रकारको छात्रवृत्ति (नगद र सामान) को व्यवस्था सरकारद्वारा भइरहेको छ । यस अतिरिक्त प्राविधिक शिक्षा र व्यावसायिक तालीमका कार्यक्रमहरू सीमान्तकृत वर्ग, महिलासहितलाई लक्षित गरी सञ्चालनमा रहेका छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ द्वारा व्यवस्था गरिएको नि:शुल्क र अनिवार्य आधारभूत तहको शिक्षाको हकलाई कानूनमा व्यवस्था गर्न विधेयक मस्यौदा तयार गर्ने गृहकार्य भइरहेको छ ।

(८) **आदिवासी/जनजातिको संस्कृति र पहिचानसम्बन्धी हक**

नेपाल ILO महासन्धि १६९ को पक्षराष्ट्र बनिसकेको छ । नेपालका आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक विकास र उत्थान एवं उनीहरूको राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी/जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अन्तर्गत प्रतिष्ठानको स्थापना र सञ्चालन भइरहेको छ ।

(९) **सीमान्तकृत वर्गको हकको संरक्षण**

सीमान्तकृत वर्ग र क्षेत्रका नेपाली नागरिकको सामाजिक, आर्थिक, साँस्कृतिक विकास र उत्थान गर्न छात्रवृत्ति ऐन, २०२१ द्वारा प्राविधिक र चिकित्सातर्फको सरकारी छात्रवृत्तिमा आरक्षण गरिनुका अतिरिक्त कार्यकारिणी आदेशद्वारा विकास समिति, आयोग, बोर्ड, परिषद् आदिको गठन भई ती निकायहरूद्वारा विभिन्न कार्यक्रमहरूको सञ्चालन गरी उनीहरूको राष्ट्रिय विकासको मूल प्रवाहमा सहभागिताको सुनिश्चितता गरिएको छ । यसका लागि राष्ट्रिय मुस्लिम आयोग, राष्ट्रिय दलित आयोग, बादी समुदाय विकास समिति, पिछडा वर्ग विकास समिति जस्ता निकायहरू स्थापना र सञ्चालनमा रहेका छन् ।

(१०) **महिलाको हक**

नेपाली महिलाको आत्मसम्मानको संरक्षण, वैवाहिक सम्बन्ध, स्वास्थ्य र प्रजनन् तथा पैतृक सम्पत्तिमा बराबरीको हकको सुनिश्चितता समेतका लागि मुलुकी ऐनमा अंशबण्डाको, लोग्नेस्वास्नीको, स्त्री अंशधनको, ज्यानसम्बन्धीको, विहावरीको महलहरूमा यथोचित व्यवस्थाहरू गरिएको छ । महिला विरुद्धको हिंसालाई अपराधको रूपमा परिभाषा गर्दै घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र मानव बेचविखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ ले महिलाको शारीरिक र मानसिक शोषणलाई दण्डनीय बनाएको छ । महिला अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय महिला आयोग ऐन, २०६३ बमोजिम स्थापित राष्ट्रिय महिला आयोग क्रियाशील छ ।

(११) **श्रम र शोषण विरूद्धको हक**

बोनस ऐन, २०३०, श्रम ऐन, २०४८ र ट्रेड युनियन ऐन, २०४९ मा कामदार र कर्मचारीको पारिश्रमिकको, सामूहिक सौदाबाजीको, बिदाको, आरामको, ट्रेड युनियन गठन तथा रोजेको ट्रेड युनियनमा सदस्य बन्न पाउने र सेवा निवृत्त पछि सामाजिक सुरक्षाको रकम पाउने अधिकारहरूको संरक्षणको व्यवस्था गरिएको छ ।
श्रम ऐन, २०४८ र बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले १६ वर्ष मुनिका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउन निषेध गरी त्यस्तो कार्य दण्डनीय गरेको छ । १६ वर्षदेखि १८ वर्षसम्मका नाबालिगलाई जोखिमपूर्ण काम (hazardous work) मा लगाउन निषेध गरेको छ ।

(१२) **बालबालिकाको हक**

नेपाल बालअधिकार महासन्धि, १९८९ को पक्षराष्ट्र रहेको छ । बालबालिकाको पहिचान र अन्य अधिकारहरू बालबालिकासम्बन्धी ऐन, २०४८ द्वारा संरक्षित छन् ।

(१३) **उपभोक्ताको हक संरक्षण**

उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राखी उपभोक्ताको हक संरक्षण प्रदान गर्न, एकाधिकार एवं अनुचित व्यापारिक क्रियाकलापद्वारा मूल्य अभिवृद्धि हुन सक्ने अवस्थालाई रोक्न र उपभोग्य वस्तु वा सेवाको उपयोगिता एवं प्रयोगसम्बन्धी झुट्टा तथा भ्रमात्मक प्रचार प्रसार हुन नदिई सुरक्षित तथा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण, निकासी, पैठारी र सञ्चयसम्बन्धी व्यवस्था गर्न, वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानबीच स्वच्छ प्रतिस्पर्धा कायम गर्न, एकाधिकार तथा नियन्त्रित व्यापारिक अभ्यासलाई नियन्त्रण गरी उत्पादित वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि गराई प्रतिस्पर्धी मूल्यमा उपभोक्ता समक्ष पुर्‍याउने काममा प्रोत्साहन गर्न तथा व्यापारिक अभ्यासमा हुन सक्ने सम्भावित अस्वच्छ प्रतिस्पर्धालाई निवारण गर्न कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, उपभोक्ता संरक्षण ऐन, २०५४, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, आवश्यक वस्तु संरक्षण ऐन, २०१२, आवश्यक सेवा सञ्चालन ऐन, २०१४, आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ र पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ लागू रहेका छन् ।

उपभोक्ताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा हुने अवाञ्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचित स्तर बनाई राख्नको निमित्त खाद्य ऐन, २०२३ को व्यवस्था गरिएको छ ।

(१४) **सामाजिक न्यायको हक**

महिला, दलित, आदिवासी/जनजाति, मधेशी, पिछडिएको क्षेत्रका बासिन्दा, अपाङ्गता भएका व्यक्तिलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्य संरचनामा सहभागी गराउन मुख्य रूपमा संविधानसभा सदस्य निर्वाचन ऐन, २०७१ मा प्रतिनिधित्वको, निजामती सेवा ऐन, २०४९, सैनिक ऐन, २०६३, प्रहरी नियमावली २०४९, शिक्षक सेवा आयोग नियमावली, २०५७ र सशस्त्र प्रहरी नियमावली, २०६० जस्ता कानूनहरूले तत्तत् सेवामा भर्नाको, छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० ले प्राविधिक शिक्षा र चिकित्सातर्फको सरकारी छात्रवृत्तिको जनसङ्ख्याको आधारमा आरक्षणको व्यवस्था गरेको छ ।

(१५) **सर्जकको हक**

सर्जकले आफूले सिर्जना गरेको रचनाको मनासिव लाभ पाउने हकलाई प्रतिलिपि अधिकारसम्बन्धी ऐन, २०५९ ले संरक्षण गरेको छ ।

(१६) **सूचनाको हक**

राज्यका कामकारवाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँच सरल र सहज हुन आवश्यक छ । संविधानप्रदत्त नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने समेतको उद्देश्यसहित सूचनाको हकसम्बन्धी ऐन, २०६४ क्रियाशील रहेको छ ।

(१७) **जेष्ठ नागरिकको हक**

जेष्ठ नागरिकको हक हितलाई अधिकारमुखी अवधारणाको आधारमा संरक्षण र प्रवर्द्धन गरी मानव अधिकार सुनिश्चित गर्न जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ लागू गरिएको छ । यो ऐनले जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, उनीहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी उनीहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने उद्देश्य लिएको छ ।

(१८) **खाद्यसम्बन्धी हक**

यस अन्तर्गत खाद्यसम्बन्धी हक, खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई राख्न सकिन्छ । यस विषयमा विशेष कानून बनिनसके पनि आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७, खाद्य ऐन, २०२३, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, उपभोक्ता संरक्षण ऐन, २०५४, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ मा उचित मूल्यमा खाद्यान्नको उपलब्धता, खाद्य पदार्थको शुद्धता, दुर्गम तथा पिछडिएको क्षेत्रका बासिन्दालाई खाद्यान्नमा सहुलियतको व्यवस्था आदि जस्ता प्रावधानहरूले नेपाली नागरिकको मानव अधिकारको प्रवर्द्धन र संरक्षण गरेको छ ।

साथै, राष्ट्रिय कृषि नीति, २०६१, आपूर्ति नीति, २०६९ जस्ता दस्तावेजहरूले दुर्गम क्षेत्रमा खाद्यान्नको सर्वसुलभता, खाद्यान्नको उचित मूल्यमा बिक्री वितरण गरिने, खाद्यान्नमा आत्मनिर्भर हुने आदिलाई सुनिश्चित गर्ने सरकारी प्रतिबद्धताको व्यवस्था गरेको छ ।

### १.२.३ मानव अधिकार संरक्षणसम्बन्धी नीतिहरु

नेपाल सरकारका मन्त्रालयहरूले आ-आफ्नो क्षेत्रहरूमा जारी गरेका निम्न नीति तथा नीति सरहका अन्य दस्तावेजहरूद्वारा मानव अधिकारको संरक्षण र प्रवर्द्धनको व्यवस्था गरिएको छः

१. राष्ट्रिय स्वास्थ्य नीति, २०४८
२. विदेशी लगानी र एकद्वार नीति, २०४९
३. राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२
४. विशेष शिक्षा नीति, २०५३
५. जलविद्युत विकास नीति, २०५८
६. ज्येष्ठ नागरिक नीति तथा कार्यनीति, २०५८
७. राष्ट्रिय सीमसार नीति, २०५९
८. विकास सहायता नीति, २०७१
९. दूरसञ्चार नीति, २०६०
१०. राष्ट्रिय कृषि नीति, २०६१
११. स्थानीय पूर्वाधार विकास नीति, २०६१
१२. विज्ञान तथा प्रविधि नीति, २०६१

१३. श्रम तथा रोजगार नीति, २०६२
१४. अनौपचारिक शिक्षा नीति, २०६३
१५. कृषि जैविक विविधता नीति, २०६३
१६. कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३
१७. अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३
१८. आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३
१९. लागूऔषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
२०. हवाई नीति, २०६३
२१. राष्ट्रिय सहरी नीति, २०६४
२२. राष्ट्रिय परमाणु नीति, २०६४
२३. पर्यटन नीति, २०६५
२४. वाणिज्य नीति, २०६५
२५. राष्ट्रिय युवा नीति, २०६६
२६. लागूऔषध नियन्त्रण राष्ट्रिय रणनीति, २०६६
२७. सूचना प्रविधि नीति, २०६७
२८. औद्योगिक नीति, २०६७
२९. राष्ट्रिय खेलकुद नीति, २०६७
३०. जलवायु परिवर्तन नीति, २०६७
३१. राष्ट्रिय आवास नीति, २०६८
३२. पंक्षी पालन नीति, २०६८
३३. आपूर्ति नीति, २०६९
३४. राष्ट्रिय सहकारी नीति, २०६९
३५. राष्ट्रिय भू उपयोग नीति, २०६९
३६. बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९
३७. सिँचाई नीति, २०७०
३८. शीतलहर तथा चिसो प्रभावित विपन्नहरूको पहिचान तथा राहत प्रदानसम्बन्धी मापदण्ड, २०६९
३९. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०
४०. लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी बेइजिङ्ग राष्ट्रिय कार्ययोजना, २०६०
४१. मानव बेचविखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८
४२. लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/०७०–२०७३/०७४)
४३. बाल हेल्प लाईन सञ्चालन कार्यविधि, २०६४
४४. बालबालिकासम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना २०६१–२०७०
४५. ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२

४६. अपाङ्गताको परिचयपत्र वितरण निर्देशिका, २०६५
४७. कर्णाली र कर्णाली वरिपरि विशेष कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६९
४८. जनसहभागितामा आधारित विकास कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६९
४९. पिछडिएको तराई मधेश विशेष कार्यक्रम (कार्यान्वयन मार्गदर्शन), २०६९
५०. प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालनसम्बन्धी मार्गदर्शन, २०६९
५१. राष्ट्रिय जल योजना, २०६२
५२. जलस्रोत रणनीति, २०५८ ।

### १.२.४ मानव अधिकार संरक्षणका लागि संस्थागत व्यवस्थाहरु

संविधान, नेपाल कानून र नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिहरूले नेपाली नागरिकलाई प्रदान गरेका मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न गरिएका संस्थागत व्यवस्थाहरू देहायबमोजिम रहेका छन्ः

**(१) अदालत**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७ मा मौलिक हक र अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएर पनि सो उपचार अपर्याप्त र प्रभावहीन देखिएको कानूनी हकको प्रचलनको लागि सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गरी हकको प्रचलन गरिपाउने प्रावधान सुनिश्चित गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा सर्वोच्च अदालतको भूमिका अग्रणी स्थानमा राखिएको छ । सबै न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने धारा १०० को व्यवस्थाले शक्ति पृथकीकरणको सिद्धान्तलाई आत्मसात् गरेको छ भने कानूनी हकहरूको प्रयोगमा हस्तक्षेप भएमा न्यायिक निरूपणका लागि पुनरावेदन अदालत र जिल्ला अदालत तथा विषयगत मुद्दाहरू हेर्न श्रम अदालत, प्रशासकीय अदालत, राजस्व न्यायाधीकरण, वैदेशिक रोजगार न्यायाधीकरण, ऋण असूली न्यायाधीकरण र विशेष अदालत जस्ता अर्धन्यायिक निकायहरूको व्यवस्था गरिएको छ ।

**(२) राष्ट्रिय मानव अधिकार आयोग**

संविधानको धारा १३१ द्वारा संवैधानिक निकायको रूपमा व्यवस्था गरिएको आयोगलाई मानव अधिकार उल्लङ्घनका विषयमा उजुरी सुन्ने, सोको अनुसन्धान गर्ने र दोषी देखिएका उपर कारवाही र पीडितलाई राहत एवं क्षतिपूर्तिका लागि सरकारसमक्ष सिफारिस गर्न पाउने जस्ता मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि व्यापक अधिकारहरू रहेका छन् ।

**(३) महान्यायाधिवक्ता**

नेपाल राज्यका महान्यायाधिवक्तालाई संविधानको धारा १३५ ले हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीसँग भेट गर्न नदिएको भन्ने विषयमा छानविन गर्न र त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार रहेको छ ।

**(४) राष्ट्रिय महिला आयोग**

राष्ट्रिय महिला आयोग ऐन, २०६३ अनुसार स्थापित यस आयोगलाई महिलाको हकको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा कार्य गर्ने अधिकार रहेको छ ।

(५) **आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अन्तर्गत स्थापित यस प्रतिष्ठानलाई आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिता सुनिश्चित गर्न विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने कार्यादेश रहेको छ ।

(६) **राष्ट्रिय दलित आयोग**

जातीय आधारमा विद्यमान आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक तथा धार्मिक, साँस्कृतिक विभेदको पूर्ण अन्त्य गरी दलित समुदायलाई मानव विकासका दृष्टिले सशक्तीकरण गर्दै राज्यका हरेक अङ्ग, तह र निकायमा समानुपातिक सहभागिता, समाजमा सम्मानपूर्ण जीवनयापनको वातावरणको विकास गर्न २०५८ साल चैत्र ६ गते राष्ट्रिय दलित आयोगको स्थापना भई कार्यरत रहेको छ ।

(७) **राष्ट्रिय मुस्लिम आयोग**

मुस्लिम समुदायको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षहरूको विकास गर्न राष्ट्रिय मुस्लिम आयोगको स्थापना र सञ्चालन गरिएको छ ।

(८) **बादी समुदाय उत्थान विकास समिति**

बादी समुदायको उत्थानको लागि नीति निर्माण तथा कार्यान्वयन, निजहरूको बसोवास तथा पुनर्स्थापना र यी उद्देश्य प्राप्तिका लागि अन्य निकायहरूसँग सहकार्य गर्ने समेतको प्रयोजनका लागि बादी समुदाय उत्थान समितिको गठन गरिएको छ ।

(९) **उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति**

उपेक्षित, उत्पीडित र दलित वर्गको आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षको विकास गर्न उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति गठन गरिएको छ ।

(१०) **पिछडिएको समुदाय उत्थान विकास समिति**

पिछडिएको समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षको विकास गर्न पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति गठन गरिएको छ ।

परिच्छेद – २

# मानव अधिकारसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना

## २.१ मानव अधिकारसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाहरुको संक्षिप्त झलक

सन् १९४८ मा जारी मानव अधिकारको विश्वव्यापी घोषणापत्रले बीस वर्ष पूरा गरेको सन्दर्भ पारी सन् १९६८ मा संयुक्त राष्ट्रसङ्घद्वारा तेहरानमा मानव अधिकारको अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरियो । मानव अधिकारका विषयमा यो नै पहिलो विश्व सम्मेलन (global conference) थियो । यो सम्मेलनको उद्देश्य मानव अधिकार विश्वव्यापी घोषणापत्र जारी भएपछि विश्वले मानव अधिकारका विषयमा हासिल गरेका प्रगतिको पुनरावलोकन र सोको प्रभावकारिताको मूल्याङ्कन गर्नु रहेको थियो । यसपछि १९९३ मा यसै विषयमा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरू, संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत निकायहरू, अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरका मानव अधिकार सङ्गठनहरू र गैरसरकारी निकायहरू समेतको सहभागिता रहेको विश्व सम्मेलन भियनामा सम्पन्न भयो । यो सम्मेलनले भियना घोषणापत्र जारी गर्नुका अतिरिक्त सबै सदस्य राष्ट्रहरूले विश्वमा मानव अधिकार संस्कृतिको विकास गर्न तथा मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि प्रत्येक सदस्य राष्ट्रले एउटा राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आह्वान गऱ्यो । यसै आह्वानलाई साकार रूप दिन नेपालले पनि आ.व. २०६१।०६२ देखि मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिहरू र प्रचलित नेपाल कानूनले प्रत्याभूत गरेका अधिकारहरू समावेश गरी राष्ट्रिय कार्ययोजना लागू गर्ने कार्यको थालनी गरेको छ ।

पहिलो कार्ययोजना आ.व. २०६१।०६२ देखि आ.व. २०६३।०६४ सम्ममा कार्यान्वयनमा रहेको थियो । तर विविध कारणले उक्त कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेकोले सरकारले सो कार्ययोजनालाई थप परिमार्जन गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा सहयोग पुऱ्याउन र मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्न आ.व. २०६४।०६५ देखि आ.व. २०६६।०६७ सम्मका लागि नयाँ दोस्रो राष्ट्रिय कार्ययोजना जारी भयो ।

उपरोक्त दुई कार्ययोजनाहरूको कार्यान्वयनको अनुभव समेतका आधारमा आ.व. २०६७।०६८ देखि आ.व. २०६९।०७० सम्मका लागि जारी गरेको त्रिवर्षीय राष्ट्रिय कार्ययोजना पनि सम्पन्न भइसकेको छ । हालसम्म लागू भएका तीनवटै राष्ट्रिय कार्ययोजनाहरूले नेपाल सरकारका मन्त्रालयहरूको कार्यक्षेत्रगत आधारमा निम्न विषयहरू पहिचान गरी सोही आधारमा क्रियाकलापहरू कार्यान्वयनमा ल्याएको थियो:

१. शिक्षा
२. स्वास्थ्य तथा जनसङ्ख्या
३. कानून, व्यवस्थापन सुधार र न्याय प्रशासन
४. आदिवासी, जनजाति र दलित
५. श्रम तथा रोजगार
६. शान्ति प्रवर्द्धन
७. संस्कृतिसम्बन्धी अधिकारको संरक्षण र प्रवर्द्धन
८. वातावरण र दिगो विकास
९. नेपाली सेनामा मानव अधिकारको संरक्षण र प्रवर्द्धन

१०. अपाङ्गता, जेष्ठ नागरिक, महिला अधिकार तथा सामाजिक न्याय, बाल अधिकार तथा विकास, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक

११. शान्ति सुरक्षा, कानून कार्यान्वयन र मानव अधिकार संरक्षण

१२. संस्थागत सुदृढीकरण ।

विगतका तीनवटै मानव अधिकार राष्ट्रिय कार्ययोजनाहरूको कार्यान्वयन पक्षको समष्टिगत उपलब्धिहरू विश्लेषण गर्दा यस अवधिमा मानव अधिकारका क्षेत्रमा केही महत्वपूर्ण प्रगतिहरू भएको छ । तीमध्ये केही उपलब्धिहरू निम्न छन् :

- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि आधारभूत संरचनाहरूको व्यवस्था गरिएको छ । जस्तै- विभिन्न आयोग तथा प्रतिष्ठानहरूको गठन- राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोग, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, बादी समुदाय उत्थान विकास समिति, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति, पिछडिएको समुदाय उत्थान विकास समिति आदि ।
- आवधिक विकास योजना तर्जुमा गर्दा मानव अधिकारका सवालहरूलाई महत्व दिइएको छ । साथै आवधिक विकास योजनामा मानव अधिकारका सवालहरू समावेश भएको ।
- सरकारका तीनवटै सुरक्षा निकायहरूमा मानव अधिकार विषय हेर्ने छुट्टै संयन्त्रहरू जस्तै : विभाग, महानिर्देशनालय, सेल तथा इकाईहरूको व्यवस्था गरिएको ।
- सुरक्षा निकायहरूका तालिम पाठ्यक्रममा मानव अधिकार विषयलाई अनिवार्य गरिएको ।
- नेपालले मानव अधिकारसम्बन्धी केही महत्वपूर्ण सन्धि तथा इच्छाधीन आलेखहरू अनुमोदन गरेको । जस्तैः बालअधिकार महासन्धिका दुईवटै इच्छाधीन आलेखलाई सन् २००६ मा अनुमोदन गरेको, आदिवासी/जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धि १६९, तथा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा सोको इच्छाधीन आलेखलाई सन् २००९ मा अनुमोदन गरेको ।
- सामाजिक विकास सूचकाङ्कहरूमा समेत महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । जस्तै : मातृ मृत्युदरमा गिरावट आएको, शिशु मृत्युदरमा गिरावट आएको, औसत आयु बढेको, शिक्षा तथा स्वास्थ्य सेवामा महिला, सीमान्तकृत वर्ग तथा समुदायहरूको पहुँच वृद्धि भएको, महिला तथा बालबालिकाको अधिकार सुनिश्चितताका लागि नीतिगत, कानूनी र संस्थागत व्यवस्थाहरू भएको, सरकारी संयन्त्रहरू क्रमशः मानव अधिकारमैत्री तथा समावेशी बन्दै गएको तथा मानव अधिकारमा आधारित पद्धति अवलम्बन थालिएको ।
- सुरक्षा निकायहरूले कानूनको अधिनमा रही विभागीय जिम्मेवारी बहन गर्ने क्रममा प्राप्त अधिकारको न्यूनतम बल प्रयोगको सिद्धान्तलाई अवलम्बन गरिएको । अन्तिम विकल्पको रुपमा बाहेक सामान्य अवस्थामा कुनै भीड, व्यक्ति वा समूहमाथि बल प्रयोग गर्दा गैरघातक उपाय वा हतियारहरूको प्रयोग बिना न्यूनतम बल प्रयोगको सिद्धान्त बमोजिम शक्ति प्रयोग गर्ने, गराउने व्यवस्था मिलाइएको ।
- मानव अधिकार उल्लङ्घन भएको विषयमा हालसम्म नेपाली सेनातर्फ १७७ जना, नेपाल प्रहरीतर्फ ६२२ जना, सशस्त्र प्रहरीतर्फ ५६ जना र निजामती सेवातर्फ १ जना गरी जम्मा ८५६ जनालाई विभागीय कारवाही भएको ।
- सबै प्रकारका द्वन्द्व पीडितका सन्तानहरूका निमित्त छात्रवृत्तिसहित विद्यालय शिक्षाको व्यवस्था गरिएको ।
- स्थानीय तहमा शान्तिको प्रवर्द्धन तथा द्वन्द्व समाधानको लागि द्वन्द्वरत पक्षहरू बीच सम्वाद, मेलमिलाप र सहजीकरण गर्ने, राहत वितरण तथा पुनर्निर्माणको काममा सहयोग, समन्वय र अनुगमन गर्ने, सङ्क्रमणकालीन

अवस्थालाई सकारात्मक सामाजिक रुपान्तरण गर्न पारस्परिक विश्वास र मेलमिलापको वातावरण बनाई स्थानीय जनताका माग, गुनासा र विवादहरू राजनीतिक एवं नागरिक तहबाट सम्बोधन गरी शान्ति निर्माणको क्रममा जिल्ला, न.पा./गा.वि.स. तहमा गठित स्थानीय शान्ति समितिहरूबाट काम भइरहेको ।

- नेपाल सरकारका तीनवटै सुरक्षा निकायहरूले मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको । सबै प्रकारको अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित मानव अधिकारका मूल्य मान्यता र सिद्धान्तहरूलाई अनिवार्यरुपमा पालना तथा लागू गर्ने गरिएको ।
- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी/जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीव, किसान र मजदुरलाई समावेशी समानुपातिक सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी गराउन संवैधानिक, नीतिगत र कानूनी संयन्त्रको व्यवस्था र विकास भइरहेको ।
- जोखिममा रहेका वर्ग र समुदायको उत्थान र संरक्षणकालागि विशेष नीति, कार्ययोजना, कार्यक्रमहरू विकास गर्ने प्रणालीको थालनी भएको ।

## २.२ वर्तमान चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाको परिकल्पना, उद्देश्य र रणनीति

### २.२.१ परिकल्पनाः

यस राष्ट्रिय कार्ययोजनाले राष्ट्रको सामाजिक, आर्थिक तथा राजनीतिक लगायत सबै क्षेत्रमा लिङ्ग, क्षेत्र, वर्ग, जाति वा उत्पत्ति वा व्यक्तिका आधारमा समावेशी प्रतिनिधित्व र स्रोतको वितरण गरी मानव अधिकारको संस्कृतिलाई सरकारी सेवा प्रवाहको अभिन्न अङ्ग बनाउनु रहेको छ ।

### २.२.२ उद्देश्यहरुः

यस कार्ययोजनाका विशेष उद्देश्यहरू देहायबमोजिम छन् :

१) मानव अधिकारप्रतिको प्रतिबद्धतालाई व्यावहारिक रूपमा सुनिश्चित गर्ने,
२) राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने,
३) मानव अधिकारलाई विकासका मुद्दाहरूसँग संरचनागत र कार्यात्मक रूपले जोड्ने, र
४) मानव अधिकार संस्कृतिको विकास गर्ने ।

### २.२.३ रणनीतिहरुः

यस राष्ट्रिय कार्ययोजनाको निम्न रणनीति हुनेछन् :

१) मानव अधिकारसम्बन्धी कानूनहरूलाई पुनरावलोकन गरी परिमार्जन र नयाँ कानूनहरूको निर्माण गर्ने,
२) मानव अधिकारको संरक्षण गर्न मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूलाई सुदृढ गर्ने,
३) मानव अधिकारलाई मुलुकको आवधिक विकास योजनासँग सम्बन्धित नीतिहरूमा संरचनात्मक र कार्यात्मक रूपमा समाहित गर्ने,
४) मानव अधिकारको सम्मान, संरक्षण र प्रोत्साहन गर्ने क्रममा विद्यमान अवरोधहरूलाई हटाई मानव अधिकार संस्कृतिको विकास गर्ने, र
५) कानून कार्यान्वयन गर्ने निकायहरूको सुधार र सुदृढीकरण गर्ने ।

## २.३ जिम्मेवार निकाय, सहयोगी निकाय र अनुगमन गर्ने निकायको भूमिका तथा कार्ययोजनाको सीमा र जोखिम पक्ष

### २.३.१ जिम्मेवार निकायको भूमिकाः

कुनै पनि कार्ययोजना बनाएर मात्र अपेक्षित सफलता प्राप्त गर्न सकिँदैन । यस्तो कार्ययोजना कार्यान्वयन हुनु पनि जरुरी हुन्छ । कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट नै त्यस्तो कार्ययोजनाको उद्देश्य हासिल गर्न सकिन्छ । यसका लागि तोकिएका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुनु अनिवार्य हुन्छ । त्यसैले कार्ययोजनामा उल्लिखित प्रत्येक क्रियाकलापको कार्यान्वयनका लागि जिम्मेवार निकायहरू तोकिने गरिन्छ । यसरी तोकिने जिम्मेवार निकायको कार्ययोजना कार्यान्वयनमा प्रमुख भूमिका रहन्छ । यस्ता निकायले आफैँले कार्य प्रारम्भ गर्नुपर्ने विषयमा आफैँले अग्रणी भूमिका निर्वाह गर्ने र अन्य सहयोगी निकायको सहयोग आवश्यक पर्ने भएमा त्यस्तो सहयोगको लागि समन्वय गरी तोकिएको कार्य तोकिएको समयमा नै सम्पन्न गर्न प्रमुख भूमिका निर्वाह गर्नुपर्ने पनि हुन्छ । प्रस्तुत कार्ययोजना तयार गर्दा कार्ययोजनामा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्न प्रमुख रूपमा जिम्मेवार हुने निकायहरू निश्चित गरी कार्ययोजना तयार गरिएको छ । त्यसरी जिम्मेवारी तोकिएका निकायले समन्वय गरी आवश्यकता अनुसार सहयोगी निकायको सहयोग समेत लिई कार्ययोजनामा उल्लिखित क्रियाकलापहरूको कार्यान्वयन गर्नुपर्नेछ । त्यसैले कार्ययोजनाले अङ्गीकार गरेको उद्देश्य हासिल गर्न कार्यान्वयन गर्ने निकायको महत्वपूर्ण भूमिका रहने गरी प्रस्तुत कार्ययोजना तयार गरिएको छ ।

जिम्मेवार निकायको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न मुख्य उत्तरदायित्व लिने ।

(ख) नीति वा कानून तर्जुमा वा परिमार्जन गर्नुपर्ने भएमा त्यसको नेतृत्व लिने ।

(ग) आवश्यक स्रोत र साधन उपलब्ध गराउने ।

(घ) दुई वा दुईभन्दा बढी निकायहरूको संलग्न रहने भएमा ती निकायहरूबीच समन्वय गर्ने ।

(ङ) कार्यान्वयनका क्रममा बाधा अड्काउ देखिएमा त्यस्तो बाधा अड्काउ फुकाउने ।

### २.३.२ सहयोगी निकायको भूमिका

प्रस्तुत कार्ययोजना तयार गर्दा कार्ययोजनामा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्न प्रमुख रूपमा जिम्मेवार हुने निकाय निश्चित गर्नुका साथै त्यस्तो निकायलाई तोकिएको क्रियाकलाप सफलतापूर्वक कार्यान्वयन गर्न सहयोगी हुन सक्ने निकायको पहिचान समेत गरिएको छ । कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरूको कार्यान्वयनका लागि प्रमुख रूपमा जिम्मेवार निकायले समन्वय गरेमा वा सहयोगको अपेक्षा गरेको अवस्थामा सहयोगी निकायले त्यस्तो जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्नमा आवश्यक सहयोग उपलव्ध गराउनुपर्नेछ । साथै कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनका लागि सहकार्य गर्नुपर्ने भनी प्रमुख जिम्मेवार निकायले अनुरोध गरेको अवस्थामा समेत सहयोगी निकायले त्यस्तो क्रियाकलाप कार्यान्वयन गर्नका लागि प्रमुख जिम्मेवार निकायसँग सहकार्य गर्नुपर्नेछ । यसरी प्रस्तुत कार्ययोजनाले सहयोगी निकायलाई पनि प्रमुख जिम्मेवार निकायको समन्वयमा रही कार्य गर्ने गरी महत्वपूर्ण जिम्मेवारी तोकिएको छ ।

सहयोगी निकायको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न जिम्मेवार निकायलाई सघाउने ।

(ख) जिम्मेवार निकायको अनुरोध अनुरूप आवश्यक स्रोत साधन र विशेषज्ञता उपलब्ध गराउने ।

(ग) सहयोगी निकायको रूपमा कार्य गर्दा जिम्मेवार निकायसमक्ष सम्बन्धित क्रियाकलापको सम्बन्धमा कुनै प्रस्ताव वा अनुरोध गर्न सक्ने ।

(घ) जिम्मेवार निकायले तोकेको अन्य कार्य गर्ने ।

### २.३.३ अनुगमन गर्ने निकायको भूमिका

अनुगमन कार्य प्रस्तुत कार्ययोजनाको महत्वपूर्ण भाग हो । कार्ययोजनामा तोकिएका क्रियाकलापहरूको नियमित अनुगमनबाट कार्यान्वयन स्थिति थाहा पाउन र कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान र त्यसको निराकरण गर्न समयमै आवश्यक पहल गर्न सजिलो हुन्छ । साथै कार्ययोजना समयमै कार्यान्वयन हुन सके नसकेको पनि अनुगमनबाट स्पष्ट हुन्छ । नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून र मानव अधिकार महाशाखाले राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालय, निकाय, स्थानीय निकाय र गैरसरकारी संस्थाको संलग्नतामा कार्ययोजनाको कार्यान्वयन पक्षको अनुगमन गर्नेछ । संवैधानिक अङ्गका रुपमा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले यो कार्ययोजनाको कार्यान्वयन अवस्थाको स्वतन्त्र रुपमा अनुगमन गर्नेछ । यसैगरी मानव अधिकारसँग सम्बन्धित अन्य राष्ट्रिय निकाय/संस्थाहरूले पनि कार्ययोजनाको कार्यान्वयन पक्षको अनुगमनमा सहयोगी भूमिका खेल्नेछन् । कार्ययोजनामा तोकिएका क्रियाकलापहरूको नियमित र आकस्मिक अनुगमनबाट क्रियाकलापको समयमै कार्यान्वयनको सुनिश्चितता‍लाई बल मिल्दछ । त्यसैगरी यस्तो अनुगमनबाट भएको प्रगतिको मूल्याङ्कन गर्न र क्रियाकलापको कार्यान्वयनको लागि प्राप्त स्रोत र साधनको उपलव्धताको जाँच गर्न पनि सघाउ पुग्दछ । अनुगमन गर्ने निकायले क्रियाकलाप कार्यान्वयन स्थिति, कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान, ती समस्याको निराकरण गर्न अवलम्बन गरिनुपर्ने उपाय, क्रियाकलाप कार्यान्वयन गर्न लागेको समय, हासिल भएको प्रगति, क्रियाकलापको कार्यान्वयनको लागि प्राप्त स्रोत तथा साधनको उपलव्धता आदिको बारेमा जाँच गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी प्राप्त हुने निर्देशन कार्यान्वयनका लागि प्रमुख जिम्मेवार निकाय तथा सहयोगी निकायमा पठाइनेछ । प्रमुख जिम्मेवार निकाय तथा सहयोगी निकायले त्यस्तो निर्देशन कार्यान्वयन गर्नुका साथै निर्देशन पालनाका लागि आवश्यकता अनुसार अन्य उपाय अवलम्बन गर्न सक्नेछन् ।

### २.३.४ कार्ययोजनाको सीमा

मूलरूपमा प्रस्तुत नेपाली नागरिकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको कार्यान्वयनको लागि तयार गरिएको हो । साथै, कार्ययोजनमा वातावरण, विकास, मातृभाषामा शिक्षा जस्ता समुदायका अधिकारको सुनिश्चित गर्ने क्रियाकलापहरू पनि रहेका छन् । प्रस्तुत कार्ययोजना तयार गर्दा नेपालको स्रोत र साधनको उपलव्धता, मौजुदा कानूनी व्यवस्था, मानव अधिकारसम्बन्धी संवैधानिक व्यवस्था, नीति, रणनीति र मानव अधिकारसम्बन्धी क्षेत्रगत कार्ययोजनाहरू समेतका कुराहरूलाई विचार गरिएको छ । मानव अधिकारको संरक्षणका लागि विषयगत एवं क्षेत्रगत आधारमा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूले विभिन्न कार्ययोजनाहरू तयार पारी कार्यान्वयनमा ल्याएका छन् । उदाहरणका लागि लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणको सम्बन्धमा लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९, मानव बेचविखन नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६९, बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६९, जेष्ठ नागरिकसम्बन्धी राष्ट्रिय कार्ययोजना,

२०६८ जस्ता कार्ययोजनाहरू रहेका छन् । त्यसैले प्रस्तुत कार्ययोजनाले मानव अधिकारका सबै विषयहरू समेट्ने लक्ष्य राखेको छैन । तसर्थ, प्रस्तुत कार्ययोजनालाई अन्य कार्ययोजनाहरूको परिपूरकका रुपमा हेर्नुपर्छ ।

### २.३.५ कार्ययोजनाको जोखिम पक्ष

प्रस्तुत कार्ययोजना मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय महासन्धिहरू र संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको कार्यान्वयनको लागि नेपाल राज्यको तर्फबाट व्यक्त प्रतिबद्धता हो । कार्ययोजनाका उद्देश्यहरू एवं तिनको आधारमा निर्धारित क्रियाकलापहरूलाई व्यवहारमा प्रभावकारी रूपले उतार्न आवश्यक स्रोत, साधन र जनशक्तिको आवश्यकता हुन्छ । यो कार्ययोजना कार्यान्वयन गर्न आवश्यक पर्ने कानूनी, नीतिगत एवं संस्थागत व्यवस्था गर्न उपलव्ध स्रोत र साधनको परिचालन गरिनेछ । तथापि, मुलुकको विद्यमान आर्थिक स्थिति एवं स्रोत, साधन र जनशक्तिको सीमितताले यसको कार्यान्वयनमा पनि सीमितता रहन्छ । यसैगरी, मुलुकको राजनीतिक स्थिरता तथा राजनीतिक दलहरूको मानव अधिकारप्रतिको प्रतिबद्धताले पनि प्रस्तुत कार्ययोजनाको सफल कार्यान्वयनमा प्रभाव पर्ने तथ्यलाई अस्वीकार गर्न भने सकिँदैन ।

परिच्छेद – ३

# कार्ययोजनामा समेटिएका विषयहरू

## ३.१ मानव अधिकार राष्ट्रिय कार्ययोजनाद्वारा समेटिएका विषयहरु

विगतका राष्ट्रिय कार्ययोजनाहरूमा नेपाल सरकारका मन्त्रालयहरूको कार्यक्षेत्रका आधारमा कार्ययोजनाको विषयहरूको पहिचान गरिँदै आएकोमा प्रस्तुत कार्ययोजनामा विषयगत आधार (thematic area) मा कार्ययोजना प्रस्ताव गरिएको छ । प्रस्तुत कार्ययोजनाको कार्यान्वयनको जिम्मेवारी सम्बन्धित मन्त्रालयकै हुने र सो कार्यान्वयन प्रयोजनका लागि छुट्टै बजेट तथा जनशक्ति आवश्यक नभई मन्त्रालयको मूल कार्ययोजना र कार्यक्रमहरू कार्यान्वयनको सिलसिलामा मानव अधिकारको विषय सबै विषयसँग अन्तर्सम्बन्धित (Cross-Cutting) हुने भएकोले मानव अधिकारको विषयलाई आफ्नो मूल कार्ययोजना र कार्यक्रमसँग कार्यात्मक र संरचनात्मक रूपमा समाहित गर्दै लैजानु पर्नेछ । किनभने नेपाल सरकारले मानव अधिकारको संरक्षण र प्रवर्द्धनलाई संस्कृतिको रूपमा विकास गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिसकेको छ । यस सन्दर्भमा मानव अधिकार राष्ट्रिय कार्ययोजनाले मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि आवश्यक समन्वय र सहभागिता अभिवृद्धि गर्ने उद्देश्यसहित देहायका अठार वटा विषयको पहिचान गरेको छः

१. शिक्षा
२. स्वास्थ्य, पोषण तथा जनसङ्ख्या
३. श्रम तथा रोजगार
४. संस्कृति
५. कानूनी सुधार र न्याय प्रशासन (कानूनको निर्माण र सुधार तथा अदालत)
६. वातावरण र दिगो विकास
७. महिला, अपाङ्गता, जेष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक
   (क) महिला
   (ख) अपाङ्गता भएका व्यक्ति
   (ग) जेष्ठ नागरिक
   (घ) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक
८. नेपालको अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयन
९. खाद्य सुरक्षा (खाद्य सम्प्रभुता)
१०. संक्रमणकालीन न्याय र द्वन्द्वपीडित
११. मानव अधिकार शिक्षा
१२. समावेशी विकास
   (क) आदिवासी/जनजाति तथा सीमान्तकृत वर्ग
   (ख) दलित

(ग) पिछडिएको वर्ग/क्षेत्र

(घ) बादी

१३. बालबालिका (बालबालिकाको अधिकार संरक्षण, विकास र बाल न्याय)

१४. आवास (सहरी विकास र आवास)

१५. सामाजिक सेवा र सुरक्षा (खानेपानी, बिजुली, सरसफाई, ढल निकास, प्राकृतिक स्रोत साधनको प्रयोग, सहकारी, गरिबी, खेलकुद, सडक प्रयोग आदि)

१६. सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन

१७. हिरासत तथा कारागार सुधार

१८. संस्थागत सुदृढीकरण ।

## ३.१.१ शिक्षा

| क्र. सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय साक्षरता अभियानलाई 'साक्षर नेपाल अभियान' नामक नयाँ लक्ष्य र संयन्त्रका साथ निरक्षरता उन्मूलनका लागि विशेष कार्यक्रम कार्यान्वयन गर्ने । | ■ प्रौढ निरक्षारहरूलाई साक्षरता र सीप सिकाउने ।<br>■ सीप सिकेका विशेषत: महिलाहरूलाई आयआर्जनका काममा लाग्न प्रोत्साहन तथा सहयोग गर्ने । | शिक्षा मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय गैरसरकारी संस्थाहरू सामुदायिक सङ्घसंस्थाहरू | निरन्तर | ■ साक्षरता कार्यक्रममा सहभागी निरक्षर प्रौढहरूको सङ्ख्या र अनुपात ।<br>■ साक्षरोत्तर र सीपमूलक तालिम कार्यक्रमहरूमा सहभागी लक्षितको सङ्ख्या र अनुपात ।<br>■ आयआर्जनमा लागेका प्रौढ साक्षरहरूको सङ्ख्या तथा अनुपात । |
| २ | गुणस्तरीय माध्यमिक शिक्षा (कक्षा ९-१२) को अवसर विस्तार गर्दै नि:शुल्क माध्यमिक शिक्षाको पहुँच स्थापित गर्ने । | ■ लक्षित वर्गमा नि:शुल्क माध्यमिक शिक्षा (कक्षा ९-१२) को पहुँच विस्तार गर्ने ।<br>■ एकीकृत माध्यमिक शिक्षाका लागि संस्थागत संयन्त्रको कानूनी व्यवस्था गर्ने ।<br>■ वैकल्पिक शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>■ सिकाइमा कम्प्युटरको प्रयोग विस्तार गर्ने ।<br>■ गुणस्तरीय शिक्षाका लागि विद्यालय तहसम्म इन्टरनेटको विस्तार गर्ने ।<br>■ राउटे, बादी समुदाय र सुकुम्बासी तथा घुमन्ते समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउने । | शिक्षा मन्त्रालय विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय गैरसरकारी संस्थाहरू सामुदायिक सङ्घसंस्थाहरू | यथाशीघ्र | ■ एकीकृत माध्यमिक शिक्षा कार्यक्रम सञ्चालन गरिएका विद्यालय र जिल्लाहरूको सङ्ख्या ।<br>■ माध्यमिक तहमा भर्ना भई छात्रवृत्ति पाएका (लक्षित समूहका) विद्यार्थीहरूको सङ्ख्या र अनुपात ।<br>■ सिकाइको माध्यमको रूपमा इन्टरनेट प्रयोग भएको विद्यालयको सङ्ख्या ।<br>■ एकीकृत माध्यमिक शिक्षा र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानूनी व्यवस्था भएको हुने । |
| ३ | माध्यमिक तहको शिक्षादेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर सिर्जना गर्नुका साथै बजारमुखी छोटो अवधिको सीपमूलक तालिम सञ्चालन गरी युवाहरूमा स्वरोजगारीको अवसर सिर्जना गर्ने । | ■ माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा समावेश गर्ने ।<br>■ रोजगारमूलक शिक्षालाई शिक्षाकै महत्वपूर्ण अङ्गका रूपमा विकास गर्ने ।<br>■ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र समग्र कार्यक्रमको संरचनामा पुनरावलोकन गर्ने । | शिक्षा मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | निरन्तर | ■ १०० ओटा माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा परीक्षणका लागि सञ्चालन हुने ।<br>■ अनुगमनका लागि शैक्षिक परीक्षण केन्द्रद्वारा प्रस्ताव गरेका सूचकहरू । |
| ४ | उच्च शिक्षामा अवसरको वृद्धि गरी समन्यायिक पहुँचका लागि नीतिगत व्यवस्था गर्ने । | ■ उच्च शिक्षा नीति तर्जुमा गर्ने ।<br>■ उच्च शिक्षामा छात्राहरूलाई प्रोत्साहन गर्ने । | शिक्षा मन्त्रालय विश्वविद्यालय अनुदान आयोग | समुदायहरू | निरन्तर | ■ उच्च शिक्षा नीति जारी भएको हुने ।<br>■ विश्वविद्यालय छाता ऐन जारी भएको हुने ।<br>■ उच्च माध्यमिक तहमा भर्ना भई छात्रवृत्ति पाएका लक्षित समूह (छात्रा)को सङ्ख्या र अनुपात । |

| क्र. सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ५ | शिक्षामा सुशासन कायम गरी जीवनोपयोगी र गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने । | ■ समुदायद्वारा विद्यालय व्यवस्थापन गर्ने कार्यलाई थप सुदृढीकरण गर्ने ।<br>■ विद्यालयहरूमा भौतिक पूर्वाधार विकास गर्ने ।<br>■ तालिम कार्यक्रमलाई लैङ्गिक मैत्री बनाउने ।<br>■ न्यूनतम सिकाइ वातावरण र गुणस्तरको मापदण्ड लागू गर्ने ।<br>■ अनुगमन संयन्त्र थप प्रभावकारी बनाउने ।<br>■ सामाजिक परीक्षण तथा लेखापरीक्षणलाई अनिवार्य गर्ने । | शिक्षा मन्त्रालय | शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षाका सबै निकायहरू | निरन्तर | ■ मानव अधिकार, लैङ्गिक र साँस्कृतिक संवेदनशीलताका विषयमा तालिम पाएका शिक्षकहरूको सङ्ख्या र अनुपात ।<br>■ नयाँ कक्षाकोठा निर्माण र मर्मत सङ्ख्या वा भौतिक संरचना सुधारिएका विद्यालयहरूको अनुपात ।<br>■ समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरूको सङ्ख्या र अनुपात ।<br>■ अनुगमनका लागि पहिचान गरी प्रयोग गरिएका स्तरीय तथा गुणस्तरयुक्त सूचकहरू ।<br>■ योजनाबद्धरूपमा अनुगमन गरिएका शिक्षासम्बन्धी सरकारी कार्यक्रमहरूको अनुपात । |
| ६ | विपन्न, सीमान्तकृत र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने । | ■ छात्रवृत्ति वितरण गर्ने ।<br>■ खुला विद्यालय सञ्चालन गर्ने ।<br>■ अपाङ्ग मैत्री विद्यालय भवन निर्माण तथा समावेशी सिकाइको व्यवस्था । | शिक्षा मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सहकारी तथा गरिबी निवारण मन्त्रालय | निरन्तर | ■ विद्यालय भर्नाको प्रतिशत हालको ९५.३ बाट वृद्धि भएर शतप्रतिशत वा सोको नजिक भएको हुने ।<br>■ खुला विद्यालय तथा भर्ना भएका विद्यार्थी सङ्ख्या ।<br>■ अपाङ्ग मैत्री विद्यालयहरूको सङ्ख्या । |
| ७ | किशोरीहरूलाई यौन, प्रजनन् र यौन दुर्व्यवहारसम्बन्धी परामर्श उपलब्ध गराउने । | ■ विद्यालयमा शिक्षिकाद्वारा कक्षा ९–१२ का छात्राहरूलाई यौन, प्रजनन् र यौन दुर्व्यवहारसम्बन्धी परामर्श उपलब्ध गराउने ।<br>■ किशोरीहरूलाई यौन, प्रजनन् र यौन दुर्व्यवहारसम्बन्धी परामर्श उपलब्ध गराउने ।<br>■ छात्रा तथा किशोरीहरूलाई शिक्षक वा अन्यद्वारा हुन सक्ने यौन दुर्व्यवहारका विरुद्ध सरल र सहज तरीकाबाट उजुरी दिने कानूनी र संस्थागत व्यवस्था गर्ने । | शिक्षा मन्त्रालय महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय राष्ट्रिय महिला आयोग | निरन्तर | ■ किशोरीहरूलाई यौन, प्रजनन् र यौन दुर्व्यवहारसम्बन्धी ज्ञान भई यौन दुर्व्यवहार भएमा उजुरी गर्ने संयन्त्र र दोषीलाई सजायको व्यवस्था भएको हुने । |

### ३.१.२ स्वास्थ्य, पोषण तथा जनसङ्ख्या

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | अत्यावश्यकीय स्वास्थ्य सेवा उपलब्ध गराउने । | ■ ग्रामीणस्तरमा थप प्राथमिक स्वास्थ्य उपचार केन्द्रहरू स्थापना गर्ने ।<br>■ स्वास्थ्य उपचार केन्द्रहरूलाई साधन सम्पन्न तुल्याई सुदृढ बनाउने ।<br>■ समुदायस्तरसम्म आधारभूत तथा प्राथमिक स्वास्थ्य सेवाको विस्तार गर्ने ।<br>■ नि:शुल्क प्रसूति सेवा विस्तार गर्ने ।<br>■ सेवाको पहुँच बढाउन दुर्गम र पिछडिएको क्षेत्रमा कर्मचारी र भौतिक स्रोत साधनको सुनिश्चितता गर्ने ।<br>■ नर्सिङ्ग होम, निजी र सामुदायिक अस्पताल सञ्चालनसम्बन्धी मापदण्ड लागू गर्ने ।<br>■ स्वास्थ्य सेवा बीमा कार्यक्रम सञ्चालन गर्ने ।<br>■ नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रम विस्तार एवं सुदृढीकरण गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय निकाय र गैरसरकारी सङ्घसंस्थाहरू | यथाशीघ्र | ■ स्थापना तथा स्तरोन्नति भएका संस्थाको सङ्ख्या ।<br>■ नि:शुल्क स्वास्थ्य सेवा प्राप्त गर्नेको सङ्ख्या र अनुपात । |
| २ | प्रजनन् स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने । | ■ विद्युतीय सञ्चार एवं छापा माध्यमबाट प्रजनन् स्वास्थ्य बारे कार्यक्रम सूचना सम्प्रेषण गर्ने ।<br>■ समुदाय तथा विद्यालयहरूमा स्वास्थ्य चेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>■ स्थायी तथा अस्थायी परिवार नियोजन साधनहरू पर्याप्त मात्रामा उपलब्ध गराउने ।<br>■ आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>■ आङ खस्ने रोगको नि:शुल्क शल्यक्रिया र उपचार गर्ने ।<br>■ आङ खस्ने रोग हुन नदिन निरोधात्मक उपायहरू अवलम्बन गर्ने ।<br>■ 'सुरक्षित मातृत्व, महिला अधिकार' का रूपमा सुरक्षित गर्भपतन सेवाको पहुँचमा वृद्धि गर्ने ।<br>■ सन्तानको सङ्ख्या निर्धारण गर्ने निर्णयमा महिलाको संलग्नता । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय निकाय, गैरसरकारी सङ्घसंस्था र समुदायहरू | निरन्तर | ■ सेवा प्रदायक र सेवाग्राहीको अनुपात ।<br>■ परिवार नियोजनका साधन प्रयोगकर्ता ७१ प्रतिशत पुग्ने । |
| ३ | प्रतिरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र पुन:स्थापनामूलक सेवालाई प्राथमिक सेवाको रूपमा सञ्चालन गर्ने । | ■ राजमार्ग नजिक आपत्कालीन स्वास्थ्य सेवा विस्तार गर्ने ।<br>■ प्रवर्द्धनात्मक र प्रतिरोधात्मक स्वास्थ्य कार्यक्रमहरूलाई विद्यालयसम्म विस्तार गर्ने ।<br>■ आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा ध्यान, होमियोप्याथी, युनानी, अकुपञ्चर र आम्ची सेवाको एकीकृत विकास र विस्तार गर्ने ।<br>■ जडिबुटी खेती विकास र विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | निरन्तर | ■ शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर र आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने जनसङ्ख्याको प्रतिशत । |
| ४ | अतिआवश्यक बाल तथा मातृ स्वास्थ्य सेवामा सुधार ल्याउने । | ■ सबै प्रकारका खोप कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्ने ।<br>■ समुदायमा आधारित एकीकृत बालरोग व्यवस्थापन प्रणाली सञ्चालन गर्ने ।<br>■ झाडापखाला तथा श्वास-प्रश्वास रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने ।<br>■ मातृ तथा बाल पोषण कार्यक्रमहरू सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय निकाय, गैरसरकारी सङ्घसंस्था, दातृ निकायहरू र समुदायहरू | निरन्तर | ■ क्षेत्र र खोपको प्रतिशत ।<br>■ कडा रोग लागी उपचार प्राप्त गरेका र उपचार नपाई मृत्यु भएको सङ्ख्या । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ५ | सरुवा रोगको नियन्त्रण, रोकथाम तथा उन्मूलन गर्ने । | ■ मलेरिया, कालाज्वरो, जापानी इन्सेफ्लाईटिस, क्षयरोग, कुष्ठरोग, हात्तीपाइले, डेँगु, हेपाटाइटिस एवं एच.आई.भी. एड्सको रोकथाम, नियन्त्रण एवं उन्मूलनका लागि कार्यक्रमको सञ्चालन गर्ने ।<br>■ सर्पदंश एवं रेबिज रोगको उपचार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय निकाय, गैरसरकारी सङ्घसंस्था, दातृ निकायहरू र समुदायहरू | निरन्तर | ■ रोकथामको लागि आवश्यक संसाधनको व्यवस्थापनको स्थिति<br>■ उपचार गरेको बिरामीहरूको सङ्ख्या । |
| ६ | नसर्ने खालका रोगको नियन्त्रण गर्ने । | ■ समुदायमा आधारित मानसिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन ।<br>■ स्थानीय निकाय र गैरसरकारी क्षेत्रको सहयोगमा प्रवर्द्धनात्मक कार्य सञ्चालन ।<br>■ अर्बुद रोग, मधुमेह, मृगौला, मुटुसम्बन्धी रोग नियन्त्रण तथा रोकथामका लागि सचेतना । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय निकाय, गैरसरकारी सङ्घसंस्था, दातृ निकायहरू र समुदायहरू | निरन्तर | ■ नसर्ने रोग र रोगीको सङ्ख्या<br>■ स्वास्थ्य संस्था र त्यसको उपचार क्षमताको आँकलन । |
| ७ | मुखको स्वास्थ्य (Oral Health) प्रवर्द्धन गर्ने । | ■ मुख स्वास्थ्यसम्बन्धी उपचारात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रममार्फत् विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने ।<br>■ दन्त सेवासम्बन्धी नीति तयार ।<br>■ सरकारी एवं निजी स्वास्थ्य संस्थामार्फत् मुख स्वास्थ्य उपचार एवं प्रवर्द्धन । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | दातृ निकाय स्थानीय निकाय गैरसरकारी संस्थाहरू अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | निरन्तर | ■ सरकारी अस्पताल र स्वास्थ्य संस्थामा उपचार गराउनेको सङ्ख्या र अनुपात ।<br>■ मुखको स्वास्थ्य समस्या भएका जनसङ्ख्याको अनुपात । |
| ८ | आँखा उपचार र हेरचाह गर्ने । | ■ आँखाको हेरचाहसम्बन्धी उपचारात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन ।<br>■ जिल्ला तहमा (अस्पताल) आँखा रोगको विशेषज्ञ सेवा विस्तार । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | गैरसरकारी सङ्घसंस्था दातृ निकाय | निरन्तर | ■ आँखा रोग लागेको जनसङ्ख्याको अनुपात ।<br>■ उपचार प्राप्त गरेका बिरामीहरूको सङ्ख्या र अनुपात । |
| ९ | अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरूको स्वास्थ्य संरक्षण गर्ने । | ■ अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरूको पहिचान तथा उपचार एवं पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।<br>■ अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरूको अधिकारका लागि चेतना अभिवृद्धि गर्ने ।<br>■ Geriatric ward को स्थापना गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | दातृ निकाय, स्थानीय निकाय, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, स्वास्थ्य स्वयंसेविका | निरन्तर | ■ अपाङ्गता भएका व्यक्तिहरूको लागि सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको सङ्ख्या र त्यस्ता कार्यक्रमहरूबाट लाभान्वितहरूको सङ्ख्या । |
| १० | वातावरणीय स्वास्थ्य संरक्षण तथा प्रवर्द्धन गर्ने । | ■ पानी तथा सरसफाइजन्य संक्रामक रोगहरू लाग्न नदिने ।<br>■ चेतनामूलक कार्यक्रम सञ्चालन ।<br>■ अस्पतालजन्य फोहोर व्यवस्थापन । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, निजी स्वास्थ्य संस्था | निरन्तर | ■ उचित सरसफाइमा पहुँच विस्तार गरिएका लक्षित जनसङ्ख्याको अनुपात (सहस्राब्दी विकास लक्ष सूचक) |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ११ | नेपालको जनसङ्ख्या नीतिलाई गरिबी निवारण गर्ने लक्ष्यसँग आबद्ध गर्ने । | ▪ जनसङ्ख्या नीति तथा कार्ययोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | विषयगत मन्त्रालयहरू, केन्द्रीय तथ्याङ्क विभाग | निरन्तर | ▪ क्षेत्रगत कार्यक्रमहरूमा जनसङ्ख्या नीतिको समावेश । |
| १२ | लैङ्गिक मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरण (GESI) लाई अगाडि बढाउने । | ▪ GESI रणनीति तय ।<br>▪ GESI कार्यक्रम तर्जुमा गरी लागू । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | दातृ निकाय, स्थानीय निकाय | निरन्तर | ▪ लैङ्गिक मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरणको लागि खास रणनीति र कार्यक्रमको तर्जुमा । |
| १३ | उच्च जोखिममा परेका नागरिकको पोषणमा सुधार ल्याउन बहुक्षेत्रीय पोषणको कार्यक्रम सञ्चालन गरी पोषणको अवस्थामा सुधार गर्ने । | ▪ अस्पतालहरूमा पोषण पुन:स्थापना केन्द्र स्थापना ।<br>▪ बहुक्षेत्रीय पोषण योजना ।<br>▪ पोषणसम्बन्धी आमनागरिकको व्यवहार परिवर्तनसम्बन्धी ।<br>▪ पोषणमा अनुसन्धान प्रणालीको विकास र विस्तार । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | निरन्तर | ▪ आमनागरिकको पोषणप्रति अभिरुचि वृद्धि भई बाल मृत्युदर तथा मातृ मृत्युदरमा कमी र रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि भएको हुने । |

## ३.१.३ श्रम तथा रोजगार

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष र सीपयुक्त मानव संसाधनको विकास गरी मर्यादित रोजगारीका अवसरहरू प्रदान गर्ने । | ■ भावी श्रम बजारको प्रक्षेपणका आधारमा सीपमूलक तथा व्यावसायिक तालिमका अवसरहरू वृद्धि गर्ने ।<br>■ गरिबीको रेखामुनिका जनताहरूको लागि विशेष सीपमूलक तालिम प्रदान गर्ने ।<br>■ रोजगार सूचना केन्द्रहरूलाई सुदृढीकरण गरी एकीकृत रोजगार विनिमय केन्द्रको रूपमा विकास गर्ने ।<br>■ रोजगारी सिर्जना गर्ने संस्थाहरूसँग समन्वय र सहकार्य गरी रोजगार तथा स्वरोजगार वृद्धि गर्न प्रयास गर्ने ।<br>■ उद्यमशीलता विकास गर्ने ।<br>■ वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको सीप र क्षमतालाई स्वदेशी श्रम बजार एवं स्वरोजगारका क्रियाकलापमा प्रयोग गर्ने ।<br>■ परम्परागत पेशा, व्यवसाय र प्रविधिको संरक्षण गर्ने र उक्त पेशा, व्यवसाय र प्रविधिको प्रयोगको लागि सीपमूलक तालिम र टेवा प्रदान । | श्रम तथा रोजगार मन्त्रालय | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र (CTEVT)<br>घरेलु तथा साना उद्योग विभाग<br>घरेलु उद्योग विकास समिति | आ.व. २०७१/७२ देखि निरन्तर | ■ सीपयुक्त जनशक्तिको विकास भई सो अनुसारको जनशक्तिको तयारी भएको हुने ।<br>■ बेरोजगारको सङ्ख्या कम भएको हुने ।<br>■ स्थानीय प्रविधि र सीपबाट पनि रोजगारीको सिर्जना भएको हुने । |
| २ | सामाजिक सुरक्षाको व्यवस्था गर्ने । | ■ योगदानमा आधारित (Contributory) सामाजिक सुरक्षा ।<br>■ सामाजिक सुरक्षासम्बन्धी ऐन कार्यान्वयनमा ल्याउने ।<br>■ सामाजिक सुरक्षासम्बन्धी योजनाहरूको सञ्चालनको तयारी । | श्रम तथा रोजगार मन्त्रालय<br>सामाजिक सुरक्षा कोषको सचिवालय | उद्योग मन्त्रालय<br>उद्योग वाणिज्य सङ्घहरू<br>ट्रेड युनियनहरू | तीन वर्षभित्र | ■ औपचारिक क्षेत्रमा कार्यरत श्रमिकको सामाजिक सुरक्षा भएको हुने । |
| ३ | सुमधुर औद्योगिक सम्बन्धको स्थापना र विकास गरी लगानीमैत्री वातावरणकोसिर्जनाबाट रोजगारीका अवसरहरू अभिवृद्धि गर्ने । | ■ प्रतिष्ठानको कार्यस्थलको वातावरण सुधार गर्ने ।<br>■ सुमधुर श्रम सम्बन्धको विकास गरी स्वास्थ्य, सुरक्षित र मर्यादित कार्य वातावरणको सिर्जना गर्ने ।<br>■ श्रमिकहरूको अधिकार संरक्षण तथा श्रम विवाद समाधान गर्न अधिकार सम्पन्न निकायको गठन गर्ने ।<br>■ असङ्गठित क्षेत्रका श्रमिकहरूको हक अधिकार संरक्षण कार्यक्रम ।<br>■ श्रम निरीक्षणलाई प्रभावकारी बनाउने कार्यक्रम ।<br>■ श्रम प्रशासनलाई चुस्त दुरुस्त बनाउने कार्यक्रम ।<br>■ श्रम कार्यालयहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>■ प्रतिष्ठानको कार्यस्थल वातावरण सुधार गर्न अध्ययन कार्यक्रम ।<br>■ व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा (OSH) को मापदण्डहरू निर्धारण गरी लागू गर्ने कार्यक्रम ।<br>■ व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा नीति निर्माण गर्ने । | श्रम तथा रोजगार मन्त्रालय | उद्योग मन्त्रालय,<br>श्रम विभाग<br>ट्रेड युनियनहरू<br>उद्योग वाणिज्य सङ्घहरू<br>अन्तर्राष्ट्रिय श्रम सङ्गठन | निरन्तर | ■ श्रम विवादको समाधान भई बन्द हड्ताल नभएको हुने ।<br>■ कार्यस्थलमा दुर्घटना नभएको वा न्यूनीकरण भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ४ | वैदेशिक रोजगारका जोखिमलाई कम गरी गरिबी निवारणमा यस क्षेत्रको योगदान वृद्धि गर्ने । | ▪ वैदेशिक रोजगारको संस्थागत संरचनालाई विकेन्द्रित गर्ने, समावेशी तथा विपन्नमुखी बनाउने ।<br>▪ रोजगारीका अवसर भएका थप मुलुकहरूसँग श्रम सम्झौता गर्ने तथा थप श्रम सहचारीको व्यवस्था गर्ने ।<br>▪ Remittance को सहज आगमन र उत्पादनशील उपयोग ।<br>▪ वैदेशिक रोजगारमा जानेहरूको लागि अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउने ।<br>▪ अनधीकृत रूपमा वैदेशिक रोजगारमा जाने कामदारहरूलाई निरुत्साहित गर्न सरोकारवाला निकायहरूबीच समन्वय संरचना निर्माण गर्ने ।<br>▪ वैदेशिक रोजगारमा पठाउने देशबीच हुने अस्वस्थ प्रतिस्पर्धालाई कम गर्न Colombo Process सम्बन्धी कार्यक्रमहरूलाई प्रोत्साहित गर्ने ।<br>▪ वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित बनाउन जनचेतनामूलक कार्यक्रमलाई व्यापक बनाउने ।<br>▪ वैदेशिक रोजगारसम्बन्धी ऐन नियम परिमार्जन ।<br>▪ अनुगमन प्रणाली सुदृढीकरण कार्यक्रम । | श्रम तथा रोजगार मन्त्रालय | अर्थ मन्त्रालय<br>वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>परराष्ट्र मन्त्रालय<br>नेपाली राजदूतावासहरू<br>वैदेशिक रोजगार विभाग | निरन्तर | ▪ वैदेशिक रोजगार मर्यादित भएको हुने । |
| ५ | वैदेशिक रोजगारीमा गएका कामदारको अभिलेख प्रणाली र उद्धार कार्यको दायरा फराकिलो तुल्याउने । | ▪ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित तुल्याउने ।<br>▪ सम्बन्धित सरकारी निकायहरू र सरोकारवालाहरूसँग नियमित अन्तर्क्रिया ।<br>▪ विप्रेषणलाई बढावा दिन गन्तव्य मुलुकमा नेपाली कामदारको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन ।<br>▪ विदेशमा अलपत्र परेका, मृत्यु भएका र अङ्गभङ्ग भएका नेपाली कामदारहरूको उद्धार र सहायता तथा ठगिएकालाई क्षतिपूर्तिको सुनिश्चितता । | परराष्ट्र मन्त्रालय<br>श्रम तथा रोजगार मन्त्रालय | गृह मन्त्रालय<br>वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड<br>नेपाली दूतावासहरू<br>अन्तर्राष्ट्रिय श्रम सङ्गठन | निरन्तर | ▪ अभिलेखका लागि Software निर्माण भई प्रयोगमा आउने ।<br>▪ उद्धार कार्यमा समन्वयको दायरा फराकिलो हुने । |
| ६ | वैदेशिक रोजगारीमा गएका कामदारको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने । | ▪ वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई निजका अधिकारका सम्बन्धमा तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन ।<br>▪ जोखिममा परेका वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको उद्धार, स्वदेश फिर्ती तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन ।<br>▪ वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई रोजगारीमा जानुपूर्व गरिएअनुसारको रोजगारमा सेवा, शर्त नभएको अवस्थामा पठाउने नेपाली वैदेशिक रोजगार कम्पनीका विरुद्ध उजुर सुन्ने र क्षतिपूर्तिको व्यवस्था । | श्रम तथा रोजगार मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | निरन्तर | ▪ कामदारको मानव अधिकारको संरक्षण र प्रवर्द्धन भएको हुने । |

## ३.१.४ संस्कृति

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | संस्कृतिसम्बन्धी अधिकारको संरक्षण गर्ने । | ■ संस्कृति नीतिको कार्यान्वयन ।<br>■ साँस्कृतिक अधिकारसँग सम्बन्धित विद्यमान कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थाहरूको अध्ययन गरी आवश्यकतानुसार तिनमा संशोधन, परिमार्जन वा नयाँ कानूनको निर्माण ।<br>■ प्रचलित संस्कृति एवं परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने नीति अवलम्बन ।<br>■ कानून निर्माणसँग सम्बन्धित सरोकारवालालाई साँस्कृतिक अधिकारको पक्षलाई समेत दृष्टिगत गरी कानून निर्माणमा योगदान दिन सक्षमता प्रदान गर्ने ।<br>■ साँस्कृतिक क्षेत्रका अन्तर्राष्ट्रिय लिखत अन्तर्गतका दायित्व कार्यान्वयन गर्न आवश्यक पर्ने नीतिगत, कानूनी तथा संस्थागत संरचनाको अध्ययन अनुसन्धान गर्ने ।<br>■ साँस्कृतिक अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय लिखतहरू र त्यसको नेपाली अनुवाद गरी सोसम्बन्धी सङ्ग्रह प्रकाशन गरी जनचेतना अभिवृद्धि गर्ने ।<br>■ साँस्कृतिक र प्रतिलिपि अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरू (मूलत: यूनेस्को कन्भेन्सन अन द प्रोटेक्सन एण्ड प्रमोशन अफ द डाइभर्सिटी अफ कल्चरल एक्स्प्रेसन, २००५, यूनेस्को कन्भेन्सन फर द प्रोटेक्सन अफ कल्चरल प्रोपर्टी इन द इभेन्ट अफ आर्म कन्फ्लिक्ट, १९५४ र प्रतिलिपि र तत्सम्बन्धी अधिकारसम्बन्धी रोम कन्भेन्सन, १९६१) को पक्ष बन्ने सम्बन्धमा आवश्यक अध्ययन गरी उपयुक्तता अनुसार प्रक्रिया अगाडि बढाउने ।<br>■ भाषा, लिपि र संस्कृतिको संरक्षणका लागि अभिलेखको स्थापना र विकाससम्बन्धी कार्य गर्ने ।<br>■ नेपालको भाषाको वैज्ञानिक सर्वेक्षण गरी विवरणिका (profile) तयार गर्ने ।<br>■ राष्ट्रिय भाषाहरूको लिपि, व्याकरण र शब्दकोष तयार र प्रकाशन गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>नेपाल कानून आयोग<br>अर्थ मन्त्रालय<br>यूनेस्को लगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू, स्थानीय निकाय तथा नागरिक समाज । | पाँच वर्षभित्र | ■ नयाँ र संशोधित कानून एवं कानूनी प्रावधानहरूको सङ्ख्या ।<br>■ संस्कृतिसम्बन्धी निर्देशिकाहरू तर्जुमाको सङ्ख्या ।<br>■ साँस्कृतिक सम्पदाहरूमा सशस्त्र प्रवेश निषेधसम्बन्धी घोषणा ।<br>■ भाषा, लिपि र संस्कृतिको संरक्षणका लागि अभिलेखको स्थापना र विकास ।<br>■ नेपालको भाषाको विवरणिका (profile) तयार ।<br>■ राष्ट्रिय भाषाहरूको लिपि, व्याकरण र शब्दकोष तयार र प्रकाशन । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| २ | अभौतिक साँस्कृतिक तथा लोक जीवनसँग सम्बद्ध साँस्कृतिक सम्पदालाई संरक्षण गर्ने । | ■ अभौतिक साँस्कृतिक परिषद्को गठन ।<br>■ परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण ।<br>■ जनचेतनामूलक कार्यक्रम सञ्चालन ।<br>■ अमूर्त साँस्कृतिक सम्पदाको सूचीकरण । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | | निरन्तर | ■ अभौतिक साँस्कृतिक परिषद् गठन हुने ।<br>■ अभौतिक साँस्कृतिक सम्पदाको सूचीकरण हुने । |
| ३ | पर्यटक गन्तव्य क्षेत्रको प्राकृतिक तथा साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने । | ■ प्राकृतिक तथा साँस्कृतिक सम्पदाको खोज गरी जानकारीमूलक पर्यटन पुस्तिकाको प्रकाशन ।<br>■ पर्यटकीय प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षणको लागि जनचेतनामूलक कार्यक्रमको सञ्चालन ।<br>■ उक्त स्थानमा रहेका होम स्टे तथा सामुदायिक लजहरूको दिगो व्यवस्थापनका लागि Support programme/क्षमता विकास कार्यक्रमको सञ्चालन ।<br>■ सम्बन्धित समुदायको साँस्कृतिक पहिचान र साँस्कृतिक धरोहरलाई कुनै असर नपर्ने गरी योजना निर्माण भए नभएको अनुगमन गर्ने व्यवस्थाको प्रारम्भ गर्ने ।<br>■ नेपालको साँस्कृतिक परम्परा र मान्यताका बारे आधिकारिक पुस्तकको विभिन्न अन्तर्राष्ट्रिय भाषाहरूमा प्रकाशन तथा वितरण । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सहरी विकास तथा भवन निर्माण विभाग नेपाल पर्यटन बोर्ड | तत्काल प्रारम्भ | ■ अनुगमन गरिने क्षेत्र र पटक । |

## ३.१.५ कानूनी सुधार र न्याय प्रशासन (कानूनको निर्माण र सुधार तथा अदालत)

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | संविधान, नेपाल पक्ष भएका मानव अधिकार तथा मानवीय कानूनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू एवं मापदण्डहरू अनुकूल तथा विश्वव्यापी आवधिक समीक्षा एवं सं.रा. सङ्घका समितिहरूमार्फत् प्राप्त सुझावहरू समेटिने गरी कानूनको तर्जुमा र सुधार गर्ने । | ■ मौजुदा कानूनहरूको सर्भेक्षण गर्ने ।<br>■ कार्यशाला आयोजना गर्ने ।<br>■ प्रतिवेदन तयार गर्ने ।<br>■ नयाँ कानूनको मस्यौदा गर्ने ।<br>■ सम्बद्ध कानूनमा संशोधन गर्न सम्बन्धित मन्त्रालयलाई राय सुझाव दिने ।<br>■ जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) ऐन, २०६८ अन्तर्गतको नियमावली बनाउने । | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सर्वोच्च अदालत<br>सम्बन्धित मन्त्रालयहरू<br>महान्यायाधिवक्ताको कार्यालय<br>नेपाल कानून आयोग<br>नेपाल बार एशोसिएशन | पहिलो वर्षदेखि निरन्तर | ■ नेपाल पक्ष भएका मानव अधिकार र मानवीय कानूनसम्बन्धी नेपालले अनुमोदन, सम्मिलन गरेका नयाँ महासन्धिहरूको पुनरावलोकन र नयाँ बनाएका कानूनहरूको सङ्ख्या । |
| २ | कानूनी सहायतासम्बन्धी कार्यक्रमको प्रभावकारितामा वृद्धि गर्ने । | ■ कानूनी सहायतासम्बन्धी एकीकृत नीति बनाई कार्यान्वयन गर्ने ।<br>■ कानूनी सहायतासम्बन्धी ऐन, नियममा आवश्यक परिमार्जन गर्ने ।<br>■ कानूनी सहायता प्रभावकारी रूपमा लक्षित व्यक्ति, वर्ग वा समुदायले पाउने व्यवस्था गर्ने । | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सर्वोच्च अदालत र मातहतका अदालतहरू<br>महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरू<br>गृह मन्त्रालय र मातहतका कार्यालय एवं निकायहरू<br>केन्द्रीय कानूनी सहायता समिति<br>नेपाल बार एशोसिएशन र मातहतका बारहरू<br>गैरसरकारी संस्थाहरू | पहिलो वर्षदेखि निरन्तर | ■ कानूनी सहायता कार्यक्रमबाट लाभान्वित सेवाग्राहीको सङ्ख्या ।<br>■ कानूनी सहायतासम्बन्धी कार्यक्रमको वेसलाइन सर्भे प्रतिवेदन । |
| ३ | विवादको शीघ्र समाधान गर्न विवाद समाधानका वैकल्पिक उपायहरूसम्बन्धी कानूनी व्यवस्था गर्ने । | ■ मेलमिलाप ऐन र नियमावलीको प्रसार प्रचार गर्ने ।<br>■ विवाद समाधानका अन्य वैकल्पिक उपायहरूको प्रभावकारिता वृद्धि गर्न अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गर्ने । | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सर्वोच्च अदालत,<br>महान्यायाधिवक्ताको कार्यालय<br>गृह मन्त्रालय<br>शान्ति तथा पुनर्निर्माण मन्त्रालय<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>वन तथा भू-संरक्षण मन्त्रालय<br>सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>अर्थ मन्त्रालय<br>नेपाल बार एशोसिएसन | पहिलो वर्षदेखि निरन्तर | ■ विवाद समाधानका वैकल्पिक उपायहरूको कार्यान्वयन । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ४ | पारस्परिक कानूनी सहायतालाई प्रभावकारी बनाउने । | ■ ऐनको प्रसार प्रचार गर्ने ।<br>■ ऐनको प्रभावकारिता वृद्धि गर्ने अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>■ केन्द्रीय इकाईको सुदृढीकरण तथा क्षमता विकास गर्ने कार्यक्रमहरू गर्ने । | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, सर्वोच्च अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पहिलो वर्षदेखि निरन्तर | ■ पारस्परिक कानूनी सहायताको प्रभावकारिता । |
| ५ | मानव अधिकारको क्षेत्रमा Emerging Issues को बारेमा अध्ययन अनुसन्धान गर्ने । | ■ विभिन्न स्रोतबाट मानव अधिकारको क्षेत्रमा देखिएका Emerging Issues को पहिचान गर्ने ।<br>■ सो विषयलाई सम्बोधन गर्ने नेपालमा विद्यमान कानून, नजिर तथा परम्पराको खोज एवं अध्ययन गर्ने ।<br>■ यस क्षेत्रका विभिन्न विज्ञहरू, सरोकारवालाहरूसँग अन्तर्क्रिया गर्ने ।<br>■ आवश्यकता अनुसार अध्ययन भ्रमण गर्ने ।<br>■ उक्त विषयहरूमा नेपालको निश्चित धारणा बनाउने । | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>सर्वोच्च अदालत<br>महान्यायाधिवक्ताको कार्यालय<br>कानून सङ्कायहरू,<br>अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू,<br>गैरसरकारी संस्थाहरू | पहिलो वर्षदेखि निरन्तर | ■ मानव अधिकारको क्षेत्रमा Emerging Issues को विवरण र सङ्ख्या । |
| ६ | बयान कक्ष र पीडितमैत्री कक्षको निर्माण गर्ने । | ■ अभियुक्तले सरकारी वकील कार्यालयमा बयान गराउने कक्ष र पीडितसँगको भेटघाटका लागि मानव अधिकारमैत्री कक्षको निर्माण । | महान्यायाधिवक्ताको कार्यालय | अर्थ मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | पाँच वर्षभित्र | ■ पीडितमैत्री कक्षको निर्माण । |
| ७ | महिला अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने । | ■ लैङ्गिक विभेदकारी कानूनहरूको पहिचान गरी संशोधन गर्ने ।<br>■ लैङ्गिक हिंसासम्बन्धी विद्यमान कानूनलाई संशोधन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | ■ लैङ्गिक विभेदकारी कानूनहरूको पहिचान भई संशोधन भएको हुने । |
| ८ | निकृष्ट प्रकृतिका लगायत सबै प्रकारका बालश्रमलाई प्राथमिकताका साथ उन्मूलन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने । | ■ बालश्रमसम्बन्धी कानूनहरूको परिमार्जन तथा पुनरावलोकन । | श्रम तथा रोजगार मन्त्रालय<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>उद्योग मन्त्रालय<br>गृह मन्त्रालय<br>शिक्षा मन्त्रालय<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कार्य योजनाको अवधि भित्र | ■ निकृष्ट श्रमका क्षेत्रमा बालबालिकाको संलग्नता शून्य हुने ।<br>■ व्यवस्थापकहरूलाई गरिएको कारवाही ।<br>■ प्राथमिक विद्यालयमा विद्यार्थीहरूको भर्ना र कक्षामा उपस्थितिको निरन्तरता ।<br>■ निकृष्ट प्रकृतिका श्रममा काममा लगाउने कार्यलाई दण्डनीय बनाउने कानूनको निर्माण । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ९ | बालअधिकार सुनिश्चित गर्ने । | ■ बालअधिकार संरक्षणसम्बन्धी नयाँ कानून बनाउने ।<br>■ बालबालिकासम्बन्धी विद्यमान कानूनी व्यवस्थामा समसामयिक सुधार गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | शिक्षा मन्त्रालय<br>गृह मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्य योजनाको अवधि भित्र | ■ बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्नुपर्ने कानूनी व्यवस्था भएको हुने । |
| १० | मानव अधिकारसँग सम्बन्धित नयाँ कानूनको निर्माण र मौजुदा कानूनमा पुनरावलोकन गर्ने । | ■ आवश्यकता अनुसार मौजुदा कानूनलाई पुनरावलोकन गर्ने ।<br>■ यातनालाई फौजदारी अपराधको रूपमा परिभाषित गरी दोषीलाई सजाय गर्ने कानून तर्जुमा गर्ने ।<br>■ फौजदारी कसूरसम्बन्धी कानून तथा फौजदारी मुद्दाको कार्यविधिसम्बन्धी कानून परिमार्जन गर्ने ।<br>■ बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यलाई फौजदारी अपराधको रूपमा परिभाषित गरी दोषीलाई सजाय गर्ने कानून तर्जुमा गर्ने ।<br>■ मानव बेचविखन तथा ओसारपसार ऐन, २०६४ लाई Protocol to Prevent, Suppress and Punish Trafficking in Persons को परिभाषा अनुरूप परिमार्जन गर्ने । | सम्बन्धित मन्त्रालयहरू | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार आयोग<br>महान्यायाधिवक्ताको कार्यालय | प्रथम दुई वर्षभित्रमा | ■ संशोधित एवं नवनिर्मित मानव अधिकारसँग सम्बन्धित कानूनको सङ्ख्या । |
| ११ | आदिवासी/जनजातिको समान अधिकारको संरक्षण एवं सुरक्षा गर्न अन्तर्राष्ट्रिय मानव अधिकार सिद्धान्त र मापदण्ड अनुसारको नयाँ कानून निर्माण गर्ने । | ■ ILO Convention 169 को कार्यान्वयनको लागि बनेको राष्ट्रिय कार्ययोजनालाई नेपाल सरकारबाट अनुमोदन गरी सो बमोजिम मौजुदा कानूनको पुनरावलोकन गरी परिमार्जन वा नयाँ कानूनको तर्जुमा ।<br>■ जैविक विविधता र जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गरिसकेको र WTO को सदस्य राष्ट्र भएको सन्दर्भमा आदिवासी/जनजातिको अधिकारको संरक्षण र विकासलाई सम्बोधन हुने गरी वन र वातावरण मन्त्रालयसँग समन्वय गरेर कानूनको निर्माण । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान<br>अन्तर्राष्ट्रिय श्रम सङ्गठन<br>गैरसरकारी संस्था<br>सामुदायिक सङ्घसंस्थाहरू | ३ वर्षभित्र | ■ आदिवासी/ जनजातिसम्बन्धी अन्तर्राष्ट्रियस्तरको ऐनको निर्माण भएको हुने ।<br>■ नेपालको अन्तर्राष्ट्रिय दायित्व पूरा भएको हुने । |
| १२ | स्वतन्त्र, स्वायत्त र अधिकारसम्पन्न राष्ट्रिय दलित आयोगको लागि राष्ट्रिय दलित आयोग ऐन तथा यससँग सम्बन्धित नियमावलीहरू जारी गराउनका लागि कार्यक्रम गर्ने । | ■ राष्ट्रिय दलित आयोग ऐन बनाउने ।<br>■ ऐनको प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक नियम तथा निर्देशिका बनाई कार्यान्वयन गर्ने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>राष्ट्रिय दलित आयोग | ३ वर्षभित्र | ■ ऐनको निर्माण भई प्रभावकारी, स्वायत्त, अधिकारसम्पन्न राष्ट्रिय दलित आयोग हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १३ | भूमिसम्बन्धी ऐन, नियम, नीतिहरूलाई समयसापेक्ष परिमार्जन गर्ने । | ■ नागरिकको भूमिसम्बन्धी हक संरक्षण गर्न राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार कानून निर्माण र कार्यान्वयन ।<br>■ राष्ट्रिय भूमि नीति तर्जुमा गर्ने कार्य ।<br>■ राष्ट्रिय भू-उपयोगसम्बन्धी ऐनको तर्जुमा ।<br>■ राष्ट्रिय भू-उपयोग नीति कार्यान्वयन । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>नेपाल कानून आयोग | ३ वर्ष | ■ समयसापेक्ष ऐन नियमहरूको निर्माण भएको हुने । |
| १४ | सबै प्रकारका बाधाश्रमको उन्मूलन गर्ने । | ■ सबै प्रकारका बाधाश्रमलाई उन्मूलन र दण्डनीय बनाउने कानूनको तर्जुमा गर्ने ।<br>■ घरेलु कामदारसम्बन्धी कानूनको तर्जुमा गर्ने ।<br>■ मुक्त कमैया पुनर्स्थापनसम्बन्धी कार्यक्रम ।<br>■ मुक्त हलिया पुनर्स्थापनसम्बन्धी कार्यक्रम । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>नेपाल कानून आयोग | ३ वर्ष | ■ कानूनको तर्जुमा भएको हुने । |
| १५ | अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्नुका साथै आवास र सहरी विकाससम्बन्धी कार्यलाई थप व्यवस्थित गर्ने । | ■ आवाससम्बन्धी विधेयक मस्यौदा । | सहरी विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | ■ आवाससम्बन्धी कानूनको निर्माण भएको हुने । |
| १६ | सहरी विकास मन्त्रालयसँग सम्बन्धित ऐन, नियम तथा आदेशलाई समयसापेक्ष बनाउने । | ■ आवास र सहरी विकाससम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउने ।<br>■ आवास नीतिको कार्यान्वयन गर्न आवाससम्बन्धी कानूनी व्यवस्था गर्ने ।<br>■ सम्बन्धित ऐन, नियम र आदेशको पुनरावलोकन गरी परिमार्जन गर्न कार्यदलको गठन ।<br>■ कार्यदलबाट प्राप्त सुझाव समेतका आधारमा महिलाहरूको समेत उचित प्रतिनिधित्व हुने व्यवस्थाको मस्यौदामा समावेश गरी कानूनी रूप दिने ।<br>■ घरजग्गा व्यवसायलाई व्यवस्थित गर्न ऐनको निर्माण ।<br>■ बागमती नदी र अन्य सहायक नदीहरूलाई व्यवस्थित गरी सञ्चालन गर्न ऐनको निर्माण ।<br>■ खानेपानी तथा सरसफाईसम्बन्धी कार्यलाई व्यवस्थित र एकीकृत गरी प्रभावकारी रूपले सञ्चालन गर्न छाता ऐन (Umbrella Act) को निर्माण । | सहरी विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>खानेपानी तथा ढल निकास विभाग र सहरी विकास तथा भवन निर्माण विभाग ।<br>अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत समिति, स्थानीय निकाय, पशुपति क्षेत्र विकास कोष,<br>खानेपानी तथा ढल निकास विभाग | ३ वर्षभित्र | ■ कार्यदल गठन भइसकेको हुने ।<br>■ कानूनमा महिलाको समावेशी प्रतिनिधित्व भएको हुने ।<br>■ ऐन लागू भइसकेको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १७ | सहरी विकास तथा सहरी पूर्वाधारसम्बन्धी विद्यमान कानूनमा परिमार्जन गरिनुका साथै सोसम्बन्धी नीति तर्जुमा गर्ने । | ■ हाल भइरहेका सहरको विकास र विस्तार गर्न तथा नयाँ निर्माण गरिने सहर तथा नगरलाई सुविधा सम्पन्न बनाउन निर्माण गर्नुपर्ने पूर्वाधार समेतलाई मध्यनजर गरी राष्ट्रिय सहरी नीति, २०६४ लाई परिमार्जन ।<br>■ राष्ट्रिय सहरी विकास रणनीति तर्जुमा ।<br>■ नगर विकास ऐन, २०४५ बमोजिम नगर विकास नियमावली तर्जुमा गरी नगर क्षेत्रका बासिन्दालाई सुरक्षित र सुविधायुक्त सहरको प्रत्याभूति दिने व्यवस्था ।<br>■ नगर विकास समितिको गठन गर्दा कम्तीमा दुईजना महिला सदस्य समावेश हुने गरी गठन गर्ने परिपाटी प्रारम्भ । | सहरी विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,<br>सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,<br>सहरी विकास तथा भवन निर्माण विभाग,<br>गैरसरकारी संस्थाहरू<br>सम्बन्धित स्थानीय निकायहरू | एक वर्षभित्र | ■ सहरी नीति परिमार्जित भएको हुने ।<br>■ रणनीति तर्जुमा भइसकेको हुने ।<br>■ नगर विकास नियमावली लागू भइसकेको हुने ।<br>■ नयाँ गठन गरिने नगर विकास समितिको सङ्ख्या । |
| १८ | भू–स्वामित्वमा महिलाको पहुँच वृद्धि गर्दै लाने । | ■ मुलुकी ऐन संशोधन ।<br>■ मुलुकी ऐन स्त्रीधनको महल संशोधन । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | पहिलो वर्षभित्र | ■ जग्गाको स्वामित्वमा महिलाको पहुँच भएको हुने ।<br>■ सम्पत्तिमा महिलाको स्वामित्व भएको हुने । |
| १९ | ज्येष्ठ नागरिकहरूलाई समाजमा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्ने । | ■ ज्येष्ठ नागरिक सम्बन्धमा वर्तमान कानूनमा समसामयिक सुधार । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | ■ ज्येष्ठ नागरिक सम्बन्धमा वर्तमान कानूनमा समसामयिक सुधार भएको हुने । |
| २० | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रत्याभूति प्रदान गर्ने । | ■ यौनिक तथा लैङ्गिक विभेदकारी कानूनको पहिचान गरी संशोधन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | ■ यौनिक तथा लैङ्गिक विभेदकारी कानूनको संशोधन । |
| २१ | विश्वविद्यालयको स्थापना एवं सञ्चालनलाई व्यवस्थित गर्न र उच्चशिक्षालाई गुणस्तरीय तथा विश्वसनीय बनाउन कानूनी संरचना तयार गर्ने । | ■ विश्वविद्यालयको छाता ऐनको निर्माण । | शिक्षा मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ३ वर्षभित्र | ■ ऐन तर्जुमा भएको हुने । |
| २२ | संविधानको मौलिक हकको कार्यान्वयन गर्ने । | ■ आधारभूत तह (कक्षा १-८) नि:शुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा (कक्षा ९-१२) लाई नि:शुल्क गर्ने सम्बन्धी शिक्षा ऐनको निर्माण । | शिक्षा मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ३ वर्षभित्र | ■ शिक्षा ऐनको तर्जुमा भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| २३ | संविधानको वातावरणसम्बन्धी मौलिक अधिकारको संरक्षण र अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन अन्तर्गत वातावरणसम्बन्धी कानूनको पुनरावलोकन र परिमार्जन गर्ने । | ■ वातावरण कानूनको परिमार्जन ।<br>■ नेपाल पक्ष भएका वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको राष्ट्रियस्तरमा कार्यान्वयन गर्ने । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ३ वर्षभित्र | ■ अन्तर्राष्ट्रियस्तरको वातावरणसम्बन्धी कानून निर्माण भएको हुने । |
| २४ | संस्कृतिसम्बन्धी अधिकारको संरक्षण गर्न कानूनको निर्माण गर्ने । | ■ साँस्कृतिक अधिकारसँग सम्बन्धित विद्यमान कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थाहरूको अध्ययन गरी आवश्यकतानुसार तिनमा संशोधन, परिमार्जन वा नयाँ कानूनको निर्माण । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ३ वर्षभित्र | ■ नयाँ र संशोधित कानून एवं कानूनी प्रावधानहरूको सङ्ख्या । |
| २५ | राष्ट्रिय स्वास्थ्य सेवा ऐन निर्माण गर्ने । | ■ सरोकारवालाहरूसँग समन्वय तथा सम्वाद गरी मस्यौदाको तयारी । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ३ वर्षभित्र | ■ ऐन निर्माण भएको हुने । |
| २६ | स्थानीय कृषि तथा प्रविधिको विकास गर्न विश्वविद्यालयको स्थापना गर्ने । | ■ प्रत्येक विकास क्षेत्रमा एक कृषि तथा प्राविधिक विश्वविद्यालय स्थापना गर्न कानूनको तर्जुमा । | कृषि विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ५ वर्षभित्र | ■ ऐन निर्माण भएको हुने । |
| २७ | अर्धन्यायिक निकायहरूको फौजदारी मुद्दा हेर्ने अधिकारको पुनरावलोकन गर्ने । | ■ अर्धन्यायिक निकायहरूमा इजलासको व्यवस्थाका लागि भौतिक पूर्वाधारको विकास ।<br>■ सर्वोच्च अदालतको आदेश र नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट गठित समितिको प्रतिवेदनका आधारमा विद्यमान कानूनमा परिमार्जन गर्ने । | गृह मन्त्रालय<br>वन तथा भूसंरक्षण मन्त्रालय<br>अर्थ मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ३ वर्षभित्र | ■ सुनुवाईका लागि इजलासको व्यवस्था भएको हुने । |
| २८ | महिला विरुद्धका सामाजिक र साँस्कृतिक कुप्रथामा आधारित विभेद र हिंसाको अन्त्य गर्ने । | ■ छाउपडी, बोक्सी, देउकी, झुमा आदि प्रथाको अन्त्यका लागि कानूनको निर्माण । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | तीन वर्ष | ■ ऐन निर्माण भएको हुने । |
| २९ | स्थानीय बासिन्दाको हितलाई उच्च प्राथमिकता दिई वन तथा भू-संरक्षण मन्त्रालयसँग सम्बन्धित कानून परिमार्जन गर्ने । | ■ वन ऐन तथा नियमावलीलाई समयानुकूल परिमार्जन ।<br>■ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावलीलाई समयानुकूल परिमार्जन ।<br>■ भू तथा जलाधार ऐन तथा नियमावलीलाई समयानुकूल परिमार्जन । | वन तथा भू-संरक्षण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | ■ वन, वन्यजन्तु तथा जलाधारको संरक्षण र संवर्द्धनसम्बन्धी स्थानीय नागरिकमैत्री कानून निर्माण भएको हुने । |

## ३.१.६ वातावरण र दिगो विकास

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|
| १ | प्रत्येक व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको संरक्षण र अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन गर्ने । | ■ नेपाल पक्ष भएका वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको राष्ट्रियस्तरमा कार्यान्वयन गर्ने ।<br>■ वातावरणसम्बन्धी कानूनको पुनरावलोकन र परिमार्जन गर्ने ।<br>■ जलवायु परिवर्तनको प्रतिफल प्रभावबाट बाँच्न अनुकूलनका कार्यहरू कार्यान्वयन गर्ने ।<br>■ स्वच्छ वातावरणका लागि आवश्यक पूर्वाधारहरू विकास र Norms जारी ।<br>■ वातावरणसम्बन्धी महासन्धि कार्यान्वयनका लागि आवश्यक कार्ययोजनाहरू निर्माण ।<br>■ सामाजिक तथा आर्थिक विकासलाई वातावरणमैत्री बनाउन वातावरण मूल्याङ्कन प्रणालीको माध्यमबाट समेत वातावरणीय पक्षहरू एकीकृत ।<br>■ वातावरणीय परीक्षण । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,<br>वन तथा भू-संरक्षण मन्त्रालय,<br>उद्योग मन्त्रालय,<br>सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>ऊर्जा मन्त्रालय | पाँच वर्षभित्र | ■ वातावरणसम्बन्धी नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन स्थिति ।<br>■ वातावरण संरक्षण ऐन, २०५३ र सोको नियमावली, २०५४ मा संशोधन र नयाँ निर्माण गरिएका कानूनहरूको सङ्ख्या ।<br>■ EIA गरिएका आयोजनाहरूको सङ्ख्या ।<br>■ वातावरणीय परीक्षणको सङ्ख्या । |
| २ | वातावरणीय सन्तुलन कायम राख्ने । | ■ सहरी वायु, ध्वनि र पानी प्रदूषण कम गर्ने ।<br>■ Nepal Vehicle Mass Emission Standard लाई परिमार्जन गरी समसामयिक बनाउने ।<br>■ घरभित्रको वायु प्रदूषण कम गर्ने ।<br>■ वातावरणीय मापदण्डहरू तयार गर्ने ।<br>■ प्रदूषणका थप मापदण्डहरूको तर्जुमा एवं कार्यान्वयन ।<br>■ सवारी साधनबाट हुने प्रदूषणको नियमित अनुगमन ।<br>■ वायु प्रदूषण अनुगमन गर्ने र नतिजाहरू सार्वजनिक ।<br>■ वातावरणमैत्री वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | भूमिसुधार तथा व्यवस्था मन्त्रालय,<br>गृह मन्त्रालय,<br>यातायात व्यवस्था विभाग, स्थानीय निकायहरू | पाँच वर्षभित्र | ■ वायु प्रदूषण नियन्त्रणका लागि थप गरेका मापदण्डहरूको सङ्ख्या ।<br>■ वायु गुणस्तरको निरन्तर अनुगमनका भइरहेका स्थान तथा केन्द्रहरूको सङ्ख्या ।<br>■ वातावरणीय मापदण्डहरूको सङ्ख्या । |
| ३ | वातावरणसम्बन्धी सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउने । | ■ वातावरणसँग सम्बन्धित सूचनाहरू सङ्कलन, सम्प्रेषण गर्न web portal निर्माण ।<br>■ Networking तयार ।<br>■ वातावरण स्थिति प्रतिवेदन तयार ।<br>■ वायु, जल, भूमि र ध्वनि प्रदूषणको क्षेत्रगत योगदान यकिन । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, NAST | वन तथा भू-संरक्षण मन्त्रालय, ऊर्जा मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>कृषि विकास मन्त्रालय | निरन्तर | ■ सर्वसाधारणमा सूचना प्रवाहको समुचित व्यवस्था भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|
| ४ | विकास क्रियाकलापबाट वातावरणमा पर्ने असरलाई न्यूनीकरण गर्ने । | ▪ EIA को कार्यलाई तिव्रता प्रदान गर्न वातावरण संरक्षण ऐनमा संशोधन ।<br>▪ स्वीकृत EIA Report को कार्यान्वयन अवस्थाको परीक्षण (EIA Audit) ।<br>▪ सम्बन्धित उद्योग संस्था तथा आयोजनाहरूको EIA Audit । | वातावरण विभाग | उद्योग मन्त्रालय | निरन्तर | ▪ विकास क्रियाकलापहरूबाट वातावरणमा प्रतिकूल प्रभाव न्यून परेको हुने । |
| ५ | सरोकारवालाहरूमा वातावरणीय चेतना जगाउने । | ▪ वातावरण, विकास र मानव अधिकारको अन्तर्सम्बन्ध बारे चेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ वातावरणको क्षेत्रमा ज्ञान, सीप र दक्षताको समुचित विकास र उपयोगद्वारा राष्ट्रिय क्षमताको अभिवृद्धि गर्ने ।<br>▪ वातावरणीय शिक्षा कार्यक्रम सञ्चालन गर्न नाफारहित उद्देश्यले स्थापना भएका संस्थाहरूलाई सहयोग प्रदान ।<br>▪ सूचना प्रवाहका साथै सामुदायिक चेतना कार्यक्रम सञ्चालन ।<br>▪ वातावरणीय चेतना अभिवृद्धि गर्न आमसञ्चारका साधनहरूको प्रवर्द्धन तथा प्रयोग । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | शिक्षा मन्त्रालय, स्थानीय निकायहरू | निरन्तर | ▪ प्रदूषण र दिगो वातावरणको लागि सञ्चालित चेतनामूलक कार्यक्रमहरूको सङ्ख्या । |
| ६ | चिरस्थायी विषादिहरूको सुरक्षित बिसर्जन गर्ने । | ▪ चिरस्थायी विषादिहरूको सुरक्षित बिसर्जनसम्बन्धी कार्यक्रम ।<br>▪ Acid Load Battery को व्यवस्थापन गर्ने । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय उद्योग मन्त्रालय | कृषि विकास मन्त्रालय, स्थानीय निकायहरू र सम्बद्ध अन्तर्राष्ट्रिय निकायहरू | निरन्तर | ▪ Disposal परिमाण । |
| ७ | जलवायु परिवर्तनको असरलाई कम गर्न जलवायु परिवर्तन र अनुकूलनका विषयमा सचेतना जगाउने र जलवायु परिवर्तन सम्बन्धित ज्ञान व्यवस्थापन गर्ने । | ▪ जलवायु परिवर्तन अनुकूलित एवं समाज समयानुकूल निर्माणका लागि समन्वय गर्ने ।<br>▪ लैङ्गिक मूलप्रवाहीकरणमार्फत् वातावरण संरक्षणमा टेवा पुऱ्याउने ।<br>▪ विकास प्रक्रियाहरूमा जलवायु परिवर्तनका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्दै जाने ।<br>▪ सरल नेपाली भाषामा जलवायु परिवर्तनसम्बन्धी जानकारीमूलक सामग्रीहरू तयार ।<br>▪ विद्यालयस्तरमा जलवायु परिवर्तनसम्बन्धी जानकारीमूलक पाठ्यक्रम समावेश ।<br>▪ जलवायु परिवर्तनमा क्रियाशील स्थानीय गैरसरकारी संस्थालाई सशक्तीकरण गरी जनचेतना अभिवृद्धि ।<br>▪ स्थानीय निकायमा अन्तर्क्रिया गोष्ठी सञ्चालन ।<br>▪ जलवायु परिवर्तनका प्रभाव र अनुकूलनका क्षेत्रमा अध्ययन अनुसन्धान । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>NGOs,<br>शैक्षिक संस्थाहरू<br>Development Partners, NAST, Universities | निरन्तर | ▪ सर्वसाधारणमा जलवायु परिवर्तनको विषयमा जानकारी भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|
| | | ■ जलवायु परिवर्तनसम्बन्धी अभिलेखहरू सङ्कलन ।<br>■ राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रकाशन भएका जलवायु परिवर्तनसम्बन्धी पुस्तक, प्रतिवेदन, सोधपत्र, जर्नल आदिको अध्ययन र अभिलेख व्यवस्थापन।<br>■ स्थानीयस्तरमा अनुकूलन गतिविधिहरू सञ्चालन गर्ने<br>■ जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँग समन्वय गर्ने एवं सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>■ तालिम, गोष्ठी, सेमिनार आदिको आयोजना गर्ने ।<br>■ वातावरण संरक्षण तथा जलवायु परिवर्तनबाट परेका असरहरू न्यूनीकरण तथा अनुकूलन सम्बन्धमा महिलाहरूलाई तालिम दिने ।<br>■ जलवायु परिवर्तनले महिलालाई पारेको असरको सम्बन्धमा अन्तर्क्रिया तथा परामर्श गर्ने ।<br>■ जलवायु परिवर्तनको जोखिममा रहेका समुदायको जनचेतना एवं अनुकूलन क्षमता अभिवृद्धि गर्ने । | | | | |
| ८ | परमाणु प्रविधि उपयोग गर्ने । | ■ आणविक विज्ञान तथा प्रविधिको अध्ययन, अनुसन्धान, विकास तथा प्रवर्द्धन एवं संवर्द्धन गर्ने प्रमुख निकायको भूमिका निर्वाह ।<br>■ आणविक विज्ञानको उपयोगद्वारा राष्ट्रको सामाजिक तथा आर्थिक समृद्धिमा टेवा पुर्‍याउने ।<br>■ अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको (IAEA) को उद्देश्य बमोजिम आणविक शक्तिको प्रयोगका सम्बन्धमा नियमन, नियन्त्रण र अनुगमनको संस्थागत व्यवस्था गर्ने कार्य ।<br>■ आणविक विज्ञानको विकसित प्रविधिको प्रयोगबाट लाभ, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि हुने क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रमा प्रविधिको प्रयोग गरी लाभ उठाउने ।<br>■ आणविक विज्ञानमा राष्ट्रिय क्षमता अभिवृद्धि गर्न आवश्यक जनशक्ति र भौतिक स्रोतको विकास तथा विस्तारको कार्ययोजना ।<br>■ परमाणु ऊर्जाको प्रयोग गर्ने विभिन्न निकायहरू बीच समन्वय र अनुगमन ।<br>■ परमाणु प्रविधि केन्द्र विकास समिति गठन गर्ने । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय । | उद्योग मन्त्रालय, स्थानीय निकायहरू | निरन्तर | ■ आणविक ऊर्जाको विकासका लागि प्रारम्भिक चरणका कार्यहरू भएको हुने । |
| ९ | विद्युत आयोजना वरपर क्षेत्रमा कमभन्दा कम वातावरणीय प्रतिकूल प्रभाव पर्ने व्यवस्था मिलाउने । | ■ वातावरणीय सचेतना अभिवृद्धि गर्न प्रचार प्रसार ।<br>■ न्यून वातावरणीय क्षति हुने प्रविधिको प्रयोग ।<br>■ चेतनामूलक कार्यक्रम सञ्चालन । | ऊर्जा मन्त्रालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण मन्त्रालय | निरन्तर | ■ वातावरणीय प्रतिकूलताको प्रभावमा कमी आएको हुने ।<br>■ वातावरणीय चेतना बढेको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|
| १० | बागमती नदी र यसका सहायक नदीका वरपरको क्षेत्रमा स्वच्छ वातावरण कायम गरी पवित्र नदीका रूपमा विकास गर्ने । | ■ बागमती नदीको बागद्वारदेखि चोभारसम्मका बागमती र यसका सहायक नदीमा ढल र प्रशोधन केन्द्रको निर्माण कार्य ।<br>■ बागमती नदी र यसका सहायक नदीलाई जीवन्त बनाई सो नदी वरपरको क्षेत्रमा स्वच्छ वातावरण कायम गरी स्नानयोग्य नदीका रूपमा विकास गर्ने ।<br>■ नदी किनारमा बसोवास गरिरहेका अव्यवस्थित सुकुम्वासी बस्तीको व्यवस्थापन । | सहरी विकास मन्त्रालय | काठमाडौं उपत्यका विकास प्राधिकरण, खानेपानी तथा ढल निकास विभाग, सहरी विकास तथा भवन निर्माण विभाग | निरन्तर | ■ ढल र प्रशोधन केन्द्रको कार्य सम्पन्न भइसकेको हुने ।<br>■ सुकुम्वासी बस्तीको व्यवस्थापन । |
| ११ | विकास निर्माण गर्दा मानव अधिकारमा आधारित पद्धति (HRBA) अवलम्बन गर्ने । | ■ विकास निर्माणका हरेक क्रियाकलापमा मानव अधिकारमा आधारित पद्धति (HRBA) अवलम्बन गर्ने ।<br>■ मानव अधिकारमा आधारित पद्धति (HRBA) अवलम्बन गर्ने बारे सरकारी कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>■ विकास निर्माणका योजना तर्जुमा र कार्यान्वयनमा समानुपातिक र समन्याय सुनिश्चित गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय योजना आयोग विकास निर्माणसँग सम्बन्धित मन्त्रालयहरू | निरन्तर | ■ मानव अधिकार संस्कृतिको विकास भएको हुने । |
| १२ | वन क्षेत्रमा लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | ■ वन क्षेत्र अन्तर्गतका सङ्गठन र कार्यक्रमलाई लैङ्गिक तथा सामाजिक दृष्टिकोणले समावेशी बनाउने ।<br>■ वन क्षेत्र अन्तर्गतका सरकारी, गैरसरकारी संस्था र कार्यक्रमले लैङ्गिक तथा सामाजिक परीक्षण ।<br>■ उपभोक्ताहरूको वर्गीकरण साथै समूहमा नयाँ सदस्यहरूको प्रवेश प्रक्रिया सरल र सहज ।<br>■ टोल तथा कार्यकारी समितिमा महिला, दलित, जनजाति, पिछडा वर्ग तथा वञ्चित वर्गको समानुपातिक प्रतिनिधित्व ।<br>■ मुख्य निर्णायक पदमा एउटै पदाधिकारी लगातार दुई कार्यकाल भन्दा बढी नरहने तथा न्यूनतम् एक महिला रहने नीति अवलम्बन । | वन तथा भू-संरक्षण मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग | निरन्तर | ■ वन क्षेत्रमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्तका आधारमा प्रतिनिधित्व हुने । |

### ३.१.७ महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|
| १ | महिला अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने । | ■ महिलाको संरक्षण, विकास र सशक्तीकरण गर्ने ।<br>■ महिला अधिकारको बारेमा व्यापक जनचेतना जगाउने कार्यक्रम ।<br>■ महिलाहरूको आयआर्जनका लागि सीपमूलक कार्यक्रमहरू सञ्चालन ।<br>■ सार्वजनिक निकायमा महिला सहभागितामा अभिवृद्धि गराउन विशेष कार्यक्रम सञ्चालन ।<br>■ एकल महिलाका लागि निर्वाह भत्ता । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>अर्थ मन्त्रालय<br>गैरसरकारी संस्थाहरू | निरन्तर | ■ महिला अधिकारको बारेमा जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन भएको हुने ।<br>■ महिलाहरूको आयआर्जनका लागि सीपमूलक कार्यक्रमहरू सञ्चालन भएको हुने ।<br>■ सार्वजनिक निकायमा महिला सहभागितामा अभिवृद्धि गराउन विशेष कार्यक्रमहरू सञ्चालन भएको हुने ।<br>■ एकल महिलाका लागि निर्वाह भत्ता उपलब्ध गराइएको हुने । |
| २ | महिला बन्दीहरूको लागि बन्दीगृहमा छुट्टै महिला ब्लक निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राख्ने । | ■ नख्खुमा महिला बन्दी गृह निर्माण ।<br>■ कारागार कार्यालय झुम्का, भिमफेदी लगायतका स्थानमा बढी क्षमताको महिला बन्दीगृह निर्माण । | गृह मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>अर्थ मन्त्रालय<br>सहरी विकास तथा भवन निर्माण विभाग<br>कारागार व्यवस्थापन विभाग | पाँच वर्षभित्र | ■ प्रत्येक वर्ष घटीमा १ महिला बन्दीगृह निर्माण भएको हुने । |
| ३ | मानव बेचविखन तथा ओसारपसार कार्यलाई प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्ने र संरचनाहरूको सुदृढीकरण तथा दक्षता अभिवृद्धि गर्ने । | ■ पीडित वा प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धारका लागि संयन्त्रहरूको विकास तथा सुदृढीकरण ।<br>■ जोखिमपूर्ण समूह वा समुदायहरूको पहिचान गरी समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षासम्बन्धी गतिविधिहरू । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | गृह मन्त्रालय | पाँच वर्षभित्र | ■ मानव बेचविखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी संस्थाहरूको क्षमता अभिवृद्धि भएको हुने र यससम्बन्धी जोखिमयुक्त समुदायमा सचेतना अभिवृद्धि भई मानव बेचविखन तथा ओसारपसारमा न्यूनीकरण भएको हुने । |
| ४ | मानव बेचविखन पीडित/प्रभावितको उद्धार, पुनर्स्थापना र पुन:एकीकरण व्यवस्था गर्ने । | ■ पुनर्स्थापना केन्द्रको विस्तार र सुदृढीकरण ।<br>■ पुनर्स्थापना केन्द्रले अपनाउनुपर्ने न्यूनतम मापदण्ड पालनाको अनुगमन । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | गृह मन्त्रालय | पाँच वर्षभित्र | ■ मानव बेचविखन पीडित / प्रभावितको उद्धार, पुनर्स्थापना र पुन:एकीकरण भएको सङ्ख्या । |
| ५ | लैङ्गिक विभेदको अन्त्य गर्ने । | ■ महिला वर्गको चेतनाको विकास गरी शिक्षामा महिला वर्गको पहुँच अभिवृद्धि गर्ने । | महिला, बालबालिका | जिल्ला प्रशासन कार्यालय, | निरन्तर | ■ सञ्चालित महिला शिक्षित अभियान ।<br>■ शिक्षित महिला सङ्ख्या । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|
| | | ■ विभिन्न निकायहरूको निर्णायक तहमा महिलाको सशक्त प्रतिनिधित्व सुनिश्चित गर्ने ।<br>■ सहकारी शिक्षामार्फत् महिलाहरूलाई शिक्षित गराउने अभियान सञ्चालन ।<br>■ सहकारी सङ्घसंस्थाहरू गठन गर्दा सञ्चालनक समितिमा कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व पुऱ्याउने ।<br>■ लैङ्गिक बजेट प्रणालीलाई संस्थागत बनाउँदै स्थानीयस्तरसम्म विस्तार ।<br>■ स्रोत र साधनमा महिलाको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने । | तथा समाज कल्याण मन्त्रालय<br>सहकारी तथा गरिबीनिवारण मन्त्रालय,<br>अर्थ मन्त्रालय | गैरसरकारी संस्था,<br>राष्ट्रिय सहकारी सङ्घ लि. | | ■ सहकारी सङ्घसंस्थामा भएको महिला प्रतिनिधित्वको अवस्था ।<br>■ महिलाको स्रोत र साधनमा पहुँच भएको हुने । |
| ६ | महिला उद्यमीहरूलाई प्रोत्साहन गर्न महिला उद्यमी विकास कोष स्थापना गर्ने । | ■ कोषको स्थापना ।<br>■ कोष सञ्चालनका लागि कानूनी व्यवस्था तयार । | उद्योग मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>अर्थ मन्त्रालय | निरन्तर | ■ महिला उद्यमीहरूको सङ्ख्या । |
| ७ | द्वन्द्व रूपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको हरेक तहमा महिलाको समावेशी, समान तथा अर्थपूर्ण सहभागिता तथा सुरक्षाको पूर्ण प्रत्याभूति गराउने । | ■ संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना कार्यान्वयन ।<br>■ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन सम्बन्धमा विभिन्न क्षेत्र तथा समूहसँग कार्यशाला गोष्ठी, अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्ने । | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,<br>UNIFEM<br>Peace Support Working Group | निरन्तर | ■ संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन स्थिति । |
| ८ | भू-स्वामित्वमा महिलाको पहुँच वृद्धि गर्दै लाने । | ■ महिला सशक्तीकरण कार्यक्रम सञ्चालन ।<br>■ महिलाको नाम समेत राखी संयुक्त नाममा जग्गा नामसारी ।<br>■ महिलालाई रजिष्ट्रेशन दस्तुरमा दिइने छुटमा वृद्धि गर्ने ।<br>■ पतिको नामबाट पत्नी र पतिको संयुक्त नामसारी गर्दा रु. १०० मा लिखत पारित ।<br>■ महिलालाई जग्गाको स्वामित्व दिने सम्बन्धमा चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>मालपोत कार्यालय | निरन्तर | ■ जग्गाको स्वामित्वमा महिलाको पहुँच भएको हुने ।<br>■ सम्पत्तिमा महिलाको स्वामित्व भएको हुने । |
| ९ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई सम्मानपूर्वक बाँच्न | ■ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक विरुद्ध समाजमा रहेको भ्रम र अविश्वास हटाउन जनचेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने । | महिला, बालबालिका तथा समाज | गृह मन्त्रालय<br>परराष्ट्र मन्त्रालय<br>गैरसरकारी संस्था | निरन्तर | ■ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक विरुद्ध समाजमा रहेको भ्रम र अविश्वास हटाउन जनचेतनामूलक क्रियाकलाप सञ्चालन भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|
| | पाउने अधिकारको संरक्षण गर्ने । | ▪ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका नाममा नागरिकता तथा राहदानी प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।<br>▪ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई निजहरूको पहिचान खुल्ने गरी शैक्षिक प्रमाणपत्र प्रदानसम्बन्धी । | कल्याण मन्त्रालय शिक्षा मन्त्रालय | | | ▪ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका नाममा नागरिकता तथा राहदानी प्रदान भएको हुने ।<br>▪ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई निजहरूको पहिचान खुल्ने गरी शैक्षिक प्रमाणपत्र प्रदान गरिएको हुने । |
| १० | ज्येष्ठ नागरिकहरूलाई समाजमा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्ने । | ▪ जेष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा प्रदान ।<br>▪ जेष्ठ नागरिकलाई प्रदान गरिएको भत्ता रकमको पुनरावलोकन गरी समयसापेक्ष बनाउने ।<br>▪ ५ विकास क्षेत्रमा वृद्धाश्रम निर्माण गरी सञ्चालन ।<br>▪ छोराछोरीलाई आफ्नो बाबुआमाप्रति जिम्मेवार बनाउने कानूनी व्यवस्था वा संयन्त्र निर्माणका सम्बन्धमा अध्ययन गरी अध्ययन प्रतिवेदन कार्यान्वयन ।<br>▪ जेष्ठ नागरिकको अनुभव र सीप उपयोग गर्ने सम्बन्धमा अध्ययन ।<br>▪ अन्तरपुस्ता फरक कम गर्ने सम्बन्धमा वृत्तचित्र निर्माण गरी प्रसारण ।<br>▪ जेष्ठ नागरिकलाई सम्मान गर्न पत्रपत्रिका, रेडियो, टेलिभिजन, एफएमहरूमार्फत् जनचेतनामूलक कार्यक्रमहरू प्रसारण । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय सम्बद्ध गैरसरकारी संस्थाहरू | निरन्तर | ▪ जेष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको हुने ।<br>▪ जेष्ठ नागरिकलाई प्रदान गरिएको भत्ता रकमको पुनरावलोकन गरी समयसापेक्ष वृद्धि भएको हुने ।<br>▪ ५ विकास क्षेत्रमा वृद्धाश्रम निर्माण गरी सञ्चालन भएको हुने ।<br>▪ छोराछोरीलाई आफ्नो बाबुआमाप्रति जिम्मेवार बनाउने कानूनी व्यवस्था वा संयन्त्र निर्माणका सम्बन्धमा अध्ययन गरी अध्ययन प्रतिवेदन तयार भएको हुने ।<br>▪ जेष्ठ नागरिकको अनुभव र सीप उपयोग गर्ने सम्बन्धमा अध्ययन गरी अध्ययन प्रतिवेदन तयार भएको हुने ।<br>▪ अन्तरपुस्ता फरक कम गर्ने सम्बन्धमा वृत्तचित्र निर्माण गरी प्रसारण भएको हुने ।<br>▪ जेष्ठ नागरिकलाई सम्मान गर्न पत्रपत्रिका, रेडियो, टेलिभिजन, एफएमहरूमार्फत् जनचेतनामूलक कार्यक्रमहरू प्रसारण भएको हुने । |
| ११ | अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्ने । | ▪ समुदायमा आधारित पुनःस्थापना कार्यक्रमका माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरूको मूलप्रवाहीकरण गर्ने ।<br>▪ अपाङ्ग संरक्षण तथा कल्याण ऐनमा व्यवस्था भएका सेवा र सुविधाहरू प्रदान ।<br>▪ अपाङ्गता भएका व्यक्तिका लागि विशेष शिक्षा तथा तालिम प्रदान ।<br>▪ सकारात्मक विभेदका कार्यक्रमहरू सञ्चालन ।<br>▪ अपाङ्गता भएका व्यक्तिको हक, अधिकारका बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन ।<br>▪ समुदायमा आधारित पुनःस्थापना कार्यक्रम ।<br>▪ साङ्केतिक भाषाको प्रवर्द्धनात्मक कार्यक्रम । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | निरन्तर | ▪ अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्ग संरक्षण तथा कल्याण ऐनमा व्यवस्था भएका सेवा र सुविधाहरू प्राप्त गरेका हुने ।<br>▪ अपाङ्गता भएका व्यक्तिका लागि विशेष शिक्षा तथा तालिम प्रदान गरिएको हुने ।<br>▪ सकारात्मक विभेदका कार्यक्रमहरू सञ्चालन गरिएको हुने ।<br>▪ अपाङ्गता भएका व्यक्तिको हक, अधिकारका बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|
| १२ | अपाङ्गमैत्री सडक निर्माण गर्ने । | ■ सहरी सडक अपाङ्गमैत्री बनाइने ।<br>■ Blind Sensitive traffic light निर्माण ।<br>■ सडक पेटी निर्माण गर्दा अपाङ्ग व्यक्ति, जेष्ठ नागरिक, साइकल यात्री र ह्वीलचियर समेतको लागि अनुकूल हुने गरी बाटो निर्माण गर्ने । | सडक विभाग डिभिजन सडक कार्यालय | सहरी विकास मन्त्रालय | तत्काल | ■ ५ कि.मी. सडक<br>■ २२ वटा ट्राफिक लाइट<br>■ सडक निर्माण भएको हुने । |
| १३ | सिंहदरवार परिसरभित्रका सरकारी भवनहरूलाई अपाङ्गमैत्री बनाउने । | ■ सिंहदरवार परिसरभित्रका प्रत्येक सरकारी भवनलाई अपाङ्गमैत्री भवनका रूपमा विकास गर्ने । | सहरी विकास मन्त्रालय | सिंहदरवार सचिवालयपुनर्निर्माण समिति<br>सहरी तथा भवन निर्माण विभाग | तीन वर्षभित्र | ■ अपाङ्गमैत्री भवनको सङ्ख्या । |
| १४ | सरकारी भवनहरूमा अपाङ्ग व्यक्तिहरूको सहज प्रवेश हुन सक्ने गरी अपाङ्गमैत्री भवनका रूपमा विकास गर्ने । | ■ नयाँ निर्माण हुने सरकारी भवन अपाङ्गमैत्री निर्माण । | सहरी विकास मन्त्रालय | सहरी तथा भवन निर्माण विभाग | निरन्तर | ■ अपाङ्गमैत्री भवनको सङ्ख्या । |
| १५ | विशेष तथा पारा खेलकुदको विकास र विस्तार गर्ने । | ■ नेत्रहीन क्रिकेट (महिला/पुरुष)<br>■ बहिरा क्रिकेट (महिला/पुरुष)<br>■ अपाङ्ग फुटवल<br>■ बहिरा एथलेटिक्स<br>■ सुस्त मनस्थिति खेलकुद<br>■ बोसिया खेलकुद<br>■ टेवलटेनिस<br>■ बास्केटबल | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्, क्षेत्रीय खेलकुद विकास समिति, जिल्ला खेलकुद विकास समिति, प्यारा खेलसम्बन्धी सङ्घसंस्थाहरू | निरन्तर | ■ खेलमा सहभागी खेलाडी सङ्ख्या ।<br>■ खेलमा सहभागी जिल्ला सङ्ख्या ।<br>■ पूर्वाधार तयार भएको सङ्ख्या । |
| १६ | महिला, बालबालिका, जेष्ठ नागरिक, आदिवासी/जनजाति, दलित, मधेशी, अपाङ्ग, पिछडिएको वर्ग एवं क्षेत्रको उत्थान गर्ने । | ■ लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा दायरामा वृद्धि ।<br>■ महिला, बालबालिका, जेष्ठ नागरिक, आदिवासी/जनजाति, दलित, मधेशी, अपाङ्ग, पिछडिएको क्षेत्र र समुदायलाई सहुलियत दिन आवश्यक व्यवस्था । | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग | निरन्तर | ■ लैङ्गिक उत्तरदायी बजेट निर्माण भएको हुने ।<br>■ महिला, बालबालिका, जेष्ठ नागरिक, आदिवासी/जनजाति, दलित, मधेशी, अपाङ्ग, पिछडिएको क्षेत्र र समुदायले सहुलियत प्राप्त गरेको हुने । |
| १७ | सार्वजनिक यातायातमा महिला, अपाङ्ग तथा जेष्ठ नागरिकलाई सिट आरक्षणसम्बन्धी व्यवस्था गर्ने । | ■ सार्वजनिक यातायातमा अशक्त, महिला, अपाङ्ग, जेष्ठ यात्रुहरूको लागि आरक्षण सिट व्यवस्था गरिने ।<br>■ जेष्ठ नागरिकलाई परिचयपत्रका आधारमा यातायात भाडादरमा सहुलियतको व्यवस्था । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | यातायात व्यवस्था विभाग<br>बस व्यवसाय समितिहरू,<br>नेपाल प्रहरी | निरन्तर | ■ सार्वजनिक यातायातमा आरक्षणको व्यवस्था र कार्यान्वयन भएको हुने । |

## ३.१.८ नेपालको अन्तर्राष्ट्रिय दायित्व

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनबाट सिर्जित दायित्वलाई कार्यान्वयन गर्ने । | ■ मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनबाट सिर्जित दायित्वलाई कार्यान्वयन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समन्वय तथा सहयोग जुटाउँदै आवधिक प्रतिवेदन र सूचना जानकारी सम्प्रेषण गर्ने क्षमतामा अभिवृद्धि गर्न थप स्रोत, साधनको व्यवस्था गर्ने ।<br>■ मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनद्वारा सिर्जित आवधिक प्रतिवेदन र सूचना सम्प्रेषणमा संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय लगायतको संस्थागत सुदृढीकरण गर्ने ।<br>■ मानव अधिकारसम्बन्धी आवधिक प्रतिवेदन लगायत माग बमोजिमका सूचनाहरू तयार गरी संयुक्त राष्ट्रसङ्घीय संयन्त्रहरूमा पेश गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>परराष्ट्र मन्त्रालय | अर्थ मन्त्रालय<br>सम्बद्ध सबै मन्त्रालय | निरन्तर | ■ स्रोत र साधनको पर्याप्त व्यवस्था ।<br>■ आवधिक प्रतिवेदनको गुणस्तर र परिणाम । |
| २ | मानव अधिकारसँग सम्बन्धित नयाँ कानूनको निर्माण र मौजुदा कानूनमा पुनरावलोकन गर्ने । | ■ यातनालाई पूर्णरुपमा अपराधीकरण गर्ने सम्बन्धमा नयाँ ऐन निर्माण ।<br>■ जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्यलाई कसुर कायम गर्ने नयाँ कानून निर्माण गर्ने ।<br>■ अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नयाँ कानून । | गृह मन्त्रालय<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>शान्ति तथा पुनर्निर्माण मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पहिलो दुई वर्षभित्रमा | ■ ऐनहरू निर्माण भएको हुने । |
| ३ | मानव अधिकार र मानवीय कानूनको प्रचार प्रसार गर्ने । | ■ नेपाल पक्ष भएका मानव अधिकार एवं मानवीय कानूनसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजका व्यवस्थाहरू र महासन्धि अन्तर्गतका समितिले दिएका सुझावहरूको प्रचार प्रसार । | गृह मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार आयोग | निरन्तर | ■ नेपालले अनुमोदन गरेका मानव अधिकार र मानवीय कानूनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूको प्रकाशन तथा प्रचार प्रसार सङ्ख्या । |
| ४ | मानव अधिकार र मानवीय कानूनसम्बन्धी सचेतना अभिवृद्धि गर्ने । | ■ मानव अधिकार र मानवीय कानूनको विषयमा स्थानीय तह र शैक्षिक संस्थाहरूमा सचेतनामूलक कार्यक्रम । | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>शिक्षा मन्त्रालय<br>गृह मन्त्रालय | निरन्तर | ■ मानव अधिकार र मानवीय कानूनका सम्बन्धमा स्थानीय तहमा नै जानकारी भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ५ | सूचनाको हकसम्बन्धी विद्यमान कानूनलाई प्रभावकारी कार्यान्वयन गर्ने । | ■ सार्वजनिक सरोकारको सूचना नियमितरूपमा प्रवाहको व्यवस्था ।<br>■ प्रत्येक निकायमा सूचना अधिकारीको व्यवस्था र निजलाई सम्बन्धित निकायको सूचनामा पहुँचको सुनिश्चितता ।<br>■ सूचनाको हकसम्बन्धी ऐन र नियमावलीलाई समयसापेक्ष रूपमा अद्यावधिक गर्न संशोधन गर्ने प्रक्रिया अघि बढाउने ।<br>■ पत्रकारहरूका लागि सूचनाको हकसम्बन्धी सचेतना अभिवृद्धि गर्न सचेतना अभिमुखीकरण तालीम कार्यक्रम । | सूचना तथा सञ्चार मन्त्रालय | प्रेस काउन्सिल | निरन्तर | ■ सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा समयसापेक्ष संशोधन भएको हुने ।<br>■ पत्रकारहरूको लागि सूचनाको हकसम्बन्धी सचेतना अभिवृद्धि गर्न सचेतना अभिमुखीकरण तालीम सञ्चालन भएको हुने ।<br>■ नागरिकको आफ्नो र सार्वजनिक सरोकारको सूचनामा पहुँच भएको हुने । |
| ६ | यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले व्यवस्था गरेको क्षतिपूर्तिको प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने । | ■ ऐनले व्यवस्था गरेको क्षतिपूर्ति तुरुन्त उपलब्ध गराउन केन्द्रीयस्तरमा यातना क्षतिपूर्ति कोषको व्यवस्था । | गृह मन्त्रालय | अर्थ मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पहिलो वर्षदेखि निरन्तर | ■ यातना पीडित क्षतिपूर्ति कोषको उपयोग र बजेटमा यसको प्रावधान । |
| ७ | वातावरण र मानव स्वास्थ्यको सुरक्षार्थ GMO, LMO बारे अनुसन्धान, पहिचान, व्यवस्थापन गर्न जैविक सुरक्षासम्बन्धी कानून तर्जुमा गरी लागू गर्ने । | ■ कानूनको तर्जुमा । | वन तथा भूसंरक्षण मन्त्रालय<br>कृषि विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ३ वर्ष | ■ कानून तर्जुमा भएको हुने । |
| ८ | मुलुकको अनुवांशिक स्रोत र परम्परागत ज्ञानको संरक्षणार्थ तथा त्यस्तो सम्पत्तिको सदुपयोग र लाभको समन्यायिक वितरणको व्यवस्था मिलाउने । | ■ अनुवांशिक स्रोत (पहुँच र लाभको बाँडफाँड) कानून निर्माण गर्ने । | वन तथा भूसंरक्षण मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ३ वर्ष | ■ कानून तर्जुमा भएको हुने । |
| ९ | जलवायु परिवर्तनको उच्च जोखिममा रहेको समुदायको सुरक्षा गर्ने । | ■ जोखिम न्यूनीकरण र पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने । | वन तथा भूसंरक्षण मन्त्रालय<br>विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | गृह मन्त्रालय | निरन्तर | ■ उच्च जोखिममा रहेका समुदायको सुरक्षा । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १० | अन्तर्राष्ट्रिय महासन्धि, इच्छाधीन आलेख तथा आलेखहरूको पक्षराष्ट्र बन्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने । | ■ अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६, सबै प्रकारका आप्रवासी कामदार तथा तिनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० लगायत राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस गरिएका अन्तर्राष्ट्रिय महासन्धि, इच्छाधीन आलेख तथा आलेखहरूको पक्षराष्ट्र बन्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>गृह मन्त्रालय<br>श्रम तथा रोजगार मन्त्रालय | परराष्ट्र मन्त्रालय | निरन्तर | ■ अध्ययन प्रतिवेदन । |

### ३.१.९ खाद्य सुरक्षा (खाद्य स्वच्छता र सम्प्रभुता, स्वस्थ कृषि वस्तु उत्पादन तथा बिक्री, वितरण र उपभोक्ता हक)

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | पहाडी तथा अतिदुर्गम हिमाली ३० जिल्लाका जनतालाई गुणस्तर तथा सुपथ मूल्यमा खाद्यान्न (चामल, मकै र गहुँ आदि) उपलब्ध गराउने (वर्षात्को आरम्भ अगावै)। | ■ खाद्यान्नको अभाव हुने हिमाली र पहाडी जिल्लामा खाद्यान्न ढुवानीमा अनुदान दिई त्यहाँका बासिन्दालाई सरल र सर्वसुलभ रूपमा खाद्यान्न उपलब्ध गराउने।<br>■ बजारमा अप्रत्यासित रूपमा हुने मूल्य वृद्धिलाई रोक्न खाद्यान्नको बिक्री वितरण।<br>■ प्राकृतिक तथा दैवी प्रकोपको समयमा खाद्यान्नको अभाव हुन नदिने व्यवस्था।<br>■ खाद्य भण्डारणको व्यवस्था।<br>■ महिला, दलित, पिछडावर्ग, सीमान्तकृत, बादी समुदाय आदिलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने। | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल खाद्य संस्थान | गृह मन्त्रालय<br>सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | निरन्तर | ■ खाद्यान्न अभाव क्षेत्रका जनतालाई सुपथ मूल्यमा खाद्यान्न (चामल, मकै, गहुँ आदि) उपलब्ध भएको हुने। |
| २ | पहाडी तथा अति दुर्गम हिमाली २२ जिल्ला र अन्य सुगम जिल्लाहरूमा आयोडिनयुक्त नूनको सरल र सर्वसुलभ आपूर्ति गर्ने। | ■ देशभर आयोडिनयुक्त नूनको बिक्री वितरण।<br>■ आयोडिनयुक्त नूनको उपभोग बारे उपभोक्तामा सचेतनाको अभिवृद्धि।<br>■ हिमाली तथा पहाडी जिल्लाहरूमा नूनको ढुवानी।<br>■ अनुदान प्राप्त नूनको सर्वसुलभ रूपमा उपलब्धता।<br>■ गुणस्तरको सुनिश्चितता प्राप्त नूनको बिक्री वितरण। | वाणिज्य तथा आपूर्ति मन्त्रालय | गृह मन्त्रालय<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | निरन्तर | ■ नेपालभर आयोडिनयुक्त नूनको सरल र सर्वसुलभ आपूर्ति भएको हुने। |
| ३ | गुणस्तरयुक्त खाद्यान्नको सर्वसुलभता र उचित मूल्यमा वस्तुको उपलब्धताका लागि बजार अनुगमन कार्य प्रभावकारी बनाई गुणस्तरको सुनिश्चिता प्रदान गर्ने। | ■ खाद्यान्नको कृत्रिम मूल्य वृद्धिको अनुगमन गरी कृत्रिम मूल्य वृद्धि हुन नदिने कार्य।<br>■ खाद्य पदार्थमा हुने मिसावट रोकी गुणस्तरीय वस्तुको सुनिश्चिततासम्बन्धी कार्य।<br>■ आधारभूत खाद्य पदार्थ र पिउने पानीको गुणस्तर परीक्षणका लागि प्रत्येक जिल्लामा प्रयोगशालाको स्थापना।<br>■ मानव शरीरमा हानि पुऱ्याउने अखाद्य वस्तु, सडेगलेका म्याद सकिएका वस्तुको बिक्री वितरणमा रोक लगाउने तथा त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गर्न कानूनी कारवाही।<br>■ खाद्यवस्तुको गुणस्तरको परीक्षण तथा सुधार। | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि विकास मन्त्रालय | गृह मन्त्रालय<br>संयुक्त बजार अनुगमन समिति | निरन्तर | ■ निरन्तर रूपमा बजारको अनुगमन भई गुणस्तरयुक्त वस्तुको उपलब्धता र मूल्य नियन्त्रण भएको हुने। |
| ४ | कृषि तथा पशुपंक्षीजन्य वस्तुहरूको उत्पादन तथा उत्पादकत्व बढाउने। | ■ विभिन्न खाद्यान्न बालीहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि विकास / प्रसारका कार्यक्रमसँग सम्बन्धित मिसन कार्यक्रमहरू सञ्चालन।<br>■ व्यावसायिक तरकारी र फलफूल उत्पादन, व्यावसायिक मत्स्य पालन तथा व्यावसायिक पशु पालन कार्यक्रम सञ्चालन।<br>■ मौरी पालन तथा च्याउ उत्पादन क्षेत्र विस्तार।<br>■ कृषि उपज बजारीकरणको लागि बजार पूर्वाधार र अन्य कार्यक्रममा अनुदान। | कृषि विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग<br>अर्थ मन्त्रालय,<br>विदेशी दातृ निकाय | सालबसाली | ■ खाद्य सुरक्षाको सुनिश्चितता हुन सहयोग पुग्ने।<br>■ आयात प्रतिस्थापन हुने।<br>■ निर्यात प्रवर्द्धन हुने। |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ५ | बीउ, बिरुवा तथा बिरुवाजन्य उपजहरूको स्वच्छता कायम गर्दै मानवले स्वस्थ भएर बाँच्न पाउने अधिकारको सुनिश्चितता प्रदान गर्ने । | ■ गुणस्तरीय बीउ, बिरुवा तथा बिरुवाजन्य उपजहरूको आयात तथा निर्यातको लागि प्रमाणपत्र जारी ।<br>■ अस्वस्थकर बीउ, बिरुवा तथा बिरुवाजन्य उपजहरूको स्वच्छता परीक्षण ।<br>■ विद्यमान क्वारेन्टाइन व्यवस्थालाई मानव स्वास्थ्यमैत्री बनाउन ।<br>■ आधुनिक एवं विश्व मान्यता प्राप्त क्वारेन्टाइन ल्यावको स्थापना तथा सुदृढीकरण ।<br>■ स्थानीयस्तरमा हुनसक्ने उत्पादनको लागि कृषकहरूलाई प्रोत्साहन र टेवा पुर्‍याउने ।<br>■ खाद्य पहुँच सुनिश्चित गर्ने । | कृषि विकास मन्त्रालय कृषि विभाग अन्तर्गतका क्वारेन्टाइन कार्यालय तथा प्रयोगशालाहरू | भन्सार विभाग, उद्योग वाणिज्य महासङ्घ तथा अन्य निकायहरू | सालबसाली | ■ समयमा बिरुवा स्वच्छता प्रमाणपत्र जारी भएको हुने ।<br>■ बीउ, बिरुवा तथा बिरुवाजन्य उपजहरूको स्वच्छता परीक्षण गर्ने कानूनी व्यवस्थाका साथै संयन्त्रको स्थापना भई कार्य गरेको हुने ।<br>■ अन्तर्राष्ट्रियस्तरको क्वारेन्टाइन ल्यावको स्थापना र सञ्चालन भएको हुने । |
| ६ | बाली बिरुवामा विषादिको प्रयोगमा न्यूनीकरण गर्दै लैजाने । | ■ विषादिको कम प्रयोग गर्दै यसको नकारात्मक असर बारे जनचेतनाका कार्यक्रमहरू सञ्चालन ।<br>■ आई.पि.एम. (integrated pesticide management) कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन ।<br>■ मानव स्वास्थ्यलाई हानि नोक्सानी पुर्‍याउने किसिमका विषादिहरूको आयातमा रोक ।<br>■ विषादिको आयात तथा बिक्री वितरणको अवस्थाको प्रभावकारी अनुगमन । | कृषि विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद् | सालबसाली | ■ प्रत्येक जिल्लामा विषादिको कम प्रयोग गर्दै यसको नकारात्मक असर बारे जनचेतनाका कार्यक्रमहरू सञ्चालन भएको हुने ।<br>■ आई.पि.एम. कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुने ।<br>■ मानव स्वास्थ्यलाई हानि नोक्सानी पुर्‍याउने विषादिहरूको आयातमा रोक लागेको हुने ।<br>■ जैविक विषादि प्रयोगका सम्बन्धमा जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन भएको हुने ।<br>■ विषादिको आयात तथा बिक्री वितरणको अवस्थाको प्रभावकारी अनुगमनका लागि अनुगमन संयन्त्र स्थापना भई कार्य गरेको हुने । |
| ७ | पशुजन्य पदार्थ प्रशोधन तथा बजारीकरण गरी शुद्ध, स्वस्थ पशुजन्य पदार्थ उपलब्ध गराई पोषण एवं मानव स्वास्थ्यको प्रवर्द्धन गर्ने । | ■ प्रत्येक जिल्लामा पशु बधशालाको स्थापना ।<br>■ सबै जिल्लामा व्यवस्थित पशु हाटबजार, पशु सङ्कलन केन्द्र र मासु पसलको स्थापना । | कृषि विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग<br>अर्थ मन्त्रालय<br>स्थानीय निकायहरू | निरन्तर | ■ प्रत्येक जिल्लामा पशु बधशालाको स्थापना भएको हुने ।<br>■ सबै जिल्लामा व्यवस्थित पशु हाटबजार, पशु सङ्कलन केन्द्र र मासु पसलको स्थापना भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ८ | गुणस्तरीय कृषि सामग्री र मल, बीउ आदिको समयमै समुचित व्यवस्था, प्राङ्गारिक कृषिलाई प्रोत्साहन दिने, स्थानीय जातका पशुपंक्षी तथा बालीनालीको उत्पादन वृद्धि गर्ने। | ▪ उत्पादनको ब्रान्ड प्रवर्द्धन तथा प्रमाणीकरण ।<br>▪ एकीकृत शत्रु जीव व्यवस्थापन प्रविधि ।<br>▪ वर्णशंकर बीउ अनुसन्धान तथा उत्पादन ।<br>▪ स्थानीय जातका पशुपंक्षी तथा बालीनालीको उत्पादन वृद्धि गर्ने । | कृषि विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग<br>अर्थ मन्त्रालय | निरन्तर | ▪ प्रतिव्यक्ति प्रतिवर्ष उत्पादनको लक्ष्य प्राप्त भएको हुने ।<br>▪ स्थानीय पशुपंक्षी तथा बालीनालीको उत्पादन वृद्धि गर्ने । |
| ९ | उपभोक्ता हकहित संरक्षण गर्ने । | ▪ उपभोक्ताको हकहित संरक्षणका लागि कार्य गर्ने ।<br>▪ उपभोक्ताको हकहित संरक्षण र प्रवर्द्धन गर्ने कार्य सञ्चालन ।<br>▪ उपभोक्ताको हकहितसँग सम्बन्धित संस्थाहरूलाई सहयोग ।<br>▪ उपभोक्ता हकहितसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन ।<br>▪ उपभोक्ता सहकारी संस्था गठन ।<br>▪ गुणस्तरीय सामग्रीहरूको खरिद गरी सहकारीमार्फत् सुलभ मूल्यमा गुणस्तरीय सामग्री आपूर्ति ।<br>▪ बजारमा अप्रत्याशित रुपमा हुने मूल्य वृद्धिलाई रोक्न बजार अनुगमनमा जोड दिने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, डिभिजन सहकारी कार्यालयहरू, सहकारी सङ्घसंस्थाहरू | अर्थ मन्त्रालय<br>कृषि विकास मन्त्रालय<br>जिल्ला प्रशासन कार्यालय, गैरसरकारी संस्थाहरू, राष्ट्रिय सहकारी सङ्घ लिमिटेड | निरन्तर | ▪ उपभोक्ता हकहित संरक्षणसम्बन्धी जनचेतनामूलक कार्यक्रम लक्षित वर्गसम्म पुगेको हुने ।<br>▪ सहकारीद्वारा वितरीत सामग्रीहरूको परिमाण, गुणस्तर र मूल्य । |
| १० | खाद्य स्वच्छताको माध्यमबाट मानव स्वास्थ्यको रक्षा गर्ने । | ▪ प्रभावकारी रुपमा खाद्यवस्तुको गुणस्तर अनुगमन गर्ने । | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत कार्यालयहरु | भन्सार विभाग<br>स्थानीय प्रशासन | निरन्तर | ▪ खाद्यवस्तुको गुणस्तरको अनुगमन भएको हुने । |
| | | ▪ गुणस्तरीय खाद्यवस्तुको आयात निर्यात प्रमाणपत्र जारी गर्ने ।<br>▪ खाद्यवस्तुको गुणस्तर बारे सरोकारवालालाई जानकारी दिने ।<br>▪ खाद्य प्रविधि तथा प्रशोधनसम्बन्धी तालिम प्रदान गरी रोजगार सिर्जना गर्ने । | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत क्वारेन्टाइन कार्यालयहरु | भन्सार विभाग<br>वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | निरन्तर | ▪ समयमा प्रमाणपत्र जारी हुने ।<br>▪ गुणस्तर बारे सम्बन्धित पक्षलाई जानकारी हुने ।<br>▪ क्वारेन्टाइन चेकजाँच प्रभावकारी भएको हुने । |
| | | ▪ खाद्य प्रविधि तथा प्रशोधनसम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>▪ तालिम कार्यक्रममा मानव अधिकारसम्बन्धी विषयवस्तु संलग्न गर्ने ।<br>▪ तालिममा कम्तीमा ३३ प्रतिशत महिला सहभागी अनिवार्य गर्ने । | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत कार्यालयहरु | जिल्ला कृषि विकास कार्यालय<br>जिल्ला पशु सेवा कार्यालय | वार्षिक | ▪ खाद्य प्रविधि तथा प्रशोधनसम्बन्धी तालिम प्राप्त गरी रोजगार सिर्जना भएको हुने । |

## ३.१.१० संक्रमणकालीन न्याय र द्वन्द्वपीडित

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | सशस्त्र द्वन्द्वसँग सम्बन्धित घटनाहरूको सत्य तथ्य पत्ता लगाउने, दोषीलाई कारवाही गर्ने तथा पीडितलाई परिपूरणको व्यवस्था गर्ने । | ■ संवैधानिक व्यवस्था एवं अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगको गठन ।<br>■ बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यसञ्चालनमा सहयोग पुऱ्याउने ।<br>■ सशस्त्र द्वन्द्वसँग सम्बन्धित घटनाहरूको सत्य तथ्य पत्ता लगाउने, दोषीलाई कारवाही गर्ने तथा पीडितलाई परिपूरणको व्यवस्था । | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>गृह मन्त्रालय<br>रक्षा मन्त्रालय | प्रथम वर्षदेखि निरन्तर | ■ आयोगहरूको गठन भई कार्य प्रारम्भ भएको हुने ।<br>■ आयोगहरूमार्फत् घटनाहरूका बारेमा सत्य तथ्यको विस्तृत विवरणसहितको प्रतिवेदन, आयोगहरूका निर्णय तथा सिफारिसहरू ।<br>■ दोषीलाई भएका कारवाहीको विवरण ।<br>■ पीडितहरूले प्राप्त गरेको परिपूरणको विवरण । |
| २ | द्वन्द्वपीडितहरूलाई पुन:स्थापना तथा पुन:एकीकरण एवं द्वन्द्वबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण गर्ने । | ■ सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्ति तथा परिवारको तथ्याङ्क सङ्कलन र निजहरूलाई परिपूरण प्रदान गर्ने ।<br>■ द्वन्द्वपीडितहरूको तथ्याङ्क आधार (Data Base) तयार ।<br>■ सम्पत्तिको क्षति भएका व्यक्तिहरूलाई राहत/आर्थिक सहयोग प्रदान ।<br>■ द्वन्द्वपीडितहरूका लागि सीपमूलक तालिम सञ्चालन ।<br>■ मृतकका हकदारलाई आर्थिक सहायता प्रदान ।<br>■ मानसिक असर परेका पीडितलाई मनोसामाजिक परामर्श प्रदान ।<br>■ मृतकका विधवालाई आर्थिक सहायता प्रदान ।<br>■ सहिद परिवारलाई जीवन निर्वाह भत्ता प्रदान ।<br>■ बेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक सहायता प्रदान ।<br>■ विस्थापित व्यक्ति र परिवारलाई राहत सुविधा प्रदान ।<br>■ द्वन्द्वपीडित बालबालिकालाई छात्रवृत्ति प्रदान ।<br>■ निजी सम्पत्ति क्षति भएका व्यक्तिलाई राहत सुविधा प्रदान ।<br>■ अपहरणमा परेका व्यक्तिलाई राहत प्रदान ।<br>■ घाइते, अङ्गभङ्ग, अपाङ्ग भएकालाई आर्थिक सहायता तथा उपचार खर्च प्रदान ।<br>■ सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन । | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | राष्ट्रिय योजना आयोग<br>गृह मन्त्रालय<br>अर्थ मन्त्रालय<br>स्थानीय विकास मन्त्रालय<br>श्रम तथा रोजगार मन्त्रालय<br>शिक्षा मन्त्रालय<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>सूचना तथा सञ्चार मन्त्रालय<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>युनिसेफ (UNICEF)<br>UN Women<br>गैरसरकारी संस्था<br>नागरिक समाज । | निरन्तर | ■ द्वन्द्वबाट पीडित व्यक्ति तथा संरचनाको तथ्याङ्काधार (data base)<br>■ राहत तथा आर्थिक सहायता प्राप्त गर्ने व्यक्तिहरूको सङ्ख्या ।<br>■ सीपमूलक तालिम प्राप्त गर्ने व्यक्तिहरूको सङ्ख्या ।<br>■ छात्रवृत्ति प्राप्त गर्ने द्वन्द्वपीडित बालबालिकाको सङ्ख्या ।<br>■ सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन स्थिति ।<br>■ संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन स्थिति ।<br>■ मर्मत सम्भार तथा पुनर्निर्माण भएका भौतिक संरचनाको सङ्ख्या ।<br>■ पुनर्स्थापना भएका द्वन्द्वपीडित बालबालिकाको सङ्ख्या । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | | ▪ संयुक्त राष्ट्रसङ्घ प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन ।<br>▪ क्षतिग्रस्त भौतिक संरचनाको लगत सङ्कलन ।<br>▪ क्षतिग्रस्त भौतिक संरचनाको मर्मत सम्भार र पुनर्निर्माण ।<br>▪ द्वन्द्वपीडित बालबालिकाको पुनर्स्थापन । | | | | |
| ३ | शान्ति र मेलमिलापको वातावरण कायम गरी राजनीतिक र सामाजिक स्थायित्व कायम गर्न मद्दत गर्ने । | ▪ स्थानीय शान्ति समितिलाई क्रियाशील गर्ने ।<br>▪ शान्तिसम्बन्धी जनचेतना अभिवृद्धि ।<br>▪ प्रत्येक जिल्ला एवं आवश्यक नगरपालिका/गा.वि.स.मा स्थानीय शान्ति समिति गठन ।<br>▪ स्थानीय शान्ति समितिमार्फत् समाजमा मेलमिलाप कायम गराउने ।<br>▪ स्थानीय शान्ति समितिका पदाधिकारीहरूलाई सीप विकास र क्षमता अभिवृद्धि ।<br>▪ शान्तिसम्बन्धी समसामयिक विषयको प्रचार प्रसार ।<br>▪ शान्तिसम्बन्धी बुलेटिन प्रकाशन ।<br>▪ विस्तृत शान्ति सम्झौता र अन्य सहमति/सम्झौताहरूको प्रकाशन । | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | गृह मन्त्रालय<br>रक्षा मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार आयोग<br>मानव अधिकार एवं कानूनी क्षेत्रमा कार्यरत गैरसरकारी संस्था<br>नागरिक समाज<br>छापा तथा विद्युतीय सञ्चार माध्यमहरू | प्रथम वर्षदेखि निरन्तर | ▪ जिल्ला, नगरपालिका/ गा.वि.स.मा गठन भएका स्थानीय शान्ति समितिको सङ्ख्या ।<br>▪ स्थानीय शान्ति समितिमार्फत् समाजमा मेलमिलाप कायम गराएको सङ्ख्या ।<br>▪ अभिमुखीकरण तालिम र छापा तथा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित/प्रसारित कार्यक्रमको सङ्ख्या ।<br>▪ शान्तिसम्बन्धी प्रकाशित बुलेटिनको सङ्ख्या ।<br>▪ सहमति/सम्झौताहरूको प्रकाशनको स्थिति । |
| ४ | बारुदी सुरुङ्ग तथा द्वन्द्वकालीन विस्फोटक अवशेषहरूको व्यवस्थापन गर्ने । | ▪ बारुदी सुरुङ्ग तथा द्वन्द्वकालीन विस्फोटक अवशेषहरू विस्फोट भई पीडित भएका र हुने व्यक्तिहरूका लागि राहत, क्षतिपूर्ति र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन । | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>रक्षा मन्त्रालय<br>गृह मन्त्रालय<br>UNMAT | प्रथम वर्षदेखि निरन्तर | ▪ राहत, क्षतिपूर्ति र पुनर्स्थापना भएको सङ्ख्या ।<br>▪ जोखिम शिक्षासम्बन्धी सञ्चालित कार्यक्रम तथा लाभान्वित व्यक्तिहरूको सङ्ख्या । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ५ | द्वन्द्वरत समूहहरूलाई राजनीतिक मूल प्रवाहमा ल्याई सुरक्षा र विकासको अधिकार प्रवर्द्धन गर्ने । | ▪ द्वन्द्वरत समूहहरूसँग वार्ता तथा सम्झौता ।<br>▪ द्वन्द्वरत समूहहरूसँग सम्पर्क कायम ।<br>▪ वार्ताको रणनीति तथा अन्य तयारी ।<br>▪ वार्ता, सम्झौता/सहमति कायम गरी कार्यान्वयन । | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | सरकारी वार्ता टोली<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>गृह मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>द्वन्द्वरत समूहहरू<br>नागरिक समाज | प्रथम वर्षदेखि निरन्तर | ▪ सम्पर्क कायम गरिएका द्वन्द्वरत समूहहरूको सङ्ख्या ।<br>▪ वार्ताको रणनीति तथा अन्य तयारी भएको हुने ।<br>▪ विभिन्न समूहसँग वार्ता भएको पटक ।<br>▪ सहमति/सम्झौता कार्यान्वयन अनुगमन प्रतिवेदन । |
| ६ | द्वन्द्वोत्तर (Post-Conflict) अवस्थाको व्यवस्थापनमा सहयोग गर्ने । | ▪ द्वन्द्वपीडित तथा विस्थापितहरूलाई सुरक्षाको प्रत्याभूति प्रदान गरी विस्थापितहरूलाई घर फर्कने वातावरण सिर्जना गर्ने ।<br>▪ विस्थापित प्रहरी इकाईहरूको पुनर्स्थापना गर्ने ।<br>▪ जफत गरिएको सम्पत्ति फिर्ता गराउन सहयोग गर्ने ।<br>▪ राष्ट्रिय मानव अधिकार आयोग एवं अन्य अधिकार प्राप्त छानविन समितिबाट प्राप्त सिफारिस समेतको आधारमा पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने एवं दोषी उपर कारवाही गर्ने । | गृह मन्त्रालय | शान्ति तथा पुनर्निर्माण मन्त्रालय<br>अर्थ मन्त्रालय<br>रक्षा मन्त्रालय<br>राजनीतिक दल<br>राष्ट्रिय मानव अधिकार आयोग | पहिलो वर्षदेखि निरन्तर | ▪ सुरक्षित घर फिर्ती भएका वा पुनर्स्थापना भएका विस्थापितहरूको सङ्ख्या ।<br>▪ क्षतिपूर्ति प्राप्त गरेका व्यक्तिहरूको सङ्ख्या । |

## ३.१.११ मानव अधिकार शिक्षा

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न सुरक्षा निकायहरूमा कार्यरत जनशक्तिको विकास तथा विस्तार गर्ने । | ▪ मानव अधिकारसम्बन्धी ज्ञानको लागि तालिम सञ्चालन गर्ने ।<br>▪ मानव अधिकारसम्बन्धी गोष्ठी, बैठक र सम्मेलन आयोजना गर्ने ।<br>▪ सुरक्षा निकायहरूका तालिम निर्देशिकामा मानव अधिकारको विषय समाविष्ट गर्ने ।<br>▪ तालिममा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी विषयहरू समावेश गर्ने ।<br>▪ मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी स्वदेशी तथा वैदेशिक तालिममा सहभागी गराउने ।<br>▪ मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतासम्बन्धी विषयमा जानकारी गराउने । | गृह मन्त्रालय<br>रक्षा मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शान्ति तथा पुनर्निमाण मन्त्रालय, अर्थ मन्त्रालय कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय दातृ निकायहरू | निरन्तर | ▪ सुरक्षा निकाय कार्यरत जनशक्तिमा मानव अधिकारप्रति संवेदनशीलता तथा सजगता । |
| २ | नियमित अनुगमन गरी मानव अधिकार प्रवर्द्धनलाई सुदृढीकरण गर्ने । | ▪ मानव अधिकार प्रवर्द्धनका लागि नेपाली सेनाका गतिविधिको नियमित अनुगमन संयन्त्र ।<br>▪ मानव अधिकारसम्बन्धी कार्यक्रम सञ्चालनमा रक्षा मन्त्रालय र नेपाली सेना बीच समन्वय । | रक्षा मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाली सेना | निरन्तर | ▪ प्रगति विवरण एवं प्रतिवेदन । |
| ३ | अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी प्रशिक्षणको लागि सहजीकरण गर्ने । | ▪ मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको सैनिक सिद्धान्त (Military doctrine) लाई सैनिक तालिम, सैनिक हतियार तथा कार्यान्वयन (Sanction) मा आन्तरिकीकरण गर्ने ।<br>▪ मानव अधिकार र मानवीय कानूनको संरक्षणको लागि सैनिक कार्यसञ्चालन (SOP) परिमार्जन ।<br>▪ अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी विषयवस्तुलाई केन्द्रित गरी जर्नल प्रकाशन ।<br>▪ तालिमको प्रयोजनको लागि जेनेभा कन्भेन्सन्स, १९४९ का प्रावधानहरू झल्कने नेपाली भाषामा वृत्तचित्र तयार । | रक्षा मन्त्रालय<br>नेपाली सेना | राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, आई.सि.आर.सी., यू.एन. ओमन तथा मानव अधिकारसँग सम्बन्धित सहयोगी निकाय | निरन्तर | ▪ मानव अधिकार उल्लङ्घनमा दोषीलाई कारवाहीको सङ्ख्या ।<br>▪ मानव अधिकारसम्बन्धी चेतना अभिवृद्धि गर्ने वृत्तचित्र लगायत अन्य सामग्रीहरूको सङ्ख्या ।<br>▪ जेनेभा कन्भेन्सन्ले स्थापित गरेका मापदण्डहरूलाई एकीकृत गरी हाते पुस्तिका तयार भएको हुने । |
| ४ | नेपालको तर्फबाट अन्तर्राष्ट्रिय निकायहरूमा प्रतिवाद/जवाफ पठाउने सम्बन्धी सीप विकास गर्ने । | ▪ अन्तर्राष्ट्रिय निकायहरूमा पठाइने प्रतिवाद/जवाफ तयारीसम्बन्धी सीप विकास ।<br>▪ स्वदेशी तथा विदेशी निकायहरूद्वारा सञ्चालित तालिम/सेमिनारहरूमा सहभागिता । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>परराष्ट्र मन्त्रालय | रक्षा मन्त्रालय<br>गृह मन्त्रालय<br>शान्ति तथा पुनर्निर्माण मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>नेपाली सेना<br>नेपाल प्रहरी | निरन्तर | ▪ सीप विकास भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
| --- | --- | --- | --- | --- | --- | --- |
| ५ | वन मन्त्रालय अन्तर्गतका अर्धन्यायिक निकायहरूमा कार्यरत जनशक्तिका लागि मानव अधिकार र न्यायका सिद्धान्तसँग सम्बन्धित तालिम कार्यक्रम सञ्चालन गर्ने । | ■ जिल्ला वन अधिकृत, सहायक वन अधिकृत, प्रमुख संरक्षण अधिकृत र संरक्षण अधिकृतहरूको लागि मानव अधिकार तथा न्याय सम्पादनसम्बन्धी तालिम कार्यक्रम ।<br>■ अनुसन्धान अधिकृतहरूको लागि अर्धन्यायिक निकायको न्याय सम्पादनसम्बन्धी तालिम कार्यक्रम ।<br>■ आधारभूत मानव अधिकार तथा मौलिक हकसम्बन्धी तालिम कार्यक्रम ।<br>■ कानूनका सामान्य सिद्धान्तसम्बन्धी जानकारीमूलक तालिम कार्यक्रम । | वन तथा भू-संरक्षण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>न्याय सेवा तालीम केन्द्र<br>राष्ट्रिय न्यायिक प्रतिष्ठान | निरन्तर | ■ वन मन्त्रालय अन्तर्गत अर्धन्यायिक निकायका पदाधिकारीहरूलाई मानव अधिकार, मौलिक हक तथा न्यायिक कार्यविधिको पूर्ण रूपमा जानकारी प्राप्त भएको हुने । |
| ६ | वन क्षेत्रसँग सम्बन्धित सरकारी तथा गैरसरकारी नीति, संरचना र कार्यक्रम लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अनुरूप विकास, तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने । | ■ वन क्षेत्र अन्तर्गतका सङ्गठन र कार्यक्रमलाई लैङ्गिक तथा सामाजिक दृष्टिकोणले समावेशी बनाउने ।<br>■ वन क्षेत्र अन्तर्गतका सरकारी, गैरसरकारी संस्था र कार्यक्रमले लैङ्गिक तथा सामाजिक परीक्षण ।<br>■ उपभोक्ताहरूको वर्गीकरण साथै समूहमा नयाँ सदस्यहरूको प्रवेश प्रक्रिया सरल र सहज ।<br>■ टोल तथा कार्यकारी समितिमा महिला, दलित, जनजाति तथा वञ्चित वर्गको समानुपातिक प्रतिनिधित्व ।<br>■ मुख्य निर्णायक पदमा एउटै पदाधिकारी लगातार दुई कार्यकाल भन्दा बढी नरहने तथा न्यूनतम् एक महिला रहने नीति अवलम्बन । | वन तथा भू-संरक्षण मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार आयोग<br>राष्ट्रिय महिला आयोग | निरन्तर | ■ वन उपभोक्ता समूह समावेशी भएको हुने । |
| ७ | अर्थ मन्त्रालयद्वारा बजेट तर्जुमा गर्दा मानव अधिकारको विषयमा संवेदनशीलता विकास गर्ने । | ■ बजेट प्रशासन विषय हेर्ने कर्मचारीलाई मानव अधिकारमा आधारित विकास अवधारणाको बारेमा तालिम प्रदान गर्ने ।<br>■ बजेट तर्जुमासँग सम्बन्धित जनशक्तिलाई विकास र मानव अधिकार बीचको सम्बन्धका बारेमा प्रशिक्षण गर्ने कार्यक्रम । | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग<br>सम्बन्धित मन्त्रालयहरू | निरन्तर | ■ बजेट प्रशासन विषय हेर्ने सबै कर्मचारीहरू मानव अधिकारका बारे संवेदनशील र सजग हुने । |
| ८ | अर्थ मन्त्रालयमा कार्यरत कर्मचारीको आचरण र व्यवहार मानव अधिकारमैत्री बनाउने । | ■ मन्त्रालयमा कार्यरत कर्मचारीहरूलाई सेवाग्राहीको आधारभूत मानव अधिकारका बारेमा सैद्धान्तिक ज्ञान प्रदान गर्ने ।<br>■ मन्त्रालय हाता, कार्यकक्ष लगायतका स्थानमा सुशासन र नागरिक अधिकारसम्बन्धी पोष्टरहरू राख्ने ।<br>■ सेवाग्राहीसँग शिष्ट र नम्र व्यवहार गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने । | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग<br>सम्बन्धित मन्त्रालयहरू | निरन्तर | ■ कर्मचारीहरू मानव अधिकारका बारे संवेदनशील र सजग हुने ।<br>■ मन्त्रालय हाता, कार्यकक्ष लगायत स्थानमा सुशासन र नागरिक अधिकारसम्बन्धी पोष्टरहरू राखिएको हुने ।<br>■ सेवाग्राहीसँग शिष्ट र नम्र व्यवहार गर्ने कर्मचारी पुरस्कृत भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ९ | गृह मन्त्रालय अन्तर्गतका निजामती तथा सुरक्षा निकायसँग सम्बन्धित राष्ट्रसेवकहरूलाई मानव अधिकार सम्बन्धमा प्रशिक्षण दिने । | ■ प्र.जि.अ. सम्मेलनमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनको विषयलाई एजेण्डामा राख्ने ।<br>■ सुरक्षा निकायका मानव अधिकार सेलसँग सम्बद्ध कर्मचारीहरूलाई आवश्यक तालिम दिने ।<br>■ स्थापना भएका मानव अधिकार सेलहरूको भौतिक सुदृढीकरण । | गृह मन्त्रालय<br>रक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>राष्ट्रिय मानव अधिकार आयोग,<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल<br>न्याय सेवा तालीम केन्द्र<br>गैरसरकारी संस्थाहरू | निरन्तर | ■ मानव अधिकारको विषयमा चेतना र सीप विकास गर्ने हेतुले आयोजना गरिएका सम्मेलन, सेमिनार तथा अन्य गतिविधिहरूको सङ्ख्या ।<br>■ मानव अधिकारको विषयमा प्रशिक्षित प्र.जि.अ.हरूको सङ्ख्या । |
| १० | कार्ययोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने । | ■ गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र कारागार व्यवस्थापन विभागको स्वीकृत कार्ययोजनाको लागि अनुगमन मूल्याङ्कन गर्ने । | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू | निरन्तर | ■ मानव अधिकार कार्ययोजनाको कार्यान्वयन स्थितिको अनुगमनसम्बन्धी स्थलगत भ्रमणहरूको सङ्ख्या । |
| ११ | नेपाल प्रहरीमा मानव अधिकार कानून कार्यान्वयनसम्बन्धी ज्ञान सीपको अभिवृद्धि गर्ने । | ■ नेपाल प्रहरीमा सञ्चालन हुने सबै प्रकारका तालिमका पाठ्यक्रमहरूलाई कानून कार्यान्वयन र मानव अधिकारको पृष्ठपोषणबाट पुनरावलोकन ।<br>■ मानव अधिकारसम्बन्धी तालिम प्रदान गर्न ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन ।<br>■ मानव अधिकारसम्बन्धी प्रशिक्षकहरूलाई मोवाइल प्रशिक्षकहरूको रूपमा प्रयोग गरी अञ्चल, क्षेत्र र केन्द्रीयस्तरमा (पीडितलाई गर्ने व्यवहार, पक्राउ तथा नियन्त्रणमा लिँदाको अवस्थामा प्रदत्त मानव अधिकार, यातना एवं महिला तथा बालबालिकाको अधिकारको संरक्षण, अन्तर्राष्ट्रिय मानवीय कानून, मानव अधिकार उल्लङ्घनको अनुसन्धान लगायतका विषयमा ९०० जना प्रहरी कर्मचारीहरूलाई तीन दिने) प्रशिक्षण तथा अनुशिक्षण ।<br>■ मानव अधिकारसम्बन्धी पोष्टरहरूको निर्माण र वितरण ।<br>■ मानव अधिकार स्थायी आदेशको पुन: प्रकाशन ।<br>■ मानव अधिकारसम्बन्धी जनचेतनामूलक प्रकाशनहरू । | गृह मन्त्रालय<br>प्रहरी प्रधान कार्यालय | आवश्यकता अनुसार<br>राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू | निरन्तर | ■ पुनरावलोकित र परिमार्जित मानव अधिकारसम्बन्धी तालिम सञ्चालन ।<br>■ तालिम प्राप्त प्रशिक्षकहरूको सङ्ख्या ।<br>■ मानव अधिकारसम्बन्धी चेतना जागृत गर्ने तथा अनुशिक्षण कार्यक्रम सञ्चालित जिल्लाहरूको सङ्ख्या । |
| १२ | अपराधको रोकथाम अनुसन्धान शान्ति व्यवस्था र मानव अधिकारलाई | ■ प्रभावकारी SOCO Kit Box, Polygraph Machine, अनुसन्धानको लागि आधुनिक तथा वैज्ञानिक Interviewing Room, Crime Tracking Software को आपूर्ति । | गृह मन्त्रालय<br>नेपाल प्रहरी | | यथाशक्य छिटो | ■ प्रभावकारी अनुसन्धान तथा अपराध रोकथामको लागि क्षमता अभिवृद्धि गरिएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | मध्यनजर राखी नेपाल प्रहरीको अनुसन्धान तथा कारवाही पक्ष अझ बढी प्रभावकारी र सक्षम बनाउनको लागि आवश्यक क्षेत्रहरूको पहिचान र व्यवस्थापनको लागि कार्य गर्ने । | | | | | |
| १३ | मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलता संस्कारको विकास गर्ने । | ▪ नेपाल प्रहरीबाट भएको भनिएका मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको अनुसन्धान गरी दोषी उपर कारवाही गर्ने ।<br>▪ मानव अधिकार उल्लङ्घन गर्ने उपर भएको कारवाहीको सार्वजनिकीकरण ।<br>▪ प्रहरी इकाईको नियमित अनुगमन गर्ने । | गृह मन्त्रालय नेपाल प्रहरी | | निरन्तर | ▪ अनुसन्धान गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरूको सङ्ख्या ।<br>▪ कानूनी र प्रशासनिक कारवाही गरिएकोमा मानव अधिकारको उल्लङ्घनमा दोषी पाइएका प्रहरी कर्मचारीहरूको सङ्ख्या । |
| १४ | मानव अधिकारसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | ▪ प्रहरी कामकारवाही अन्तर्गत कानून कार्यान्वयन र मानव अधिकार सम्बन्धमा स्कुल, कलेजस्तरमा जानकारी र चेतनामूलक कार्यक्रम ।<br>▪ राष्ट्रिय तथा स्थानीयस्तरमा प्रहरी गतिविधिको समसामयिक विषयमा अन्तर्क्रिया कार्यक्रमहरू । | गृह मन्त्रालय नेपाल प्रहरी | | निरन्तर | ▪ सर्वसाधारणमा प्रहरीका गतिविधिहरूको जानकारी भई प्रहरीप्रतिको विश्वासमा अभिवृद्धि भएको हुने । |
| १५ | मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा सशस्त्र प्रहरी बलको भूमिका सम्बन्धमा स्थानीयस्तरसम्म सरकारी, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि सहभागी गराई workshop सञ्चालन गर्ने । | ▪ सीमा क्षेत्रमा रहेका बि.ओ.पी.हरूबाट कार्यसम्पादन । | गृह मन्त्रालय सशस्त्र प्रहरी बल प्रधान कार्यालय | मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू | निरन्तर | ▪ परिमार्जित र कार्यान्वयन गरेको मानव अधिकारसम्बन्धी तालिम पाठ्यक्रमको सङ्ख्या । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १६ | IHRL र IHL सम्बन्धी Advance तालिमहरूमा सुरक्षा निकायका कर्मचारीहरूलाई सहभागी गराउने । | ■ मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरूसँग समन्वय गरी सुरक्षा निकायका कर्मचारीहरूलाई तालिम ।<br>■ तालीम, गोष्ठी सञ्चालन ।<br>■ तालीममा मानव अधिकार विषय समाविष्ट । | गृह मन्त्रालय<br>रक्षा मन्त्रालय | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल<br>मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू | निरन्तर | ■ तालिम प्राप्त कर्मचारीको सङ्ख्या । |
| १७ | तालिम पाठ्यक्रमलाई परिमार्जित र समयसापेक्ष बनाउँदै लैजाने । | ■ नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय अभिसन्धिका विषयमा जानकारी उपलब्ध गराउन हालको तालिम पाठ्यक्रमलाई परिमार्जन गर्ने कार्यक्रम । | गृह मन्त्रालय<br>रक्षा मन्त्रालय | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल<br>मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू | निरन्तर | ■ तालिम पाठ्यक्रम परिमार्जन भएको हुने । |
| १८ | सुरक्षा निकायहरूमा कार्यरत कर्मचारीलाई लैङ्गिक विभेदसम्बन्धी विषयमा ज्ञान दिने । | ■ बढीभन्दा बढी सुरक्षा निकायका कर्मचारीहरू सहभागी हुने गरी सबै इकाईहरूमा लैङ्गिक विभेदसम्बन्धी पाठ्यक्रम तयार गरी कक्षा सञ्चालन । | गृह मन्त्रालय<br>रक्षा मन्त्रालय | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल<br>मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू | निरन्तर | ■ लैङ्गिक विभेदका विषयमा ज्ञान प्राप्त भएको हुने । |
| १९ | मानव अधिकारसम्बन्धी प्रशिक्षकहरूको उत्पादन गरी सबै सुरक्षा निकायका कर्मचारीहरूलाई मानव अधिकारसम्बन्धी ज्ञान दिलाउन प्रशिक्षक प्रशिक्षणको व्यवस्था गर्ने । | ■ प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षकहरू उत्पादन गर्ने । | गृह मन्त्रालय<br>रक्षा मन्त्रालय | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल<br>मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू | कार्ययोजना प्रारम्भ भएको दोस्रो वर्ष | ■ मानव अधिकारसम्बन्धी सञ्चालित तालिमको सङ्ख्या र प्रशिक्षकहरूको अनुपात । |
| २० | कानून कार्यान्वयन गर्ने निकाय, न्याय प्रशासन तथा व्यवस्थापनसँग सम्बन्धित सरकारी अधिकारीहरू, शैक्षिक तथा प्राज्ञिक निकायलाई संविधान लगायत नेपाल पक्ष भएका मानव अधिकार तथा मानवीय कानूनसम्बन्धी | ■ न्यायिक तथा अर्धन्यायिक निकाय, सुरक्षा निकाय एवं महान्यायाधिवक्ताको कार्यालय मातहतका कर्मचारीहरू तथा शैक्षिक तथा प्राज्ञिक निकायका शिक्षक तथा विद्यार्थीहरूलाई मानव अधिकार र मानवीय कानूनसँग सम्बन्धित विषयमा तालिम एवं गोष्ठी सञ्चालन गर्ने । | सर्वोच्च अदालत, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>राष्ट्रिय मानव अधिकार आयोग<br>गृह मन्त्रालय<br>रक्षा मन्त्रालय<br>महान्यायाधिवक्ताको कार्यालय<br>राष्ट्रिय न्यायिक प्रतिष्ठान<br>न्याय सेवा तालिम केन्द्र<br>अर्धन्यायिक निकायहरू । | निरन्तर | ■ गोष्ठी, तालिम तथा कार्यशालाको सङ्ख्या र अनुपात । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | अन्तर्राष्ट्रिय महासन्धिहरूद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको बारेमा सचेतना अभिवृद्धि गर्ने । | | | | | |
| २१ | विद्यालय शिक्षाको पाठ्यक्रममा मानव अधिकार शिक्षा समावेश गर्ने । | ■ मानव अधिकार शिक्षा समावेश भएका पाठ्यक्रम निर्माण । | शिक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>पाठ्यक्रम विकास केन्द्र | तीन वर्ष | ■ पाठ्यक्रमको निर्माण भएको हुने ।<br>■ विद्यार्थीहरूले मानव अधिकारका विषयमा आधारभूत ज्ञान प्राप्त गरेको हुने । |
| २२ | सञ्चार माध्यमलाई मानव अधिकारसम्बन्धी सचेतनाको संवाहकको रूपमा विकास गर्ने । | ■ मानव अधिकारसम्बन्धी सचेतना अभिवृद्धि गर्ने किसिमका लैङ्गिकमैत्री, लोककल्याणकारी सामग्री बनाई सञ्चार माध्यमहरूबाट प्रसारण ।<br>■ लोकतन्त्र र मानव अधिकार, लोकतन्त्रमा नागरिकको हक र राज्यको दायित्व, सार्वजनिक सेवा प्रवाह र सुशासन, कानूनी राज्य लगायतका विषयहरूमा रेडियो, टेलिभिजनमा नियमित छलफल कार्यक्रम सञ्चालन गर्ने, वृत्तचित्र निर्माण गरी प्रसारण ।<br>■ संविधान, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सर्वोच्च अदालतबाट जारी आदेश समेतका आधारमा सञ्चार माध्यम आचारसंहिता जारी गरी लागू गर्ने ।<br>■ चलचित्र, वृत्तचित्र निर्माण गर्दा मानव अधिकारमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र बालमैत्री हुनुपर्ने व्यवस्था गर्ने ।<br>■ सञ्चार माध्यमलाई मानव अधिकारको सम्मान गर्दै कार्यक्रम सञ्चालन गर्न अभिमुखीकरण । | सूचना तथा सञ्चार मन्त्रालय<br>सूचना विभाग<br>चलचित्र जाँच समिति<br>प्रेस काउन्सिल | नेपाल पत्रकार महासङ्घ,<br>सामुदायिक रेडियो प्रसारक सङ्घ,<br>ब्रोडकाष्टिङ्ग एसोसिएशन नेपाल<br>TBN | निरन्तर | ■ मानव अधिकारसम्बन्धी सचेतना अभिवृद्धि गर्ने सामग्री निर्माण भई प्रसारण गरिएको हुने ।<br>■ रेडियो, टेलिभिजनमा नियमित छलफल कार्यक्रम सञ्चालन भएको हुने र तत्सम्बन्धी वृत्तचित्र निर्माण भई प्रसारण गरिएको हुने ।<br>■ सञ्चार माध्यम आचारसंहिता जारी भई लागू भएको हुने ।<br>■ मानव अधिकारमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र बालमैत्री चलचित्र तथा वृत्तचित्र निर्माण भएको हुने ।<br>■ अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने । |
| २३ | मानव अधिकार सचेतना सापेक्ष गुणस्तरीय सञ्चार जनशक्तिको विकास गर्ने । | ■ पत्रकारहरूलाई मानव अधिकार प्रवर्द्धनसम्बन्धी विषयवस्तुमा अभिमुखीकरण कार्यक्रम । | सूचना विभाग | सूचना तथा सञ्चार मन्त्रालय<br>नेपाल पत्रकार महासङ्घ<br>प्रेस काउन्सिल | निरन्तर | ■ मानव अधिकार विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने । |

## ३.१.१२ समावेशी विकास (आदिवासी/जनजाति तथा सीमान्तकृत वर्ग, दलित, पिछडिएको वर्ग क्षेत्र र बादी)

### (क) आदिवासी/जनजाति तथा सीमान्तकृत वर्ग

| क्र.सं. | उद्देश्यहरु | कार्यक्रमहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | आदिवासी/जनजातिहरूको अधिकारको संरक्षण गर्न अन्तर्राष्ट्रिय मानव अधिकार सिद्धान्त र मापदण्ड अनुसार कानूनहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने वा नयाँ निर्माण गर्ने । | ▪ आदिवासी/जनजाति समुदायसँग सम्बन्धित मौजुदा कानूनको पुनरावलोकन गर्ने र नयाँ कानून तर्जुमा गर्ने ।<br>▪ आदिवासी/जनजातिको अधिकार संरक्षण गर्ने सम्बन्धी ILO Convention 169 को कार्यान्वयनको लागि तयार भएको राष्ट्रिय कार्ययोजनालाई नेपाल सरकारबाट अनुमोदन गरी स्वीकृत गर्ने, कानूनको पुनरावलोकन गरी परिमार्जन गर्ने वा नयाँ कानून तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>▪ संयुक्त राष्ट्रसङ्घको आदिवासी/जनजाति अधिकारसम्बन्धी घोषणापत्रमा व्यवस्था गरिएका प्रावधानहरू बमोजिम कार्यक्रमहरू बनाई लागू गर्ने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान<br>स्थानीय निकायहरू | निरन्तर | ▪ ILO Convention 169 कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गरेको हुने ।<br>▪ कार्ययोजना अनुसार मौजुदा कानूनको पुनरावलोकन तथा नयाँ कानून तर्जुमा भएको हुने । |
| २ | आदिवासी/जनजातिहरूका अधिकारको सम्मान र संरक्षण गर्ने । | ▪ आदिवासी/जनजातिको सम्पदा, भाषा, लिपि, संस्कृति र ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण गर्ने ।<br>▪ लोप हुने खतरामा रहेका आदिवासी/जनजाति समूह, तिनको भाषा, लिपि र संस्कृतिको संरक्षण गर्ने ।<br>▪ आदिवासी/जनजातिहरूको संस्कृति संरक्षण गर्न सङ्ग्रहालय स्थापना ।<br>▪ मातृभाषाहरूको संरक्षण तथा विकास कार्यक्रम अन्तर्गत साक्षरता कार्यक्रम र मातृभाषा शब्दकोश, व्याकरण निर्माण तथा प्रकाशन गर्ने ।<br>▪ शिक्षक प्रशिक्षण तथा सहयोग कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ जनजातिहरूको इतिहास, लोकगीत, संगीत, लोककथा, मिथक, आख्यान सङ्कलन गर्ने ।<br>▪ साँस्कृतिक महोत्सव तथा कार्यक्रमहरू सञ्चालन ।<br>▪ चाडपर्व, उत्सव, धार्मिक स्थल तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित जाति तथा समुदायहरूलाई सहयोग ।<br>▪ आदिवासी/जनजाति सङ्ग्रहालय व्यवस्था र नमूना गाउँ निर्माण गर्ने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान<br>स्थानीय निकायहरू | निरन्तर | ▪ लोपोन्मुख भाषाहरूको अभिलेखीकरण भएको हुने ।<br>▪ मातृभाषाहरूको व्याकरण र शब्दकोष निर्माण गरी प्रकाशन भएको हुने ।<br>▪ धार्मिक ऐतिहासिक स्थलहरूको सूचीकरण गरी ती स्थलहरूको संरक्षणमा स्थानीय सङ्घसंस्थाहरूसँग साझेदारी गरी मेला, महोत्सवको आयोजना गरिएको हुने ।<br>▪ आदिवासी/जनजाति सङ्ग्रहालय व्यवस्था र नमूना गाउँ निर्माण कार्यक्रम सञ्चालन भएको हुने । |
| ३ | आदिवासी/जनजातिका बालबालिका तथा वयस्कहरूको शिक्षाको अधिकारको संरक्षण गर्ने । | ▪ आदिवासी/जनजाति समुदायको प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच बढाउन विशेष कार्यक्रम ।<br>▪ छात्रवृत्ति वितरण (उच्चशिक्षा, प्राविधिक शिक्षा/तालीम) । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | शिक्षा मन्त्रालय<br>CTEVT<br>आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान<br>स्थानीय निकायहरू | निरन्तर | ▪ लोपोन्मुख तथा अति सीमान्तकृत समुदायबाट प्राविधिक जनशक्ति तयार भएको हुने ।<br>▪ तयार भएको जनशक्ति निजी तथा सार्वजनिक निकायहरूमा रोजगारी पाएको हुने । |

| क्र.सं. | उद्देश्यहरु | कार्यक्रमहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ४ | आदिवासी/जनजाति समुदायको गरिबी स्थितिको यकिन गर्न तथ्याङ्कहरू अध्यावधिक गर्ने । | ■ आदिवासी/जनजाति समुदायको जीवनका विविध पक्षसम्बन्धी सूचना प्राप्त गर्न निरन्तर रूपमा तथ्याङ्क सङ्कलन ।<br>■ जनजातिको आर्थिक, सामाजिक, भाषिक, साँस्कृतिक तथा विविध पक्षहरूको अध्ययन अनुसन्धान ।<br>■ उत्कृष्ट अध्ययन सामग्रीहरूको प्रकाशन । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | तथ्याङ्क विभाग<br>आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान<br>स्थानीय निकायहरू | निरन्तर | ■ सबै आदिवासी/जनजातिको अध्ययन अनुसन्धान विवरण देखिने (Ethnographic Profile) तयार हुने । |
| ५ | आदिवासी/जनजाति समुदायको लागि रोजगारीका अवसरहरू बढाउने । | ■ आदिवासी/जनजाति समुदायलाई सीप विकास तालिम र लघु ऋण प्रदान ।<br>■ घरेलु तथा वैदेशिक रोजगारका अवसरहरू बढाउने ।<br>■ परम्परागत ज्ञान, सीप र रुचीमा आधारित आयआर्जन कार्यक्रम तथा सहयोग ।<br>■ लोपोन्मुख र अतिसीमान्तकृत जनजातिहरूको आर्थिक तथा सामाजिक विकास ।<br>■ लोपोन्मुख समुदायका मानिसहरूलाई वासस्थान निर्माण गर्ने ।<br>■ चेपाङ विकास कार्यक्रम सञ्चालन गर्ने ।<br>■ परम्परागत तथा आधुनिक रोजगारमूलक व्यावसायिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।<br>■ महिलाहरूको नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | श्रम तथा रोजगार मन्त्रालय<br>उद्योग मन्त्रालय<br>आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान<br>स्थानीय निकायहरू<br>CTEVT | निरन्तर | ■ लोपोन्मुख जातिका मानिसहरूका लागि वासस्थानको निर्माण भएको हुने ।<br>■ परम्परागत ज्ञान सीपमा आधारित हाते ढाकाको कपडा उत्पादन, अल्लोबाट कपडा उत्पादन गरी निकासी पैठारी गरिएको हुने । |
| ६ | आदिवासी/जनजाति समुदायको प्रविधि, सीप, ज्ञान, कला र कौशलको संरक्षण तथा प्रवर्द्धन गर्ने । | ■ आदिवासी/जनजाति समुदायको प्रविधि, सीप, ज्ञान र कला र कौशलको संरक्षण अभियान सञ्चालन ।<br>■ आदिवासी/जनजातिको संस्थागत विकास र सुदृढीकरणमा सहयोग कार्यक्रम सञ्चालन ।<br>■ चेतना अभिवृद्धि तथा सशक्तीकरण कार्यक्रम सञ्चालन ।<br>■ नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | उद्योग मन्त्रालय<br>आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान<br>स्थानीय निकायहरू | निरन्तर | ■ थाङ्का पेन्टिङ, बेतबॉसबाट प्रयोगमा आउने उत्कृष्ट सामानहरूको निर्माण गरी आयआर्जनमा वृद्धि भएको हुने । |
| ७ | नयाँ सहरको निर्माण गर्दा स्थानीय आदिवासी/ जनजाति तथा दलित व्यक्तिहरूलाई सम्भव भएसम्म रोजगारी दिने । | ■ नयाँ सहरको निर्माण गर्दा स्थानीय आदिवासी/जनजाति तथा दलित व्यक्तिहरूलाई सम्भव भएसम्म रोजगारी दिने ।<br>■ पूर्वाधार निर्माणसम्बन्धी कामको सामान्य जानकारी दिने कार्यक्रम आयोजना गर्ने ।<br>■ आवश्यक सीप र क्षमता भएका व्यक्तिलाई रोजगारीमा पहिलो प्राथमिकता दिने । | सहरी विकास मन्त्रालय | नगर विकास समिति<br>स्थानीय निकाय | निरन्तर | ■ निर्माणाधीन सहरमा काम गर्ने आदिवासी/जनजाति र दलितको सङ्ख्या । |

## (ख) दलित

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | स्वतन्त्र, स्वायत्त र अधिकारसम्पन्न राष्ट्रिय दलित आयोगको स्थापना गर्ने । | ▪ राष्ट्रिय दलित आयोगलाई स्वायत्त, स्वतन्त्र र अधिकार सम्पन्न निकायको रूपमा विकास गर्ने ।<br>▪ पर्याप्त बजेटका साथै स्वतन्त्र रूपमा आर्थिक सहायता प्राप्त गर्न सक्ने हैसियतको सुनिश्चितताका लागि सरकार समक्ष पक्षपोषण । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय राष्ट्रिय दलित आयोग | निरन्तर | ▪ प्रभावकारी, स्वायत्त, अधिकारसम्पन्न राष्ट्रिय दलित आयोग हुने ।<br>▪ यसका क्रियाकलापलाई सञ्चालन गर्न पर्याप्त स्रोत साधनको व्यवस्था हुने । |
| २ | दलित समुदायको अवस्था र राज्यमा उनीहरूको संरक्षणका सम्बन्धमा गहन अध्ययन तथा अनुसन्धान सञ्चालन गर्ने र सङ्कलित सूचनाहरूको सार्वजनिक उपयोगका लागि प्रकाशन गर्ने । | ▪ दलितहरूको आर्थिक, सामाजिक एवं राजनीतिक अवस्थासम्बन्धी अनुसन्धान र विश्लेषण ।<br>▪ सर्वसाधारणलाई सूचना उपलब्ध गराउनको लागि स्रोत केन्द्रको स्थापना गर्ने र आमसञ्चार माध्यम लगायत सबै सरोकारवालाहरूको पहुँच सुनिश्चितता ।<br>▪ मधेश र पहाडका दलित समुदायभित्रका उपसमूहहरू देखिने गरी समग्र दलित समुदायको जनसङ्ख्याको वास्तविक तथ्याङ्क सङ्कलनका लागि जनगणना तथा दलित समुदायभित्र पर्ने तर सूचीकृत नभएका जातजातिको सूचीकरण गर्ने ।<br>▪ दलित समुदायभित्रका सीमान्तकृत तथा लोपोन्मुख जातिहरू: मुसहर, डोम, बादी, गन्धर्व आदिको अध्ययन अनुसन्धान ।<br>▪ दलित सूचना केन्द्र प्रवर्द्धन तथा विस्तार । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | राष्ट्रिय दलित आयोग | निरन्तर | ▪ जनगणनामा आधारित दलित समुदाय र त्यसभित्रका समूह तथा उपसमूहहरूसम्बन्धी विस्तृत विवरण तयार भई सोसम्बन्धी सूचना र प्रतिवेदन प्रकाशन भएको हुने । |
| ३ | दलित समुदायको अधिकार सुनिश्चित गर्ने, उनीहरूको उत्थानमा सहयोग पुऱ्याउने राज्यका नीतिहरूको विकासमा सहायता गर्ने, सामाजिक समुन्नतिका लागि अभियानमूलक विशेष क्रियाकलापहरू सञ्चालन गर्ने र दलित समुदायको सशक्तीकरण गर्ने कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्ने । | ▪ सीप विकासको कार्यक्रमको व्यवस्थापन गर्ने र आयआर्जनसम्बन्धी क्रियाकलापहरूमा सहायता उपलब्ध ।<br>▪ अतिविपन्न दलित समुदायलाई लक्षित गरी आवश्यक सहायता उपलब्ध गराउन र उनीहरूको सामाजिक उत्थानको लागि आवश्यक कार्यक्रम सञ्चालन ।<br>▪ घुम्ती कानूनी सेवा तथा दलित समुदायका लागि संवैधानिक एवं कानूनी सचेतना, मानव अधिकार तथा मानवीय कानून प्रशिक्षण र कानूनी सहायता कार्यक्रम सञ्चालन गर्ने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | राष्ट्रिय दलित आयोग | निरन्तर | ▪ दक्ष मानव संसाधनको विकास हुने ।<br>▪ समुदायको उत्थान र विकास भएको सूचकाङ्कबाट देखिने । |
| ४ | समाजमा विद्यमान जातीय विभेदलाई अन्त्य गर्ने उद्देश्यले कार्यउन्मुख क्रियाकलाप तथा अभियान सञ्चालन गर्ने । | ▪ विभेदकारी व्यवहार तथा जातीय भेदभावको अवस्था अनुगमन ।<br>▪ आमसञ्चारको माध्यमबाट सचेतना कार्यक्रम सञ्चालन ।<br>▪ सचेतना कार्यक्रम र अभियानमूलक क्रियाकलाप, अन्तर्क्रिया, गोष्ठी, छलफल तथा आन्तरिक छलफल आयोजना । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | राष्ट्रिय दलित आयोग | निरन्तर | ▪ दलित समुदायका सवालहरूको सही तथ्य जानकारी दिने कार्यमा वृद्धि भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | | ■ नेपाल सरकारले अनुमोदन गरेका मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजको कार्यान्वयनका लागि कार्यक्रम बनाई लागू ।<br>■ जिल्लास्तरमा सेवा प्रदायक संस्थाका प्रमुखहरूलाई दलितमैत्री भई सेवा प्रदान गर्नका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन, जनचेतनामूलक कार्यक्रमहरू रेडियो, टेलिभिजनबाट प्रसारण तथा होडिङ्ग बोर्ड तथा पत्रपत्रिका, पोष्टर, पम्पलेट र ब्रोसर आदिबाट प्रचार प्रसार । | | | | ■ जातीय भेदभावका नकारात्मक असरहरूको सम्बन्धमा जनचेतना अभिवृद्धि हुने ।<br>■ समाजको प्रत्येक क्षेत्रमा प्रतिनिधित्वको सङ्ख्या अभिवृद्धि हुने ।<br>■ जातीय भेदभावका सम्बन्धमा दर्ता गरिएका उजुरी र प्रतिवेदनका आधारमा दलितहरू उपर गरिने व्यवहारमा सुधार आएको अनुभूति हुने । |
| ५ | दलित समुदाय अन्तर्गतका खासगरी सीमान्तकृत समुदायका महिलाको सशक्तीकरणको लागि कार्यउन्मुख कार्यक्रमहरू प्रारम्भ गर्ने । | ■ राज्य संयन्त्रका सबै तहमा भएको जम्मा दलित प्रतिनिधित्वमध्ये कम्तीमा ३३ प्रतिशत दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न अभियानको सञ्चालन ।<br>■ सामाजिक र साँस्कृतिक सचेतना अभिवृद्धि गर्न, शिक्षामा पहुँच बढाउन एवं सामाजिक क्रियाकलापमा दलितहरूको सहभागिता अभिवृद्धि गर्न विशेष कार्यक्रमहरूको सञ्चालन ।<br>■ महिला तथा बालबालिकालाई लक्षित गरी उनीहरूलाई न्याय प्रदान गर्न र उनीहरूको संरक्षणका लागि नीति तथा कार्यक्रम तर्जुमा ।<br>■ दलित महिलाको समान अधिकारको प्रवर्द्धनका लागि अभियानमूलक कार्यक्रमहरू सञ्चालन ।<br>■ दलित समुदाय खासगरी अल्पसङ्ख्यक बहिस्कृत र पाखा लगाइएका समुदायको अधिकार संरक्षणमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन ।<br>■ प्रत्येक जिल्लामा दलित जनजातिको उत्थान तथा विकासका लागि दलित वर्ग जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउन कार्यक्रम सञ्चालन । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | राष्ट्रिय दलित आयोग | निरन्तर | ■ दलित समुदायभित्रका सीमान्तकृत समुदायको सशक्तीकरण भएको हुने । |
| ६ | जातीयताका आधारमा हुने भेदभाव तथा दलित समुदायको मानव अधिकारको उल्लङ्घन र उनीहरूको अवस्थाको प्रभावकारी रूपमा अनुगमन गर्ने । | ■ सम्पूर्ण दलित समुदायको सशक्तीकरणका लागि राज्यद्वारा विशेष व्यवस्था मिलाउन र सामाजिक न्याय, जातीय भेदभावको अन्त्य तथा आर्थिक विकास सुनिश्चित गर्नका लागि पक्षपोषण ।<br>■ अनुगमन संयन्त्र स्थापना गरी अनुगमन ।<br>■ जातीय भेदभाव र छुवाछुतका कारणबाट अप्रत्यासित रूपमा घटेका घटनाहरूको स्थलगत निरीक्षण, अनुगमन र कानूनी प्रक्रियाबाट पीडितलाई कानूनी उपचार उपलब्ध गराउन सहयोग । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | राष्ट्रिय दलित आयोग | निरन्तर | ■ जातीयताका आधारमा हुने भेदभावका सम्बन्धमा अनुगमन संयन्त्रको स्थापना भई प्रभावकारी रूपमा अनुगमन भएको हुने । |

## (ग) पिछडिएको वर्ग र क्षेत्र

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | पिछडिएको समुदाय/क्षेत्रलाई विकासको मूलधारमा ल्याई उनीहरूको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक अधिकार र अवसरहरूमा न्यायोचित पहुँच सुनिश्चित गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने । | ■ समुदायिक पूर्वाधार विकास ।<br>■ सामाजिक एवं क्षमता विकास ।<br>■ आर्थिक सीप विकास ।<br>■ संस्थागत विकास ।<br>■ मधेशी र पिछडिएका वर्ग/क्षेत्रका साँस्कृतिक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण तथा मर्मत सुधार ।<br>■ अधिकारमा आधारित विकास अवधारणा, विभेदयुक्त प्रचलन, मानव अधिकार, नीति, कानून आदिबारे चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन ।<br>■ मधेशी र पिछडिएका वर्ग/क्षेत्रका सामुदायिक संस्था, यस वर्ग/क्षेत्रका विभिन्न सङ्घसंस्थाको संस्थागत विकाससम्बन्धी आदि कार्यक्रमहरू सञ्चालन ।<br>■ भाषा, साँस्कृतिक सम्पदा तथा संस्कृतिहरूको संरक्षण र प्रवर्द्धनका लागि अभिलेखालयको स्थापना र विकाससम्बन्धी कार्यक्रमहरू ।<br>■ नेपालको भाषा वैज्ञानिक सर्वेक्षण गरी विवरणिका (Profile) तयार गर्ने र क्रमश: देशका विभिन्न स्थानमा बोलिने मधेशी र पिछडा वर्ग/क्षेत्रका भाषाहरूको लिपि, व्याकरण, शब्दकोषहरूको निर्माण र प्रकाशन गर्ने ।<br>■ राज्यका सबै संरचनाहरूमा पिछडिएको वर्गको समानुपातिक सहभागिताका लागि संरचनागत तथा नीतिगत अवरोधहरू हटाउन राज्यका संरचनाहरू तथा नीति-नियमहरू सुधार तथा नयाँ निर्माण गरिने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालय, | निरन्तर | ■ मधेशी, पिछडिएको वर्ग/क्षेत्रको समुदायको आर्थिक तथा सामाजिक अवस्थामा सुधार भएको हुने । |

## (घ) बादी

| क्र.सं. | उद्देश्य | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | बादी समुदायलाई विकासको मूलधारमा ल्याई उनीहरूको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक अधिकार र अवसरहरूमा न्यायोचित पहुँच सुनिश्चित गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने । | ▪ समुदायिक पूर्वाधार विकास ।<br>▪ सामाजिक एवं क्षमता विकास ।<br>▪ आर्थिक सीप विकास ।<br>▪ संस्थागत विकास । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | आ.व. २०७१/७२ देखि निरन्तर | ▪ बादी समुदायको जीवनस्तरमा सुधार भएको हुने । |
| २ | बादी समुदायलाई विभिन्न व्यावसायिक तथा प्राविधिक तालीमहरू उपलब्ध गराउने । | ▪ बादी समुदायको गरिबी निवारणका लागि समुदायहरूकै आवश्यकतामा आधारित फरक-फरक विशेष लक्षित कार्यक्रमहरूमार्फत् सम्बोधन गरिने ।<br>▪ बादी समुदायको सशक्तीकरणका लागि सङ्घसंस्थाहरूको क्षमता अभिवृद्धि गर्दै विकास प्रक्रियामा सक्रिय साझेदारका रूपमा विकास गर्दै लगिने ।<br>▪ सामाजिक स्थितिमा सुधार गर्नका लागि सकारात्मक विभेदको सिद्धान्त अपनाई बादी समुदायको जनशक्ति विकास गर्दै लगिने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | आ.व. २०७१/७२ देखि निरन्तर | ▪ रोजगारीको अवसरमा पहुँच हुने । |

## ३.१.१३ बालबालिका (बालबालिकाको अधिकार संरक्षण, विकास र बालन्याय)

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक एवं सामाजिक रूपमा अतिविपन्न वर्गका बालबालिकाहरूमा गुणस्तरीय बालविकास कार्यक्रमको पहुँच विस्तार गर्ने । | ▪ संस्थागत विकास र विस्तारका लागि साझेदारीमा कार्यक्रम सञ्चालन ।<br>▪ बालविकास केन्द्रको विस्तार ।<br>▪ पुराना बालविकास केन्द्रको संस्थागत क्षमता वृद्धि ।<br>▪ आवश्यक स्थानमा नयाँ बालविकास केन्द्र स्थापना । | शिक्षा मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>गैरसरकारी संस्था<br>सामुदायिक सङ्घसंस्था | आ.व. २०७१/७२ देखि निरन्तर | ▪ प्राथमिक विद्यालयमा बालबालिकाको भर्ना प्रतिशत/विद्यालय बाहिर रहेको बालबालिकाको सङ्ख्या । |
| २ | शिक्षाको पहुँच पुग्न नसकेका सीमान्तकृत वर्गका बालबालिकाहरूमा आधारभूत शिक्षाको पहुँच स्थापित गरी त्यस्ता बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने । | ▪ नि:शुल्क आधारभूत शिक्षाका कार्यक्रम ।<br>▪ विद्यालयमा भर्ना हुन र विद्यालय नछाड्न छात्रवृत्ति र विशेष प्रोत्साहनका कार्यक्रमहरू ।<br>▪ बहुभाषिक शिक्षा कार्यक्रम (सिकाइको माध्यम मातृभाषा) ।<br>▪ प्राथमिक तहको शिक्षा मातृभाषामा ।<br>▪ समावेशी शिक्षाको कार्यक्रम ।<br>▪ द्वन्द्वका कारणबाट जोखिममा परेका बालबालिकाहरूलाई विद्यालय भर्ना हुन र विद्यालय नछाड्न छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम ।<br>▪ शिक्षाका लागि खाद्य कार्यक्रमको विस्तार । | शिक्षा मन्त्रालय | विश्व खाद्य कार्यक्रम<br>गैरसरकारी संस्था<br>सामुदायिक सङ्घसंस्था | निरन्तर | ▪ प्राथमिक विद्यालयमा बालबालिकाको भर्ना प्रतिशत ।<br>▪ विद्यालय बाहिर रहेको बालबालिकाको सङ्ख्या । |
| ३ | निकृष्ट प्रकृतिका लगायत सवै प्रकारका बालश्रमलाई प्राथमिकताका साथ उन्मूलन गर्ने । | ▪ निकृष्ट प्रकृतिका बालश्रम निवारण, बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यक्रम ।<br>▪ बालश्रम निरीक्षण कार्यक्रम ।<br>▪ बालश्रमसम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रम ।<br>▪ बालश्रम प्रयोग गर्ने, गराउने विरुद्ध कानूनी कारवाही गर्ने कार्यक्रम । | श्रम तथा रोजगार मन्त्रालय | उद्योग मन्त्रालय<br>गृह मन्त्रालय<br>शिक्षा मन्त्रालय<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>विश्व श्रम सङ्गठन<br>गैरसरकारी संस्था | निरन्तर | ▪ प्राथमिक विद्यालयमा बालबालिकाको भर्नाको सङ्ख्या (शिक्षा मन्त्रालयको तथ्याङ्कबाट विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या खुल्ने) ।<br>▪ बालश्रम प्रयोग गर्ने उपर भएको कारवाहीको सङ्ख्या । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ४ | सशस्त्र फौज वा समूहमा आबद्ध तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको हक-हित संरक्षण गर्नको लागि एकीकृत रूपमा कार्यक्रम सञ्चालन गरी समाजमा पुन:स्थापन एवं पुन:एकीकरण गर्ने । | ■ सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुन:स्थापन एवं पुन:एकीकरणका लागि निर्माण भएको राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने । | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>शिक्षा मन्त्रालय | निरन्तर | ■ प्राथमिक विद्यालयमा बालबालिकाको भर्नाको सङ्ख्या र निरन्तरता । |
| ५ | बालबालिकाको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने । | ■ बालअधिकारको चेतना र बाल सहभागिताको अभिवृद्धि ।<br>■ बालबालिकालाई अनिवार्य विद्यालय भर्ना कार्यक्रम ।<br>■ द्वन्द्व प्रभावित र सडक बालबालिकाको पहिचान र पुनर्स्थापन कार्यक्रम ।<br>■ द्वन्द्वपीडित र सडक बालबालिकालाई विद्यालयसम्मको पहुँच ।<br>■ बालबालिकासम्बन्धी नीति, २०६९ को प्रभावकारी कार्यान्वयन ।<br>■ बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६१-०७१ को कार्यान्वयन समीक्षा गर्दै आवश्यक स्रोतको व्यवस्था गर्ने ।<br>■ सशस्त्र फौज वा समूहमा आबद्ध तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको हक-हित संरक्षण गर्नको लागि एकीकृत रूपमा कार्यक्रम सञ्चालन गरी समाजमा पुन:स्थापन एवं पुन:एकीकरण गर्ने र चालू शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन सहयोग गर्ने ।<br>■ सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुन:स्थापन एवं पुन:एकीकरणका लागि निर्माण भएको राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने ।<br>■ बालबालिकाको स्थितिपत्र प्रकाशन गर्न बेसलाइन सर्भे गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>शान्ति तथा पुनर्निर्माण मन्त्रालय<br>शिक्षा मन्त्रालय | गृह मन्त्रालय<br>कानून, न्याय, संसदीय मामिला तथा संविधानसभा मन्त्रालय | निरन्तर | ■ बाल अधिकारसम्बन्धी चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन भएको हुने ।<br>■ बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्नुपर्ने कानूनी व्यवस्था भएको हुने ।<br>■ द्वन्द्व प्रभावित र सडक बालबालिकाको पहिचान गरी उनीहरूको पुनर्स्थापन गरिएको हुने ।<br>■ द्वन्द्वपीडित र सडक बालबालिकालाइ विद्यालय जाने व्यवस्था मिलाइएको हुने । |
| ६ | बालहिंसा र दुर्व्यवहारको अन्त्य गर्ने । | ■ बालहिंसा, दुर्व्यवहार र दुरुपयोग विरुद्ध जनचेतना जगाउने कार्यक्रमहरू ।<br>■ बालहिंसा, दुर्व्यवहार र दुरूपयोग गर्ने, गराउने उपर कानूनी कारवाही ।<br>■ बालविवाह र बलजफ्ती विवाहको प्रचलन अन्त्य गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>■ बाल यौन दुर्व्यवहार, बाल यौनशोषण र बेचविखन नियन्त्रणका लागि आवश्यक कानूनी व्यवस्था गरी प्रभावकारी रूपमा लागू गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | गृह मन्त्रालय | निरन्तर | ■ दोषीलाई कारवाही भएको सार्वजनिकीकरण भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ७ | बालबालिकाको जन्म दर्ता सुनिश्चित गर्ने । | ▪ बालबालिकाको जन्म दर्तालाई अनिवार्य गर्ने व्यवस्था ।<br>▪ विद्यालय भर्नामा जन्म दर्ता प्रमाणपत्रलाई अनिवार्य गर्ने व्यवस्था ।<br>▪ अनिच्छित गर्भधारणबाट जन्मिएका बालबालिकाको जन्म दर्ता गरी पहिचान सुनिश्चित गर्ने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय शिक्षा मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | निरन्तर | ▪ सम्बन्धित मन्त्रालयको तथ्याङ्क । |
| ८ | हरेक विकास क्षेत्रमा बाल सुधारगृह निर्माण गर्ने । | ▪ बाल सुधारगृह नभएका तीन विकास क्षेत्रहरू पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल र सूदुरपश्चिमाञ्चल विकास क्षेत्रमा बाल सुधारगृह निर्माण गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | गृह मन्त्रालय | ५ वर्ष | ▪ विराटनगर र नेपालगञ्जमा २ वर्षभित्रमा सञ्चालन भएको हुने । |
| ९ | बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्ने । | ▪ स्थानीय तहमा बालमैत्री शासन राष्ट्रिय कार्ययोजना कार्यान्वयन । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | स्थानीय निकायहरू | निरन्तर | ▪ स्थानीय निकायले बाल विकासका लागि विभिन्न कार्यक्रमहरू गरेको हुने । |

### ३.१.१४ आवास (सहरी विकास र आवास)

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | घरबारविहीन तथा विपन्न व्यक्तिहरूलाई समुचित बसोवासको व्यवस्था गर्ने । | ■ घरबारविहीन तथा विपन्न व्यक्तिहरूलाई समुचित बसोवासको व्यवस्था ।<br>■ राष्ट्रिय आवास नीति, २०६८ को प्रभावकारी कार्यान्वयन । | सहरी विकास मन्त्रालय अर्थ मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय निकाय | निरन्तर | ■ घरबारविहीनहरूलाई क्रमशः आवासको व्यवस्था भएको हुने । |
| २ | जग्गाको द्वैध स्वामित्व अन्त्य गर्ने । | ■ मोहियानी हक भएको जग्गा बाँडफाँड गरी द्वैध स्वामित्वको अन्त्य गर्ने कार्यक्रम ।<br>■ जमीनको समुचित उपयोगमा जोड दिने कार्यक्रम । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | कृषि विकास मन्त्रालय | २ वर्ष | ■ जग्गामा एकल स्वामित्व स्थापित भएको हुने । |
| ३ | मध्यपहाडी लोकमार्ग अन्तर्गत वा अन्य विभिन्न स्थानमा नयाँ सहरको निर्माण गर्ने र नयाँ सहरहरूको निर्माण गर्दा भू उपयोग नीतिलाई प्रमुखताका साथ विचार गरी उब्जाउशील जमीनमा सहरको विकास नगर्ने । | ■ नयाँ सहर निर्माणका लागि योजना बनाउँदादेखि नै विद्यालय क्षेत्र, स्वास्थ्य संस्था, खुल्ला पार्क क्षेत्र, ढल प्रशोधन केन्द्र, सुरक्षा निकाय र पानी प्रशोधन केन्द्र आदि समेतलाई आवश्यक जग्गा छुट्याउने कार्यको प्रारम्भ ।<br>■ प्रत्येक वर्ष २५ जिल्लाका कालीगढ र निर्माण व्यवसायीको लागि तालिम सञ्चालन ।<br>■ राष्ट्रिय भू उपयोग नीति, २०६९ को कार्यान्वयन ।<br>■ नयाँ नगर निर्माण गर्दा विपद् व्यवस्थापन पक्षलाई समेत मध्यनजर गरी खुला क्षेत्रको समेत व्यवस्था गर्ने । | सहरी विकास मन्त्रालय | भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>नगर विकास समितिहरू,<br>सहरी विकास तथा भवन निर्माण विभाग,<br>स्थानीय निकायहरू | तत्काल प्रारम्भ गर्ने | ■ नयाँ निर्माण हुने सहरको सङ्ख्या र योजना ।<br>■ तालिमको सङ्ख्या । |
| ४ | सहरी विकास, सहरी भू-उपयोग तथा सहरी पूर्वाधारसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने । | ■ भवन निर्माण संहितालाई पालना गर्न स्थानीय निकायको क्षमता विकास ।<br>■ साँस्कृतिक महत्व झल्कने गरी र अपाङ्गमैत्री हुने गरी निर्माण गर्न प्रस्तावित भवनलाई प्राविधिक सहयोग र सल्लाह । | सहरी विकास मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, इञ्जिनियरिङ अध्ययन संस्थान | निरन्तर | ■ आयोजना र सम्पन्न भएका गोष्ठी सङ्ख्या प्राविधिक सल्लाह र सुझाव दिइएको सङ्ख्या |
| ५ | आवास र सहरी विकाससम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउने । | ■ सहरी गरिबलाई बसोवासको व्यवस्था । यसको लागि आवाससम्बन्धी निर्देशिका तयारी ।<br>■ राष्ट्रिय आवास नीति, २०६८ लाई प्रभावकारीरूपमा कार्यान्वयन गर्दै आवाससम्बन्धी कानूनी व्यवस्था गर्ने ।<br>■ जनता आवास कार्यक्रमलाई विस्तार गर्ने । | सहरी विकास मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग,<br>स्थानीय निकाय | निरन्तर | ■ व्यवस्थित बसोवासको क्रमशः व्यवस्था भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ६ | विपद् पीडित तथा ठूला आयोजनाबाट विस्थापितलाई पुनर्वास तथा पुनर्स्थापना गर्ने । | ▪ विपद् पीडित तथा ठूला आयोजनाबाट विस्थापितलाई पुनर्स्थापना गर्ने स्थानको पहिचान र सर्वेक्षण गरी पुनर्वास कार्यक्रम सञ्चालन ।<br>▪ जग्गाको मुआब्जा तथा जग्गाको सट्टा जग्गा नै दिने व्यवस्था मिलाउने र त्यस्तो जग्गामा आवास निर्माणका लागि आर्थिक र प्राविधिक सहयोग गर्ने । | सहरी विकास मन्त्रालय | गृह मन्त्रालय<br>ऊर्जा मन्त्रालय<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>सहरी विकास तथा भवन निर्माण विभाग | निरन्तर | ▪ पुनर्वास तथा पुनर्स्थापित व्यक्तिको परिवार र सङ्ख्या |
| ७ | भइरहेका नगरलाई व्यवस्थित गरी नयाँ नगर निर्माण गर्ने । | ▪ काठमाडौं उपत्यकाभित्रका हरेक बस्तीहरूमा मापदण्ड बमोजिमको बाटो पुऱ्याउने कार्य मानव अधिकारमा आधारित पद्धति अनुरूप अगाडि बढाउने ।<br>▪ काठमाडौं उपत्यकाभित्र हाल रहेका प्रत्येक वस्तीमा मापदण्ड मुताविकको बाटो र सडक पुऱ्याउने र भइरहेका बाटोहरूलाई विस्तार र नगर क्षेत्रभित्र अतिक्रमणमा परेका सडकहरूलाई विस्तार गर्ने कार्यलाई निरन्तरता दिने ।<br>▪ सहरी क्षेत्रका फुटपाथमा भएको अतिक्रमण हटाउने । | सहरी विकास मन्त्रालय | स्थानीय निकाय, काठमाडौं उपत्यका विकास प्राधिकरण | निरन्तर | ▪ २०० कि.मी. सडक निर्माण र विस्तार भएको हुने ।<br>▪ विस्तारित सडकको सङ्ख्या र दूरी ।<br>▪ नयाँ निर्माण गरिने नगरको सङ्ख्या ।<br>▪ फुटपाथ अतिक्रमण मुक्त भएको हुने । |
| ८ | भवनको निर्माण, भवन संहिता र मापदण्डसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने । | ▪ विद्यमान नगर तथा नयाँ निर्माण गरिने नगरभित्र गरिने भवन निर्माण कार्यलाई व्यवस्थित गर्नुका साथै स्थानीय श्रम र सीपको सदुपयोग गर्ने ।<br>▪ भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सबै क्षेत्रका व्यक्तिको प्रतिनिधित्व हुने गरी राष्ट्रिय र क्षेत्रीयस्तरमा गोष्ठी आयोजना गर्ने ।<br>▪ भवन निर्माण संहितालाई परिमार्जन गर्ने । | सहरी विकास मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | कार्य योजनाको अवधि भित्र | ▪ परिमार्जित भवन निर्माण संहिताको अवस्था । |
| ९ | भवन निर्माण संहिता जारी गर्ने । | ▪ विद्यमान नगर तथा नयाँ निर्माण गरिने सहरभित्र गरिने भवन निर्माण कार्यलाई व्यवस्थित गर्न भवन निर्माण संहिता तर्जुमा । | सहरी विकास मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | कार्य योजनाको अवधि भित्र | ▪ परिमार्जित भवन निर्माण संहिता बनेको हुने । |

### ३.१.१५ सामाजिक सेवा र सुरक्षा (खानेपानी, ऊर्जा, सरसफाई, ढल निकास, प्राकृतिक स्रोत साधनको प्रयोग, सहकारी, गरिबी, खेलकुद, सडक प्रयोग)

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | ग्रामीण तथा दुर्गम क्षेत्रमा बसोवास गर्ने जनताको विद्युतीय ऊर्जामा पहुँच पुऱ्याउने र सहर तथा सहर उन्मुख क्षेत्रमा समेत विद्युतमा पहुँचमा वृद्धि गर्ने । | ▪ विद्युतीय ऊर्जा नपुगेको क्षेत्रको पहिचान ।<br>▪ तथ्याङ्क सङ्कलन गरी जलविद्युत उत्पादन सम्भाव्य क्षेत्रको Mapping गरी Profile तयार ।<br>▪ ग्राहक/सेवाग्राही समूहहरूको प्रक्षेपण ।<br>▪ ग्रामीण विद्युतीकरण कार्यक्रम सञ्चालन । | ऊर्जा मन्त्रालय | जल तथा ऊर्जा आयोगको सचिवालय, केन्द्रीय तथ्याङ्क विभाग नेपाल विद्युत प्राधिकरण | निरन्तर | ▪ ऊर्जा नपुगेको क्षेत्र, घरधुरी र जनसङ्ख्याको पहिचान भएको हुने ।<br>▪ विद्युत उपभोक्ताको सङ्ख्यामा वृद्धि भएको हुने ।<br>▪ ग्रामीण विद्युतीकरण भई सामाजिक न्यायको अनुभूति भएको हुने । |
| २ | उत्पादित विद्युतको स्थानीय उपयोग बढाउन स्थानीयस्तरमा उद्योगको विकास तथा विस्तार गरी रोजगारी वृद्धिसँगै आर्थिक विकासमा योगदान दिने । | ▪ स्थानीयस्तरमा स्थापित उद्योगलाई विद्युत आपूर्ति ।<br>▪ स्थानीयस्तरमा बढी रोजगार दिने उद्योगलाई सहुलियत प्रदान ।<br>▪ उद्योग स्थापनालाई प्रोत्साहन ।<br>▪ विद्युत आपूर्तिको सुनिश्चितता । | ऊर्जा मन्त्रालय | उद्योग मन्त्रालय नेपाल विद्युत प्राधिकरण | निरन्तर | ▪ साना तथा लघु घरेलु उद्योगहरूको स्थापना भएको हुने ।<br>▪ रोजगारी अभिवृद्धि भई आर्थिक विकास भएको हुने ।<br>▪ सामाजिक विकृतिहरूमा कमी आएको हुने ।<br>▪ आयआर्जन वृद्धि भई आर्थिक परिचालन अभिवृद्धि भएको हुने । |
| ३ | जलविद्युत विषयमा नागरिकको सूचनाको अधिकारको सुनिश्चितता गर्ने । | ▪ जलविद्युतसँग सम्बन्धित सूचनाहरू सक्रियतापूर्वक (Proactively) सार्वजनिक ।<br>▪ ऊर्जासम्बन्धी सूचना र तथ्याङ्कहरू सामाजिक छलफलमा ल्याई, सार्वजनिक सुनुवाईको व्यवस्था ।<br>▪ लोडसेडिङ्गको सूचना तथा कुनै कारणवश विद्युत आपूर्ति बन्द हुने भएमा सोको जानकारी समयमा नै सार्वजनिक । | ऊर्जा मन्त्रालय | नेपाल विद्युत प्राधिकरण | निरन्तर | ▪ जनता सुसूचित भएको हुने ।<br>▪ सूचनाको हकको कार्यान्वयन भएको हुने । |
| ४ | ऊर्जामा सबैको पहुँच पुग्ने गरी उपलब्ध गराउने । | ▪ सबैखाले ऊर्जाको स्रोतको पहिचान गरी उत्पादन, वितरण र उपभोग गर्ने । | ऊर्जा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शिक्षा मन्त्रालय | निरन्तर | ▪ ऊर्जाको विभिन्न स्रोतहरूको पहिचान भई सोको उपयोगका सम्बन्धमा चेतना वृद्धि भएको हुने । |
| ५ | सामुदायिक ग्रामीण विद्युतीकरणको कार्यक्रममा विपन्न वर्ग, दलित, जनजाति अपाङ्ग, पिछडिएको क्षेत्र तथा वर्ग, मुक्त कमैया, जेष्ठ नागरिक तथा महिलाको सहभागितालाई सुनिश्चित गर्ने । | ▪ आयोजना क्षेत्रमा बसोवास गर्ने बासिन्दालाई विद्युत लगानी र उपभोगमा प्राथमिकता दिई स्वामित्व भाव जगाउने कार्यक्रम ।<br>▪ लगानी गर्न आवश्यक रकमको लागि स्थानीय वित्तीय सेवामा पहुँच पुऱ्याउने क्रियाकलाप सञ्चालन गर्ने कार्यक्रम ।<br>▪ ग्रामीण विद्युतीकरणको लागि नेपाल सरकारले थप बजेट विनियोजन गर्ने नीति लिने कार्यक्रम । | ऊर्जा मन्त्रालय | नेपाल विद्युत प्राधिकरण बैंक तथा वित्तीय संस्थाहरू | निरन्तर | ▪ सामाजिक न्याय स्थापित भएको हुने ।<br>▪ जनताको आर्थिक सशक्तीकरण भएको हुने ।<br>▪ सामाजिक सहभागिता अभिवृद्धि भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ६ | सडकलाई यात्रुमैत्री बनाउने । | ■ सहरी सडक निर्माण गर्दा सम्भव भएसम्म सडक पेटी निर्माण ।<br>■ साइकल लेन निर्माण । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सहरी विकास मन्त्रालय | निरन्तर | ■ यात्रुमैत्री सडकको निर्माण भएको हुने । |
| ७ | सडक अतिक्रमण हटाई सडकसम्बन्धी सूचनाहरूको जानकारी दिने । | ■ सडक अतिक्रमण हटाउने ।<br>■ सडकको सीमाङ्कन कायम गरी सोको जानकारी र प्रचार प्रसार गर्ने ।<br>■ सडकमा अनिवार्य रूपमा सडक सङ्केत राख्ने (दूरी सङ्केत र अन्य आवश्यक सूचना) ।<br>■ सडक मापदण्ड कायम गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सूचना तथा सञ्चार मन्त्रालय<br>विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय<br>ट्राफिक प्रहरी<br>स्थानीय निकाय | नियमित कार्य | ■ सडक आसपासमा जानकारी राखिएको हुने । |
| ८ | सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित गरी यात्रुको सुरक्षा गर्ने । | ■ सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित गर्न सम्बद्ध मौजुदा नीति, कानूनहरूको पुनरावलोकन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | तीन वर्षभित्र | ■ नीति र कानूनहरूको पुनरावलोकन भएको हुने । |
| ९ | पूर्वाधार निर्माण गर्दा सम्पत्तिसम्बन्धी हकको संरक्षण गर्ने । | ■ नेपाल सरकारले विकास गर्ने सडक लगायतका पूर्वाधार निर्माण क्रममा अधिग्रहण गरिने जग्गाको नियमानुसार क्षतिपूर्ति प्रदान गर्ने ।<br>■ पूर्वाधार निर्माणबाट विस्थापित व्यक्ति र परिवारलाई पुनर्स्थापना तथा क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धी नीति बनाउने । | सबै सम्बद्ध सरकारी निकायहरू | गृह मन्त्रालय<br>राष्ट्रिय योजना आयोग<br>सम्बद्ध परियोजना | निरन्तर | ■ सम्बन्धित नागरिकले मनासिव क्षतिपूर्ति पाएको हुने । |
| १० | नीति निर्माण, निर्णय र कार्यान्वयन प्रक्रियामा युवाहरूलाई सहभागी गराउने । | ■ नीति, योजना तथा कार्यक्रममा व्यवस्था गरिएका विभिन्न समितिहरूमा युवाहरूको सहभागिता सुनिश्चित । | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्<br>गैरसरकारी संस्थाहरू | निरन्तर | ■ सहभागी युवाहरूको सङ्ख्या । |
| ११ | युवाहरूलाई विविध कार्यक्रममा सहभागी गराउने । | ■ स्थानीय युवा साझेदारी कार्यक्रम (युवा नीतिले तय गरेका कार्य क्षेत्रहरूमा कार्यक्रम सञ्चालन) ।<br>■ अन्तर्राष्ट्रिय युवा दिवसको आयोजना तथा सहभागिता ।<br>■ आन्तरिक तथा बाह्य युवा अनुभव आदान प्रदान । | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्<br>गैरसरकारी संस्थाहरू | निरन्तर | ■ सहभागी साझेदार सङ्ख्या ।<br>■ सहभागी युवाहरूको सङ्ख्या ।<br>■ सहभागी संस्थाको सङ्ख्या । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १२ | युवा सूचना केन्द्रको सञ्चालन र सुदृढीकरण गर्ने । | ■ युवा सूचना केन्द्र सञ्चालन ।<br>■ युवा सूचना केन्द्र सुदृढीकरण ।<br>■ युवा प्रोफाइल तयारी । | युवा तथा खेलकुद मन्त्रालय | गैरसरकारी संस्थाहरू | निरन्तर | ■ युवा सूचना केन्द्रको सञ्चालन । |
| १३ | युवाको क्षमता अभिवृद्धि तथा सशक्तीकरण गर्ने । | ■ रोजगारीका लागि छोटो अवधिको तालिम ।<br>■ नेतृत्व विकास र नीति निर्माणमा तालिम ।<br>■ युवासम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यक्रम । | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्<br>जिल्ला विकास समिति<br>जिल्ला खेलकुद विकास समिति<br>गैरसरकारी संस्था | निरन्तर | ■ सहभागी युवाहरूको सङ्ख्या । |
| १४ | विभिन्न माध्यमबाट युवाहरूलाई आवश्यक सूचना प्रवाह गर्ने । | ■ युवा सञ्चार कार्यक्रम (रेडियो र टेलिभिजन कार्यक्रम) ।<br>■ इ–नेट सूचना प्रणालीको विकास र विस्तार ।<br>■ युवा सम्पर्क विन्दुहरूको अन्तर्क्रिया कार्यक्रम ।<br>■ युवा बुलेटिन प्रकाशन ।<br>■ युवा उत्तरदायी बजेटको विकास र कार्यान्वयन । | युवा तथा खेलकुद मन्त्रालय | रेडियो नेपाल<br>नेपाल टेलिभिजन,<br>गैरसरकारी संस्था<br>राष्ट्रिय खेलकुद परिषद् | निरन्तर | ■ प्रसारण भएका कार्यक्रम सङ्ख्या ।<br>■ प्रकाशित र वितरित बुलेटिन सङ्ख्या । |
| १५ | प्राथमिकता र विशेष प्राथमिकताको समूहमा परेका युवाहरूको क्षमता विकास गर्ने । | ■ प्राथमिक र विशेष प्राथमिकता समूहका लागि रोजगारमूलक तालिम ।<br>■ प्राथमिकता र विशेष प्राथमिकता समूहका तालिम प्राप्त व्यक्तिलाई व्यवसाय सञ्चालन गर्न सहयोग ।<br>■ अपाङ्ग युवाहरूका लागि सामग्री सहयोग कार्यक्रम । | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्<br>जिल्ला खेलकुद विकास समिति,<br>विभिन्न सङ्घसंस्थाहरू | निरन्तर | ■ तालिममा सहभागी सङ्ख्या ।<br>■ सामग्री वितरण सङ्ख्या । |
| १६ | विद्यालयस्तरदेखि प्रभावकारी रूपमा खेलकुद गतिविधि सञ्चालन गरी युवाहरूको शारीरिक तथा मानसिक विकास गर्ने । | ■ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (छात्र/छात्रा भलिबल, एथलेटिक्स लगायतका विभिन्न खेलहरू)<br>क) जिल्लास्तरीय<br>ख) क्षेत्रस्तरीय<br>ग) केन्द्रस्तरीय<br>■ मा.वि. स्तरीय छात्र/छात्रा फुटबल प्रतियोगिता ।<br>■ मा.वि. स्तरीय छात्र/छात्रा क्रिकेट प्रतियोगिता ।<br>■ विद्यालय खेलकुद शिक्षक तालिम कार्यक्रम<br>■ खेलकुदका लागि प्रशिक्षक तालिम । | युवा तथा खेलकुद मन्त्रालय<br>राष्ट्रिय खेलकुद परिषद् | | निरन्तर | ■ खेलमा सहभागी विद्यालय सङ्ख्या ।<br>■ खेलमा सहभागी जिल्ला सङ्ख्या ।<br>■ खेलमा सहभागी खेलाडी सङ्ख्या ।<br>■ पूर्वाधार तयार भएका सङ्ख्या । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १७ | खेलकुदका अवसरहरू वृद्धि गर्न र युवाहरूको व्यक्तित्व विकास गर्न खेलकुद विकास तथा पूर्वाधारहरूको निर्माण गर्ने । | ■ विभिन्न खेलमैदान, कवर्ड हल लगायतका पूर्वाधारहरूको विकास र विस्तार । | युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय खेलकुद परिषद् | | निरन्तर | ■ निर्माण भएको भौतिक पूर्वाधारहरूको सङ्ख्या । |
| १८ | खेलकुदसम्बन्धी अध्ययन, अनुसन्धान, वैदेशिक भ्रमण, तालिम तथा अन्य कार्यक्रम सञ्चालन गरी युवाहरूको व्यक्तित्व विकास गर्न अवसर दिने र खेलको माध्यमद्वारा युवाहरूलाई अनुशासित बनाउने । | ■ खेलकुद आचारसंहिता निर्माण ।<br>■ ऐन, नियम, निर्देशिका तथा कार्यविधिको निर्माण/परिमार्जन ।<br>■ सर्वोत्कृष्ट खेलाडी तथा व्यवस्थापकलाई सम्मान तथा प्रोत्साहन ।<br>■ परम्परागत ग्रामीण, साहसिक, पर्यटकीय आदि खेलहरूको सम्भाव्यता अध्ययन तथा विकास ।<br>■ आवश्यकता अनुसार खेलाडी तथा प्रशिक्षकहरूलाई वैदेशिक भ्रमण कार्यक्रम सञ्चालन । | युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय खेलकुद परिषद् | गैरसरकारीसंस्थाहरू, खेलकुदसम्बन्धी सङ्घसंस्थाहरू | निरन्तर | ■ सम्मान गरिएका खेलाडी तथा व्यवस्थापकहरूको सङ्ख्या ।<br>■ ऐन नियम परिमार्जन भए नभएको ।<br>■ विदेशमा तालिम लिने खेलाडी तथा प्रशिक्षक सङ्ख्या । |
| १९ | खेल क्षेत्रमा प्रतिबन्धित लागू औषध विरुद्ध चेतना जगाउने । | ■ खेलकुद क्षेत्रमा संलग्न व्यक्तिहरूमा सचेतना कार्यक्रम सञ्चालन । | युवा तथा खेलकुद मन्त्रालय | गैरसरकारी सङ्घसंस्थाहरू | निरन्तर | ■ सचेतना कार्यक्रममा सहभागी सङ्ख्या । |
| २० | विभिन्न प्रकारको स्काउटिङ कार्यक्रम सञ्चालन गर्ने । | ■ बालबालिका तथा युवाहरूमा सेवा भावले ओतप्रोत, अनुशासित, स्वावलम्बी र चरित्रवान नागरिक बनाउने विभिन्न क्रियाकलापहरू सञ्चालन गरिने । | नेपाल स्काउट (केन्द्रीय र जिल्ला स्तरीय) | युवा तथा खेलकुद मन्त्रालय विभिन्न गैरसरकारी संस्थाहरू | निरन्तर | ■ कार्यक्रममा सहभागी स्काउट विद्यार्थी सङ्ख्या ।<br>■ कार्यक्रममा सहभागी विद्यालय सङ्ख्या ।<br>■ कार्यक्रममा सहभागी जिल्ला सङ्ख्या । |
| २१ | सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, साझेदारी वनको संरक्षण, प्रवर्द्धन र दिगो व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा देशको कुल भूभागको ४० प्रतिशत वनक्षेत्र कायम गर्न आवश्यक नीति, कानून, संस्थागत व्यवस्था र कार्यक्रमहरू जारी, स्थापना तथा सञ्चालन गर्ने । | ■ कार्यालयहरूले सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, साझेदारी वनको स्थानीयसँगको सहभागितामा संरक्षणसम्बन्धी कार्यक्रम ।<br>■ सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, साझेदारी वनको संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन ।<br>■ वन संरक्षण र वन पैदावारको प्रयोगमा गरिब, विपन्न तथा सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागिता । | वन तथा भू-संरक्षण मन्त्रालय | गृह मन्त्रालय | निरन्तर | ■ वन ऐन तथा नियमावलीको प्रतिकूल नहुने गरी कार्यान्वयन गरिएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| २२ | जैविक विविधताको संरक्षण र स्रोत साधनमा सर्वसाधारणको पहुँच वृद्धि, व्यवस्थापन र सदुपयोग गर्ने । | ■ जैविक विविधताको पहिचान र अभिलेखीकरण ।<br>■ दैनिक उपभोग्य वस्तुको पहिचान र समन्यायिक वितरण ।<br>■ जैविक स्रोतको सम्बन्धित नामाकरण, प्रकार, वासस्थान, बीउविजनको स्रोत, सम्पदाको अवस्था लगायतका सूचनाहरू सङ्कलन ।<br>■ सम्बन्धित विषयका विज्ञहरूको ज्ञान र सीप लगायतका सूचना सङ्कलन ।<br>■ स्थानीय स्रोतको उपयोगमा स्थानीयवासीलाई प्राथमिकता साथ वितरण । | वन तथा भू-संरक्षण मन्त्रालय | | निरन्तर | ■ जैविक विविधताको संरक्षण तथा स्रोत साधनमा सर्वसाधारण जनताको सहज पहुँच भएको हुने । |
| २३ | वन तथा वन्यजन्तुको संरक्षण र अपराध नियन्त्रण गर्ने । | ■ वनले ढाकेको क्षेत्र न्यूनतम ४० प्रतिशत कायम ।<br>■ वन्यजन्तुको संरक्षणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने तथा वन्यजन्तुको चोरी शिकारी नियन्त्रण गरी अपराधीलाई प्रचलित कानून बमोजिम सजाय ।<br>■ वनको संरक्षण, वृक्षारोपन, वन अतिक्रमण नियन्त्रण, वन डढेलो रोकथाम जस्ता कार्यक्रमहरू सञ्चालन ।<br>■ वन्यजन्तुको संरक्षण तथा लोपोन्मुख जातिको पहिचान एवं संवर्द्धनसम्बन्धी कार्यक्रमहरू सञ्चालन । | वन तथा भू-संरक्षण मन्त्रालय | | निरन्तर | ■ वन तथा वन्यजन्तुको संरक्षणमा योगदान । |
| २४ | मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तु बीचको द्वन्द्व नियन्त्रण गर्ने । | ■ मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने मानिसहरूको सुरक्षा गर्ने ।<br>■ वन्यजन्तुबाट हुन सक्ने आक्रमण तथा क्षतिलाई नियन्त्रण गर्न निरोधात्मक उपाय अवलम्बन गर्ने ।<br>■ वन्यजन्तुबाट पीडित परिवारहरूलाई राहत वितरण ।<br>■ राहत वितरण निर्देशिका बनाई कार्यान्वयन । | वन तथा भू-संरक्षण मन्त्रालय | गृह मन्त्रालय<br>नेपाली सेना | निरन्तर | ■ पीडित परिवारहरूले राहत प्राप्त गरेको हुने । |
| २५ | सहरी तथा ग्रामीणस्तरका जनतालाई स्वच्छ, स्वस्थ र पर्याप्त खानेपानीको व्यवस्था गर्ने । | ■ सबैका लागि सुरक्षित, नियमित र पर्याप्त खानेपानी उपलब्ध गराउन कार्यक्रम तर्जुमा र सञ्चालन ।<br>■ जनतालाई शुद्ध खानेपानी उपलब्ध गराउन शुद्धताको नियमित परीक्षण गर्ने ।<br>■ काठमाडौंबासीलाई शुद्ध खानेपानी उपलब्ध गराउन विद्यमान सार्वजनिक ढुंगेधारा, पोखरी र कुवाको संरक्षण गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।<br>■ खानेपानीका थप स्रोतको पहिचान गर्ने र सोको प्रयोगको योजना तर्जुमा गर्ने ।<br>■ काठमाडौं उपत्यकामा पर्याप्त खानेपानी व्यवस्था गर्न मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको कार्य सम्पन्न गर्ने । | सहरी विकास मन्त्रालय | खानी तथा भू-संरक्षण विभाग<br>खानेपानी तथा ढल निकास विभाग<br>खानेपानी व्यवस्थापन बोर्ड<br>नेपाल खानेपानी संस्थान | शुद्धताको परीक्षण गर्ने कार्य तत्काल प्रारम्भ गरिने ।<br>एक वर्षभित्र ।<br>मेलम्ची खानेपानी तीन वर्षभित्र । | ■ खानेपानी विस्तार गरिएको क्षेत्र र परीक्षणको अनुगमन ।<br>■ परीक्षणको सङ्ख्या ।<br>■ आर्थिक र प्राविधिक दिइएका पोखरी, ढुंगेधारा र कुवाको सङ्ख्या ।<br>■ थप स्रोतको पहिचानको सङ्ख्या र योजनाको अनुगमन ।<br>■ मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको कार्य सम्पन्न भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | | ■ सिंहदरवार क्षेत्रभित्र सुरक्षित खानेपानी योजना लागू गरी स्वच्छ खानेपानी उपलब्ध गराउने ।<br>■ प्रत्येक जिल्ला सदरमुकाममा पानी परीक्षण प्रयोगशाला स्थापना । | | | | |
| २६ | विभिन्न गाउँ, नगर तथा जिल्लालाई खुला दिसामुक्त घोषणा गरी देशलाई नै खुला दिसामुक्त बनाउने । | ■ विभिन्न गाउँ, नगरलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने र सबै जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने । | सहरी विकास मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | तीन वर्षभित्र | ■ सबै जिल्ला खुला दिसामुक्त घोषणा भएको हुने ।<br>■ दिसा मुक्त गरिएका गाउँ र नगरको सङ्ख्या । |
| २७ | सरसफाई सम्बन्धमा जनचेतना फैलाउने । | ■ सरसफाईसम्बन्धी व्यापक रूपमा जनचेतना अभिवृद्धि गर्ने र क्षेत्रीयस्तरमा सचेतनामूलक कार्यक्रम वा गोष्ठी आयोजना गर्ने ।<br>■ तराई क्षेत्रमा सरसफाईसम्बन्धी बृहत् सम्मेलन गर्ने ।<br>■ सरसफाईसम्बन्धी पम्प्लेट, पोष्टर, भिडियो फिल्म तयार गर्ने र सोको स्थानीय भाषामा अनुवाद गरी प्रचार प्रसार गर्ने ।<br>■ फोहोर व्यवस्थापन गर्न अन्य सरोकारवालाहरूसँग समन्वय गरी सबै नगरपालिका, जिल्ला सदरमुकाम, बजार क्षेत्र र साना सहरहरूमा समेत सफा सहर कार्यक्रम सञ्चालन गर्ने ।<br>■ सहरी फोहोरलाई त्यसको स्रोतमै व्यवस्थित र नियन्त्रण गर्न जनचेतना अभिवृद्धि गर्न कम्तीमा १० वटा नगरपालिका र सहरी क्षेत्रमा कार्यक्रम आयोजना गर्ने र सरकारी तथा गैरसरकारी संस्थालाई यस कार्यमा सहभागिता गराउन आवश्यक नीतिगत व्यवस्था गर्ने । | सहरी विकास मन्त्रालय | स्थानीय निकाय, नगर विकास समिति, खानेपानी तथा ढल निकास विभाग, फोहोरमैला तथा स्रोत परिचालन केन्द्र | निरन्तर | ■ कार्यक्रमहरूको सङ्ख्या । |
| २८ | प्रशोधनसहितको ढल व्यवस्थापन प्रणाली विकास गर्ने । | ■ ढलको व्यवस्था नभएका सहरी क्षेत्रमा ढलको व्यवस्था गर्ने तथा भइरहेका क्षेत्रमा ढल प्रशोधनको समेत व्यवस्था गरी संरक्षण र विस्तार गर्ने । | सहरी विकास मन्त्रालय | खानेपानी तथा ढल निकास विभाग खानेपानी व्यवस्थापन बोर्ड नेपाल खानेपानी संस्थान नगर विकास समिति, स्थानीय निकायहरू | संरक्षण र विस्तार कार्य तत्काल प्रारम्भ गर्ने र ढल नभएका सहरमा ३ वर्षभित्र ढलको व्यवस्था गर्ने । | ■ ढल निर्माणको सङ्ख्या र विस्तारको अनुगमनको सङ्ख्या, दूरी आदि । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| २९ | फोहोरमैला व्यवस्थापनमा जनचेतना अभिवृद्धि गर्ने र ऐतिहासिक, साँस्कृतिक महत्वका स्थानहरूमा फोहोरमैला व्यवस्थापन नमूना परियोजना अध्ययन, अनुसन्धान तथा विकास गर्ने । | ■ फोहोरमैला व्यवस्थापनमा जनचेतना अभिवृद्धि ।<br>■ सहरी फोहोरमैला व्यवस्थापन र त्यसको स्रोतमा नै व्यवस्थित एवं नियन्त्रण गर्न कम्ती १० वटा नगरपालिका र सहरी क्षेत्रमा कार्यक्रम आयोजना गर्ने र सरकारी, निजी तथा गैरसरकारी संस्थालाई यस कार्यमा सहभागिता गराउन आवश्यक नीतिगत व्यवस्था ।<br>■ फोहोरमैला व्यवस्थापन न्यूनीकरण तालिम आयोजना ।<br>■ फोहोरमैला व्यवस्थापनसम्बन्धी टेलिविज्ञापन तथा श्रव्यदृश्य सामग्री निर्माण तथा प्रसारण ।<br>■ फोहोरमैलासम्बन्धी सन्देशमूलक सूचना प्रवाह ।<br>■ फोहोरमैला व्यवस्थापनमा विशेष योगदान पुऱ्याउने व्यक्ति, सङ्घ, संस्था तथा नगरपालिकालाई सम्मान तथा पुरस्कार वितरण ।<br>■ फोहोरमैला व्यवस्थापनसम्बन्धी शिक्षा तथा सञ्चार सामग्री निर्माण र प्रदर्शनी । | सहरी विकास मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय फोहोरमैला व्यवस्थापनप्राविधिक सहयोग केन्द्र, स्थानीय निकाय | आ.व. ०७१।७२ देखि प्रारम्भ गरी तीन वर्ष । आ.व. ०७०।७१ देखि प्रारम्भ गरी प्रतिवर्ष ५ वटाका दरले तीन वर्ष । | ■ ८५ वटा तालिम आयोजना गरिसकिएको हुने ।<br>■ १५ वटा श्रव्यदृश्य सामग्री निर्माण भएको हुने ।<br>■ तीन वर्षसम्म २१० वटा सूचना प्रवाह भएको हुने ।<br>■ तीन वर्षसम्म ३० वटा व्यक्ति, सङ्घसंस्था पुरस्कृत भइसकेको हुने ।<br>■ तीन वर्षसम्म ४५ वटा सामग्री निर्माण र प्रदर्शनी भइसकेको हुने । |
| ३० | ऐतिहासिक, साँस्कृतिक महत्वका स्थानहरूमा एकीकृत फोहोरमैला व्यवस्थापन नमूना परियोजना अध्ययन निर्माण तथा सञ्चालन गर्ने । | ■ एकीकृत फोहोरमैला व्यवस्थापन नमूना परियोजना अध्ययन निर्माण तथा सञ्चालन गर्ने । | सहरी विकास मन्त्रालय | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय फोहोरमैला व्यवस्थापनप्राविधिक सहयोग केन्द्र | आ.व. ०७१।७२ देखि प्रारम्भ | ■ तीन वर्षसम्म ११ वटा परियोजनाको अध्ययन, निर्माण र सञ्चालन भएको हुने । |
| ३१ | गरिब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण पछि लक्षित कार्यक्रम सञ्चालनमार्फत् गरिबी न्यूनीकरण गर्ने । | ■ गरिब घरपरिवारको पहिचान गर्ने ।<br>■ गरिबीको मापदण्ड तयार गरी गरिबीको मापदण्डभित्र पर्ने परिवारलाई परिचयपत्र वितरण गर्ने ।<br>■ गरिबीको परिचयपत्र वाहकलाई सेवा सुविधाको सिफारिस गर्ने ।<br>■ सिफारिस बमोजिमको सेवा सुविधा लक्षित वर्गमा पुगे नपुगेको अनुगमन गर्ने ।<br>■ घरपरिवार गणना कार्यको लागि प्रश्नावली फाराम तयारी तथा प्रकाशन । | सहकारी तथा गरिबी निवारण मन्त्रालय जिल्ला विकास समिति | गृह मन्त्रालय गरिबी निवारण कोष राष्ट्रिय योजना आयोग | दुई वर्षभित्र | ■ घरपरिवार पहिचानको लागि तयार गरी प्रकाशन गरिएको प्रश्नावलीको गुणस्तर ।<br>■ सञ्चालित तालिम सङ्ख्या र प्रशिक्षार्थीले प्राप्त गरेको ज्ञान र सीप ।<br>■ गणना भएको घरपरिवारको सङ्ख्या र प्राप्त सत्य तथ्य विवरण ।<br>■ गरिब घरपरिवारको प्रारम्भिक सूची सार्वजनिक भएको नभएको अवस्था । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | | ■ गणना कार्य सञ्चालनार्थ तालिम सञ्चालन ।<br>■ घरपरिवार गणना कार्य सञ्चालन ।<br>■ Proxi mean testing विधिबाट समृद्धिको स्तर निर्धारण ।<br>■ जिल्ला र गाविसस्तरमा परिचयपत्र बाहकको प्रारम्भिक सूची सार्वजनिक ।<br>■ घरपरिवारको गुनासो तथा उजुरी सुनुवाई ।<br>■ अनुगमन तथा मूल्याङ्कन । | | | | ■ गुनासो तथा उजुरीको सुनुवाई भए नभएको ।<br>■ गरिब घरपरिवारले प्राप्त गरेको परिचयपत्र ।<br>■ छानिएका गरिब घरपरिवारले दैनिक जीवनयापनका लागि आवश्यक सेवा सुविधा प्राप्तिको अवस्था ।<br>■ अनुगमन प्रतिवेदन । |
| ३२ | सामाजिक तथा आर्थिक विभेदको अन्त्य गर्ने । | ■ सहकारीमार्फत् सामाजिक विभेदको विरुद्ध जनचेतना अभिवृद्धि गर्ने ।<br>■ आर्थिक क्रियाकलापहरूमा सदस्यहरूको समान सहभागिता गराउने ।<br>■ सामाजिक विभेद विरुद्ध जनचेतनामूलक प्रचार प्रसार सामग्रीहरूको निर्माण ।<br>■ सवै समुदायहरूलाई सहकारीमा आबद्ध गरी सहकारी तथा सामाजिक सुरक्षा सम्बन्धमा तालिम सञ्चालन ।<br>■ सहकारीमार्फत् व्यावसायिकताको विकास गरी सामूहिक व्यवसाय सञ्चालन । | सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी सङ्घसंस्था | अर्थ मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, गैरसरकारी संस्था राष्ट्रिय सहकारी सङ्घ लि. | निरन्तर | ■ सामाजिक विभेद विरुद्ध तयार गरी प्रचार प्रसार गरिएका जनचेतनामूलक सामग्रीहरू<br>■ सामाजिक भेदभाव विरुद्ध तथा व्यवसाय सञ्चालन गर्न सञ्चालित तालिमहरू ।<br>■ सामूहिकरूपमा सञ्चालनमा रहेका व्यवसाय । |
| ३३ | सवै समुदायका सदस्यहरूको मानवोचित जीवनयापन गराउने र जीवनयापनका लागि आवश्यक आधारभूत आवश्यकता परिपूर्तिको लागि अगुवाई गर्ने । | ■ खाद्यान्नमा पहुँच वृद्धि ।<br>■ कपडाको पहुँच वृद्धि ।<br>■ बासको पहुँच वृद्धि ।<br>■ सहकारीमार्फत् रोजगारी तथा स्वरोजगारीमा वृद्धि ।<br>■ उत्पादनको बजार पहुँचमा वृद्धि ।<br>■ उपभोक्ता सहकारीमार्फत् शुद्ध तथा गुणस्तरीय खाद्य सामग्रीहरूको आपूर्ति । | सहकारी तथा गरिबी निवारण मन्त्रालय | कृषि विकास मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल खाद्य संस्थान, जिल्ला प्रशासन कार्यालय, साल्ट ट्रेडिङ्ग कं., नेशनल ट्रेडिङ्ग, कृषि सामग्री कम्पनी | निरन्तर | ■ वार्षिक बिक्री प्रतिवेदन, खरिद गर्ने व्यक्तिहरूको विवरण, वार्षिक उत्पादन तथा प्रशोधन, कृषकहरूको आयमा वृद्धिको तथ्याङ्क, सहकारीमार्फत् प्रदत्त रोजगारीको तथ्याङ्क । |
| ३४ | समुदायलाई आवश्यक पर्ने अत्यावश्यक खाद्य सामग्री र उत्पादन सामग्रीहरूको सुनिश्चित गर्ने । | ■ खाद्य सामग्री सस्तो तथा सुपथ मूल्यमा वितरण गर्ने ।<br>■ कृषि कार्यको लागि आवश्यक पर्ने गुणस्तरीय उत्पादन सामग्रीहरूको समयमा नै आपूर्ति गर्ने ।<br>■ उपभोक्ता र कृषि सहकारी गठन ।<br>■ सहकारीमार्फत् दैनिक जीवनयापन गर्न आवश्यक उपभोग्य खाद्यान्न सामग्रीहरूको वितरण । | सहकारी तथा गरिबी निवारण मन्त्रालय, | अर्थ मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, | निरन्तर | ■ सहकारीद्वारा वितरित खाद्य सामग्री तथा उत्पादन सामग्रीहरूको परिमाण, गुणस्तर र मूल्य । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | | ■ गुणस्तरीय कृषि उत्पादन सामग्री समयमा नै उपलब्ध गराउन सामग्रीहरूको व्यवस्था । | सहकारी सङ्घ संस्थाहरू | गैरसरकारी संस्था, राष्ट्रिय सहकारी सङ्घ लिमिटेड | | |
| ३५ | सहकारी सदस्यहरूको वातावरणसम्बन्धी अधिकारबारे ज्ञान दिने । | ■ सहकारी सदस्यहरूलाई वातावरणीय अधिकारसम्बन्धी जनचेतना जगाउने ।<br>■ सहकारी सदस्यहरूलाई वातावरण प्रदूषण न्यूनीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।<br>■ वातावरणीय अधिकारसम्बन्धी प्रचार प्रसार कार्य सञ्चालन ।<br>■ वातावरण संरक्षणसम्बन्धी गोष्ठी, बैठक सञ्चालन ।<br>■ न्यून वातावरण प्रदूषित प्रविधिहरूको प्रयोग गर्न तालिम सञ्चालन । | सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी सङ्घ संस्थाहरू | अर्थ मन्त्रालय | निरन्तर | ■ वातावरण संरक्षण तथा वातावरणीय अधिकार सम्बन्धमा सञ्चालित गोष्ठी, प्रचार प्रसार<br>■ सदस्यहरूले प्रयोग गरेका वातावरण अनुकूलित प्रविधिहरू । |
| ३६ | सहकारीमार्फत् कृषि उद्यमशीलताको विकास गर्ने । | ■ स्थान, प्रविधि र बजार सुहाउँदो तुलनात्मक लाभ भएका कृषि उद्यमहरूको छनौट गर्ने ।<br>■ परम्परागत कृषि प्रणालीलाई व्यावसायिक प्रणालीमा रूपान्तरण गर्ने ।<br>■ तुलनात्मक लाभ भएका कृषि वस्तुहरूको छनौट ।<br>■ उद्यमशीलतासम्बन्धी तालिम सञ्चालन ।<br>■ उपयुक्त छानिएका सहकारी व्यवसायहरूलाई अनुदान उपलब्ध गराउने र कृषि उद्यमहरूलाई मूल्य श्रृङ्खलामा समावेश । | सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी सङ्घ संस्थाहरू | अर्थ मन्त्रालय, कृषि विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, गैरसरकारी संस्था, राष्ट्रिय सहकारी सङ्घ लि. | निरन्तर | ■ कृषि उद्यमशीलतासम्बन्धी सञ्चालन भएका तालिम, कृषि उद्यमीहरूको सङ्ख्या, परम्परागत कृषि प्रणालीबाट व्यावसायिक प्रणालीमा रूपान्तरण भएका कृषि उद्यमहरू । |
| ३७ | उद्योगमा कार्यरत कामदार कर्मचारीको सामाजिक सुरक्षाको व्यवस्था गर्ने । | ■ योगदानमा आधारित सामाजिक सुरक्षा तथा सामाजिक बीमा र सामाजिक सहयोगको व्यवस्था । | उद्योग मन्त्रालय | बीमा कम्पनीहरू | निरन्तर | ■ कामदार तथा कर्मचारीको सामाजिक सुरक्षा भएको हुने । |
| ३८ | विद्युत आयोजना प्रभावित क्षेत्रमा वैकल्पिक पुनर्वासको व्यवस्थासँगै सीपमूलक शिक्षा, तालीमको व्यवस्था गरी स्थानीयस्तरमा रोजगारी सिर्जनाको अवसर जुटाउने । | ■ उचित क्षतिपूर्ति व्यवस्था गर्ने ।<br>■ पुनर्वास तथा पुनर्स्थापना नीति नियम तर्जुमा गर्ने ।<br>■ पुनर्वासको लागि उचित क्षेत्र पहिचान गर्ने ।<br>■ तालीम केन्द्र, सीपमूलक तालीम संस्थाको स्थापना गर्ने । | ऊर्जा मन्त्रालय | भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>शिक्षा मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम तथा राजगार मन्त्रालय<br>वन तथा भू-संरक्षण मन्त्रालय | निरन्तर | ■ पुनर्वास तथा पुनर्स्थापना नीति नियम तयार भएको हुने ।<br>■ सीपमूलक शिक्षा प्राप्त भई तालीम प्राप्त जनशक्तिको विकास भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ३९ | दुर्गम क्षेत्रमा सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउने । | ▪ नागरिक बडापत्र ।<br>▪ सुविधा भएको स्थानमा सरकारी सुविधाका लागि Online फर्म आदि भर्ने व्यवस्था ।<br>▪ कर्मचारी शुरु नियुक्ति दुर्गममा गर्ने तथा कर्मचारी पदस्थापना र सरुवा निर्देशिका तर्जुमा ।<br>▪ सरकारी सेवा प्रवाहमा सहयोग गर्न जेष्ठ नागरिक र अन्य इच्छुक व्यक्तिलाई स्वयंसेवक नियुक्त । | सामान्य प्रशासन मन्त्रालय | सम्बन्धित सरकारी निकायहरू | निरन्तर | ▪ सरकारी सेवा प्रवाहमा देखिने गरी सुधार भएको हुने । |
| ४० | सिँचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाहरू सञ्चालन गर्दा सेवाग्राहीको मानव अधिकार सुरक्षित गर्ने । | ▪ सिँचाइको लागि आवश्यक पानीको न्यायोचित उपलब्धता तथा वितरण सुनिश्चित गर्ने ।<br>▪ योजना तर्जुमा, निर्माण तथा सञ्चालन गर्दा शुरुको अवस्थादेखि नै सेवाग्राहीको सहभागिता सुनिश्चित ।<br>▪ पानी वितरण तालिका निर्माण गरी सबै उपभोक्तालाई समानुपातिक रूपमा पानी वितरण । | सिँचाइ मन्त्रालय | अर्थ मन्त्रालय<br>गृह मन्त्रालय<br>जलउत्पन्न प्रकोप नियन्त्रण विभाग | निरन्तर | ▪ पूर्व सूचना प्रणालीहरूको सङ्ख्या ।<br>▪ संरचनाहरूको सङ्ख्या । |
| ४१ | जल उत्पन्न प्रकोप न्यूनीकरण गर्दै मानव बस्ती, खेतीयोग्य भूमि तथा निर्मित विकासका पूर्वाधारको संरक्षण गर्ने । | ▪ योजना निर्माणबाट अस्वैच्छिक रूपमा विस्थापित तथा प्रभावित परिवारको सङ्ख्या न्यून गर्ने ।<br>▪ विस्थापन कम हुने गरी योजनाको सर्वेक्षण तथा डिजाइन ।<br>▪ विस्थापित परिवारलाई समयमै उचित मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध ।<br>▪ सीमान्तकृत, कृषक, दलित, पिछडा वर्ग, आदिवासी/जनजातिहरूलाई विस्थापित गर्नुपर्ने भएमा निजहरूको जीवनपद्धति, संस्कृति तथा सामाजिक अवस्थामा असर नपर्ने गरी पुनर्स्थापन । | सिँचाइ मन्त्रालय | अर्थ मन्त्रालय<br>गृह मन्त्रालय<br>जलउत्पन्न प्रकोप नियन्त्रण विभाग | निरन्तर | ▪ पूर्व सूचना प्रणालीहरूको सङ्ख्या ।<br>▪ संरचनाहरूको सङ्ख्या । |
| ४२ | सिँचाइ विकास गर्दा वातावरणमैत्री र तालतलैया, पोखरी, सीमसार तथा मूलहरूको संरक्षण गर्ने । | ▪ बाढी पहिरो तथा डुबान पीडित परिवारको समस्या समाधान गर्ने ।<br>▪ बाढीबाट हुने मानवीय क्षति न्यूनीकरण गर्न अति जोखिमपूर्ण स्थानहरूमा पूर्व सूचना प्रणाली जडान ।<br>▪ बाढी पहिरो रोकथामका लागि समयमै पहिचान गरी आवश्यक संरचनाहरूको निर्माण ।<br>▪ भारतीय भूभागमा निर्मित संरचनाहरूका कारण नेपाली भूभागमा डुबानमा परेका परिवारहरूको समस्या समाधान गर्न तथा भविष्यमा निर्माण हुने यस्ता संरचनाहरूबाट नेपाली भूभागमा क्षति नहुने गरी निर्माण गर्न आवश्यक कुटनीतिक क्रियाशीलता । | सिँचाइ मन्त्रालय | अर्थ मन्त्रालय<br>गृह मन्त्रालय<br>परराष्ट्र मन्त्रालय<br>जलउत्पन्न प्रकोप नियन्त्रण विभाग | निरन्तर | ▪ पूर्व सूचना प्रणालीहरूको सङ्ख्या ।<br>▪ संरचनाहरूको सङ्ख्या । |

## ३.१.१६ सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन

| क्र.सं. | उद्देश्य | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | सर्वोच्च अदालतबाट भएका आदेशहरूको कार्यान्वयन गरी बालअधिकारको सुनिश्चितता प्रदान गर्ने । | ■ बालअधिकारको सम्बन्धमा सर्वोच्च अदालतबाट जारी आदेशको कार्यान्वयन । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>शान्ति तथा पुनर्निर्माण मन्त्रालय | शिक्षा मन्त्रालय<br>गृह मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | ■ बालअधिकारको सम्बन्धमा सर्वोच्च अदालतबाट जारी आदेशको कार्यान्वयन गरी लगत कट्टा भएको हुने । |
| २ | सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी आदेश कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने । | ■ अर्थ मन्त्रालयबाट कार्यान्वयन हुनुपर्ने आदेशहरू मन्त्रालयले यथाशीघ्र कार्यान्वयन गर्ने ।<br>■ अन्य मन्त्रालय एवं निकायहरूबाट कार्यान्वयन हुनुपर्ने आदेश कार्यान्वयनका लागि आवश्यक बजेट माग भई आएमा यथाशीघ्र बजेट निकासा गर्ने । | अर्थ मन्त्रालय र अन्तर्गत | राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय | निरन्तर | ■ अर्थ मन्त्रालयबाट कार्यान्वयन हुनुपर्ने आदेशहरू कार्यान्वयन भई लगत कट्टा भएको हुने ।<br>■ अन्य मन्त्रालय एवं निकायहरूबाट आदेश कार्यान्वयनका लागि माग भई आएको बजेट निकासा भएको हुने । |
| ३ | जेष्ठ नागरिकका सम्बन्धमा सर्वोच्च अदालतबाट जारी आदेश कार्यान्वयन गर्ने । | ■ जेष्ठ नागरिकका सम्बन्धमा सर्वोच्च अदालतबाट जारी आदेश कार्यान्वयन । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | गृह मन्त्रालय | निरन्तर | ■ आदेश कार्यान्वयन भई लगत कट्टा भएको हुने । |
| ४ | अपाङ्गताका सम्बन्धमा सर्वोच्च अदालतबाट जारी आदेश कार्यान्वयन गर्ने । | ■ अपाङ्गताका सम्बन्धमा सर्वोच्च अदालतबाट जारी आदेश कार्यान्वयन । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | शिक्षा मन्त्रालय<br>सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | निरन्तर | ■ आदेश कार्यान्वयन भई लगत कट्टा भएको हुने । |
| ५ | सार्वजनिक सरोकारका विषयमा सर्वोच्च अदालतबाट जारी आदेशको कार्यान्वयन गर्ने । | ■ सार्वजनिक सरोकारका विषयमा सर्वोच्च अदालतबाट जारी आदेशको कार्यान्वयन ।<br>■ सर्वोच्च अदालतबाट भएका आदेश कार्यान्वयन अवस्थाको अनुगमन गर्ने ।<br>■ कार्यान्वयन अवस्थाको अद्यावधिक विवरण तयार गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | सबै सरकारी तथा सरकारी स्वामित्वका निकायहरू | निरन्तर | ■ आदेशको कार्यान्वयन भई मुद्दाको लगत कट्टा भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ६ | राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गर्ने । | ■ राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनको लगत तयार गर्ने तथा सम्बन्धित निकायहरूलाई कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने ।<br>■ सिफारिस कार्यान्वयन अवस्थाको अनुगमन गर्ने ।<br>■ कार्यान्वयन अवस्थाको अद्यावधिक विवरण तयार गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै सरकारी तथा सरकारी स्वामित्वका निकायहरू | निरन्तर | ■ आयोगको सिफारिसहरू कार्यान्वयन भई लगत कट्टा भएको हुने । |

## ३.१.१७ हिरासत तथा कारागार सुधार

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | हिरासत तथा कारागारहरूको भौतिक अवस्था सुदृढ गरी बन्दी तथा कैदीहरूको सुविधामा वृद्धि गर्ने । | ▪ थुनुवा कैदीलाई भेट गर्न पृथक कोठाको व्यवस्था गर्ने ।<br>▪ नुवाकोट जिल्ला बिदुर न.पा. वडा नं. ७ चण्डीपोखरीमा नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नाममा रहेको जग्गा कारागार कार्यालय, नुवाकोटको नाममा हस्तान्तरण गरी कारागार अस्पताल, कारखाना र विद्यालयसहितको पाँच हजार क्षमताको कारागार भवन निर्माण गर्ने ।<br>▪ कारागार कार्यालय, भिमफेदी लगायतका सम्भाव्य स्थानहरूमा एक हजार क्षमताका कारागारहरू निर्माण गर्ने ।<br>▪ हिरासत तथा कारागारका कैदी बन्दीहरूको सुविधामा वृद्धि गर्ने ।<br>▪ कारागारमा पुस्तकालय तथा अध्ययन सामग्रीको व्यवस्था लगायत सिकाईका अन्य पद्धतिको व्यवस्था गर्ने । | गृह मन्त्रालय | भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>अर्थ मन्त्रालय<br>सहरी विकास तथा भवन निर्माण विभाग | ५ वर्ष | ▪ भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नाममा रहेको जग्गा कारागार कार्यालय, नुवाकोटको नाममा हस्तान्तरण हुने र निर्माण कार्य अगाडि बढेको हुने । |
| २ | बाँके जिल्लामा खुला कारागार स्थापना गर्ने । | ▪ बाँके जिल्लाको गनापुर गा.वि.स. स्थित कृषि मन्त्रालयको नाममा रहेको जग्गा कारागार कार्यालय बाँकेको नाममा भोगाधिकार प्राप्त गरी खुला कारागार निर्माण । | गृह मन्त्रालय | अर्थ मन्त्रालय<br>कृषि विकास मन्त्रालय<br>सहरी विकास तथा भवन निर्माण विभाग | ५ वर्ष | ▪ कृषि मन्त्रालयबाट कारागार कार्यालय, बाँकेको नाममा जग्गाको भोगाधिकार प्राप्त गरी निर्माण कार्य अगाडि बढेको हुने । |
| ३ | मानसिक रोगी बन्दी तथा कैदीहरूका लागि मानसिक उपचारको विशेष सुविधा भएको थुनुवा कक्ष र कारागार निर्माण गर्ने । | ▪ काभ्रे जिल्लास्थित धुलिखेल कारागारलाई भौतिक पूर्वाधार लगायत आवश्यक उपकरण र जनशक्ति उपलब्ध गराई मानसिक रोगी कैदी बन्दीहरूको उपचारका लागि सुविधा सम्पन्न कक्षाको रूपमा विकास गर्ने । | गृह मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>धुलिखेल अस्पताल<br>काठमाडौं विश्वविद्यालय, धुलिखेल<br>धुलिखेल नगरपालिका कार्यालय | ५ वर्ष | ▪ नीतिगत निर्णय भई भौतिक संरचना लगायत आवश्यक पूर्वाधार विकाससम्बन्धी काम र जनशक्ति व्यवस्थापनको लागि O&M सर्भे सम्पन्न भएको हुने । |
| ४ | कारागार कार्यालय, जगन्नाथदेवलभित्र रहेको कारागार अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्ने । | ▪ पूर्ण क्षमतामा सञ्चालन गर्न चिकित्सक लगायतका स्वास्थ्य सेवासँग सम्बन्धित जनशक्ति उपलब्ध गराउने । | गृह मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>गृह मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय | २ वर्ष | ▪ प्रस्तावित अस्थायी दरबन्दी निकासा भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ५ | कारागारमा रहेका कैदीहरूलाई लक्ष्य गरी उनीहरूको मानव अधिकारका सम्बन्धमा शिक्षा, तालिम, प्रशिक्षण प्रदान गर्ने । | ▪ कैदीहरूलाई मानव अधिकारका सम्बन्धमा शिक्षा ।<br>▪ सरोकारवालाहरूलाई तालिम र अनुभव आदान प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन । | गृह मन्त्रालय | रष्ट्रिय मानव अधिकार आयोग<br>नेपाल बार एशोसिएसन<br>गैरसरकारी संस्थाहरू | निरन्तर | ▪ कैदीहरूका लागि सञ्चालित तालिम, परामर्श तथ चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरूको सङ्ख्या । |
| ६ | कारागारमा रहँदा सीप तथा आयआर्जन गरी कारागारबाट छुटेपछि रोजगारी प्राप्त गर्न सक्षम बनाउने । | ▪ कारागारका कैदीहरूका लागि सीप तथा आयआर्जन हुने व्यावसायिक तालीम सञ्चालन । | गृह मन्त्रालय | उद्योग मन्त्रालय<br>स्थानीय निकाय<br>गैरसरकारी संस्थाहरू | निरन्तर | ▪ कैदीहरूलाई व्यावसायिक तालिम प्रदान गरिएका कारागार र कैदीहरूको सङ्ख्या । |
| ७ | कैदी/बन्दीहरूको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने । | ▪ कारागारमा मानवोचित न्यूनतम सुविधाहरूको प्रत्याभूति: स्वस्थकर सुत्ने, बस्ने ठाउँको, शौचालयको, भान्साको, स्वास्थ्य सुविधाको, महँगीसँगै सिधा खर्चमा वृद्धि, व्यायाम तथा खेलकुदको सुविधा, मानसिक शान्तिका लागि आध्यात्मिक ज्ञान प्राप्त गर्ने र अध्ययनको सुविधा ।<br>▪ प्रहरी इकाईहरूमा भएका हिरासत कक्षहरूको नियमित रूपमा निरीक्षण, नियमन तथा अनुगमन ।<br>▪ प्रहरी इकाईमा भएका हिरासत कक्षहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुधार तथा निर्माण ।<br>▪ हिरासत वा कारागारमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार भए नभएको सम्बन्धमा नियमित रूपमा हिरासत वा कारागारको अनुगमन गर्ने । | गृह मन्त्रालय | महान्यायाधिवक्ताको कार्यालय<br>नेपाल प्रहरी<br>अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू | निरन्तर | ▪ अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपका हिरासतहरूको सङ्ख्या । |
| ८ | थुनुवा कक्ष (Detention Center) को सुधार गर्ने । | ▪ थुनुवा कक्ष (Detention Center) हरूको भौतिक सुधार गर्ने । | गृह मन्त्रालय | प्रहरी प्रधान कार्यालय<br>सशस्त्र प्रहरी बल प्रधान कार्यालय | निरन्तर | ▪ सुधारिएका थुनुवा कक्षहरूको सङ्ख्या र अनुपात । |
| ९ | कारागारमा रहेका कैदीहरूमा आश्रित बालबालिकाहरूको व्यवस्थापन गर्ने । | ▪ कैदीहरूमा आश्रित बालबालिकाहरूको बसोवास तथा शिक्षाको व्यवस्था गर्ने । | गृह मन्त्रालय | शिक्षा मन्त्रालय | निरन्तर | ▪ बालबालिकाले शिक्षाआर्जनको सुविधा पाएको हुने । |
| १० | गम्भीर प्रकृतिका अपराधमा संलग्न कैदी/बन्दीहरुका लागि छुट्टै बन्दीगृह निर्माण गर्ने । | ▪ बाँके जिल्लाको नौवस्तामा कारागार कार्यालय बाँकेको नाममा भोगाधिकार रहेको १० बिगाहा जग्गामा गुरुयोजना बनाई गम्भीर प्रकृतिका अपराधमा संलग्न कैदी/बन्दीहरुका लागि छुट्टै बन्दीगृह निर्माण गर्ने । | गृह मन्त्रालय<br>कारागार व्यवस्थापन विभाग | अर्थ मन्त्रालय<br>सहरी विकास तथा भवन निर्माण विभाग<br>सशस्त्र प्रहरी तालिम केन्द्र नौवस्ता, बाँके<br>कारागार कार्यालय | ५ वर्ष | ▪ उक्त जग्गामा सर्भे, डिजाइन, ड्रोइङ र इष्टिमेटसहितको गुरुयोजना तयार भई निर्माण कार्य अगाडि बढेको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ११ | क्षमता विस्तार गर्न सकिने कारागारहरुको भौतिक क्षमता विस्तार गर्ने तथा जीर्ण अवस्थामा रहेका कारागारहरुलाई पुनर्निर्माण गर्ने । | ■ खाली जमिन भएका कारागारहरु- उदयपुर, रुपन्देही, कैलाली, कञ्चनपुर, बर्दिया र पर्वतमा नयाँ कारागार निर्माण गरी कारागारको भौतिक क्षमता विस्तार गर्ने ।<br>■ जीर्ण अवस्थामा रहेका झापा, रोल्पा लगायतका कारागारहरुमा नयाँ बन्दीगृह निर्माण गर्ने । | गृह मन्त्रालय<br>कारागार व्यवस्थापन विभाग | अर्थ मन्त्रालय<br>सहरी विकास तथा भवन निर्माण विभाग<br>कारागार कार्यालय | ४ वर्ष | ■ उपरोक्त स्थानहरुमा नयाँ कारागार भवनको निर्माण भई कारागारको मौजुदा क्षमतामा विस्तार । |
| १२ | केद्रीय कारागारको क्षमता वृद्धि गर्ने । | ■ कम्तीमा ३० शैय्याको अस्पताल बनाउने गरी स्तरोन्नति गर्ने । | गृह मन्त्रालय<br>कारागार व्यवस्थापन विभाग | अर्थ मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय<br>केन्द्रीय कारागार अस्पताल<br>कारागार कार्यालय | ३ वर्ष | ■ अस्पतालको स्तरोन्नति भई ३० शैय्याको सुविधा उपलब्ध भएको हुने । |

### ३.१.१८ संस्थागत सुदृढीकरण

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १ | मानव अधिकारको संरक्षण र प्रवर्द्धनार्थ राष्ट्रिय मानव अधिकार आयोगलाई सुदृढ बनाउने । | ■ राष्ट्रिय मानव अधिकार आयोगलाई साधन सम्पन्न र सुदृढ बनाउने कार्यक्रम कार्यान्वयन गर्ने ।<br>■ मानव अधिकार सेवा गठनका लागि नयाँ ऐन तर्जुमा गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अर्थ मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार आयोग<br>दातृ निकाय | निरन्तर | ■ आयोग सुदृढ भएको हुने ।<br>■ मानव अधिकार सेवा गठनका लागि ऐनको तर्जुमा भएको हुने । |
| २ | महिलाको अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि राष्ट्रिय महिला आयोगलाई सुदृढ बनाउने । | ■ राष्ट्रिय महिला आयोगलाई साधन सम्पन्न र सुदृढ बनाउने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अर्थ मन्त्रालय<br>राष्ट्रिय महिला आयोग<br>दातृ निकाय | निरन्तर | ■ आयोग सुदृढ भएको हुने । |
| ३ | दलितहरूको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि राष्ट्रिय दलित आयोगलाई सुदृढ बनाउने । | ■ राष्ट्रिय दलित आयोगलाई साधन सम्पन्न र सुदृढ बनाउने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय<br>राष्ट्रिय दलित आयोग<br>दातृ निकाय | निरन्तर | ■ आयोग सुदृढ भएको हुने । |
| ४ | मुस्लिम समुदायको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि राष्ट्रिय मुस्लिम आयोगलाई सुदृढ बनाउने । | ■ राष्ट्रिय मुस्लिम आयोगलाई साधन सम्पन्न र सुदृढ बनाउने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय<br>राष्ट्रिय मुस्लिम आयोग<br>दातृ निकाय | निरन्तर | ■ आयोग सुदृढ भएको हुने । |
| ५ | आदिवासी/जनजातिहरूको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई सुदृढ बनाउने । | ■ आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई साधन सम्पन्न र सुदृढ बनाउने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय<br>आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान<br>दातृ निकाय | निरन्तर | ■ प्रतिष्ठान सुदृढ भएको हुने । |
| ६ | बादी समुदायको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि बादी समुदाय उत्थान विकास समितिलाई सुदृढ बनाउने । | ■ बादी समुदाय उत्थान विकास समितिलाई साधन सम्पन्न र सुदृढ बनाउने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय<br>बादी समुदाय उत्थान विकास समिति<br>दातृ निकाय | निरन्तर | ■ समिति सुदृढ भएको हुने । |
| ७ | उपेक्षित र उत्पीडित समुदायको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई सुदृढ बनाउने । | ■ उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई साधन सम्पन्न र सुदृढ बनाउने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय<br>उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति<br>दातृ निकाय | निरन्तर | ■ समिति सुदृढ भएको हुने । |
| ८ | पिछडिएको समुदायको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि पिछडिएको समुदाय उत्थान विकास समितिलाई सुदृढ बनाउने । | ■ पिछडिएको समुदाय उत्थान विकास समितिलाई साधन सम्पन्न र सुदृढ बनाउने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय<br>पिछडिएको समुदाय उत्थान विकास समिति<br>दातृ निकाय | निरन्तर | ■ समिति सुदृढ भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ९ | बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि केन्द्रीय बालकल्याण समितिलाई सुदृढ बनाउने । | ▪ बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि केन्द्रीय बालकल्याण समितिलाई साधन सम्पन्न र सुदृढ बनाउने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अर्थ मन्त्रालय<br>केन्द्रीय बालकल्याण समिति<br>दातृ निकाय | निरन्तर | ▪ समिति सुदृढ भएको हुने । |
| १० | मन्त्रालय/निकाय, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका मानव अधिकार इकाईको जनशक्ति, गुणस्तर र क्षमता अभिवृद्धि गर्ने । | ▪ विद्यमान मानव अधिकार इकाईलाई मानव अधिकार महाशाखाको रूपमा स्तरवृद्धि र क्षमता विकास ।<br>▪ मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मन्त्रालय तथा सुरक्षा निकायहरूमा स्थापना भएका इकाईहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>▪ भौतिक संरचना थप गर्ने ।<br>▪ कर्मचारीलाई मानव अधिकार विषयमा दीर्घकालीन अध्ययन (Long Term) तथा तालिम (Short Term) को व्यवस्था गर्ने ।<br>▪ आवश्यक जनशक्तिको आपूर्ति ।<br>▪ मानव अधिकारसम्बन्धी पुस्तक, बुलेटिन प्रकाशन र खरिद गर्ने कार्य ।<br>▪ त्रैमासिक तथा वार्षिक बुलेटिन तथा पुस्तक प्रकाशन ।<br>▪ मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिको विवरण अद्यावधिक गर्ने ।<br>▪ मानव अधिकारसम्बन्धी वृत्तचित्र निर्माण गर्ने ।<br>▪ मानव अधिकारसम्बन्धी स्रोत केन्द्रको स्थापना ।<br>▪ महाशाखाको भौतिक अवस्था सुधार गर्ने ।<br>▪ महाशाखाको वित्तीय अवस्था सुधार गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>गृह मन्त्रालय<br>रक्षा मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | अर्थ मन्त्रालय<br>सम्बद्ध सबै मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार आयोग<br>नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | निरन्तर | ▪ मानव अधिकार इकाई सेल, पोष्टहरूको सङ्ख्या ।<br>▪ विनियोजन गरेको बजेटको अनुपात ।<br>▪ तालिम प्राप्त जनशक्तिको सङ्ख्या ।<br>▪ प्रगति विवरण एवं प्रतिवेदन ।<br>▪ मानव अधिकारसम्बन्धी पुस्तकालयको सङ्ख्या । |
| ११ | मानव अधिकारसम्बन्धी अभिलेख व्यवस्थापन गर्ने । | ▪ Human Rights Database को स्थापना ।<br>▪ सुरक्षा निकायहरूमा मानव अधिकारसम्बन्धी अभिलेख व्यवस्थापन गर्ने । | गृह मन्त्रालय<br>रक्षा मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | निरन्तर | ▪ सफ्टवेयरको निर्माण तथा मानव अधिकारसम्बन्धी डाटावेस तयार भएको हुने । |
| १२ | मानव अधिकारसम्बन्धी कार्यका सम्बन्धमा सञ्जाल निर्माण गर्ने । | ▪ सञ्जाल निर्माण कार्य ।<br>▪ कम्प्यूटर तथा अन्य उपकरण खरिद कार्य । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बद्ध सबै मन्त्रालयहरू<br>जिल्ला प्रशासन कार्यालयहरू<br>राष्ट्रिय मानव अधिकार आयोग | निरन्तर | ▪ सञ्जाल निर्माण । |
| १३ | हाल रहेका केन्द्रीय तथा क्षेत्रीय मानव अधिकार सेललाई साधन, स्रोत तथा सुविधा सम्पन्न गराउने । | ▪ विभिन्न तालिमहरू सञ्चालन गर्नको लागि आवश्यक बजेट र भौतिक सुदृढीकरण । | गृह मन्त्रालय<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी बल | मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू | निरन्तर | ▪ सेल जनशक्ति र भौतिक सुविधा सम्पन्न भएको हुने । |

| क्र.सं. | उद्देश्य | कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १४ | राज्यका सबै संरचनाहरूमा पिछडिएको वर्ग, जस्तै बादी, राउटे, चेपाङ र क्षेत्रको समानुपातिक सहभागिताका लागि संरचनागत तथा नीतिगत अवरोधहरू हटाउन राज्यका संरचनाहरू तथा नीति-नियमहरूमा सुधार तथा नयाँ निर्माण गरिने । | ■ कानूनको निर्माण तथा संस्थागत बन्दोबस्ती ।<br>■ समावेशी प्रतिनिधित्व ।<br>■ सकारात्मक विभेद गरी कानून र संस्थागत सुदृढीकरण । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | ■ पिछडिएको वर्ग, जस्तै बादी, राउटे, चेपाङ र क्षेत्रका मानिसको जीवनस्तरमा सुधार भई सार्वजनिक जीवनमा सहभागितामा वृद्धि भएको हुने । |
| १५ | स्थानीयस्तरमा कार्यरत सरकारी निकायलाई मानव अधिकारमैत्री बनाउन साधन र स्रोतले सक्षम बनाउने । | ■ स्रोत र साधनको व्यवस्था गर्ने ।<br>■ तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रममार्फत् सक्षम जनशक्ति उपलब्ध गराउने । | सम्बन्धित मन्त्रालयहरू<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अर्थ मन्त्रालय<br>जिल्ला प्रशासन कार्यालय<br>स्थानीय निकाय | निरन्तर | ■ जिल्लामा कार्यरत सरकारी निकायहरू मानव अधिकारमैत्री भएको हुने । |
| १६ | विद्युतीय शासन (इ गभर्नेन्स) को माध्यमबाट सुशासनलाई टेवा पुर्‍याउने । | ■ सरकारी निकायबाट प्रदान गरिने सेवाहरू एउटै National Portal द्वारा प्रदान । | सूचना तथा सञ्चार मन्त्रालय<br>विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सम्बद्ध सबै मन्त्रालय/निकाय<br>स्थानीय निकाय | निरन्तर | ■ विद्युतीय सुशासनका लागि आवश्यक पूर्वाधारको विकास भएको हुने । |

परिच्छेद - ४

# कार्ययोजना कार्यान्वयन तथा अनुगमन

## ४.१ कार्यान्वयन तथा अनुगमन

### ४.१.१ पृष्ठभूमि :

नेपाल सरकार प्रस्तुत राष्ट्रिय कार्ययोजनालाई विकास योजना सरह कार्यान्वयन गर्न प्रतिबद्ध छ । मन्त्रालय, विभाग र अन्य सरकारी क्षेत्रमा कार्ययोजनाको कार्यान्वयन र अनुगमनको सुनिश्चितताको साथै त्रैमासिक र वार्षिक प्रगति विवरण प्राप्त गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जिम्मेवार हुनेछ । यसअन्तर्गत नेपाल सरकारका केन्द्रीयस्तरका निकायहरूलाई यस कार्यालयसँग नेटवर्किङ्ग गर्ने उद्देश्य रहेको छ । नेटवर्किङ्गद्वारा कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरूको कार्यान्वयनमा सम्बन्धित मन्त्रालयले हासिल गरेको उपलब्धिको जानकारी कार्यालयलाई हुनेछ ।

मानव अधिकार सबै क्षेत्र, विषय, निकाय र पक्षहरू सम्बन्धित भएकाले यी सबैसँग संयोजन, समन्वय र नेतृत्व गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जिम्मेवारी रहेको हो । यो सबै सरकारी निकायहरू उपर प्रशासनिक नियन्त्रण, निर्देशन र सुपरिवेक्षण गर्ने निकाय हो । प्रस्तुत कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित निकायलाई बेग्लै बजेट, जनशक्ति र पूर्वाधार विकास र व्यवस्था गरिरहनु नपर्ने तर आफ्नो क्षेत्रभित्रका नीति, रणनीति, कार्ययोजना, कार्यक्रमहरू तथा संयन्त्रहरू मानव अधिकारमुखी अवधारणामा आधारित हुनु अनिवार्य छ । त्यसैले यस कार्ययोजनाको कार्यान्वयनको प्राथमिक दायित्व कार्ययोजनाका क्रियाकलापहरू प्रस्ताव गर्ने सम्बन्धित निकायको हुन्छ र सो कार्यान्वयनको प्रगतिको जानकारी उक्त निकायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउनुपर्नेछ ।

सवै स्थानीय निकायहरूले आ-आफ्नो वार्षिक कार्ययोजनामा मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि कार्यक्रमहरू समावेश गर्ने, त्यसको कार्यान्वयन गर्ने र त्यससम्बन्धी प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्ने अपेक्षा राखिएको छ ।

### ४.१.२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिका:

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकारको सर्वोच्च प्रशासनिक निकाय हो र यसले सबै सरकारी निकायहरूको समन्वय, सुपरीवेक्षण र नियन्त्रण गर्छ । प्रस्तुत कार्ययोजनाका बारे देशभित्र र बाहिरका सरोकारवालाहरूलाई जानकारी गराउने काम यस कार्यालयले गर्नेछ । संयुक्त राष्ट्रसङ्घका सन्धिगत निकायहरूमा सरकारले मानव अधिकारका विषयमा गरेका कार्यहरूको प्रगति विवरण, प्रष्टीकरण र भावी कार्यदिशा बारेको प्रस्तुति यस कार्यालयबाट हुँदै आएको छ । महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, नेपाली नागरिकको राजनीतिक तथा नागरिक अधिकार, यातना विरुद्धको अधिकार र सबै प्रकारको भेदभाव विरुद्धको अधिकारका विषयमा क्रमशः महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, गृह मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा गरिने सम्बन्धित महासन्धिहरू तथा अनुबन्धअन्तर्गतको आवधिक प्रतिवेदन तयारीमा यस कार्यालयले समन्वय र संयोजन गर्छ भने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको र विश्वव्यापी आवधिक समीक्षासम्बन्धी विषयमा यस कार्यालयले आवधिक प्रतिवेदनहरू तयार गर्दै आएको छ ।

प्रस्तुत कार्ययोजनाबारे सर्वसाधारण, नागरिक समाज, अधिकारकर्मीहरू, सरकारी कार्यालयका प्रमुखहरू, सुरक्षा निकाय लगायत सबै राष्ट्रसेवक तथा शिक्षण संस्थाहरूमा समेत प्रचार-प्रसार गर्ने, तत्तत् निकायहरूको भूमिका बारे जानकारी गराउने र कार्यान्वयनमा देखिएका समस्याहरूको समाधान गर्ने जिम्मेवारी यस कार्यालयको रहेको छ ।

**४.१.३ राष्ट्रिय मानव अधिकार आयोगको भूमिका :**

राष्ट्रिय मानव अधिकार आयोगले यो कार्ययोजनाको कार्यान्वयन अवस्थाको स्वतन्त्र रुपमा अनुगमन गर्नेछ । यसैगरी मानव अधिकारसँग सम्बन्धित अन्य राष्ट्रिय निकाय/संस्थाहरूले पनि कार्ययोजनाको कार्यान्वयन पक्षाको अनुगमनमा सहयोगी भूमिका खेल्नेछन् । प्रस्तुत राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन पक्षाको स्वतन्त्ररूपमा अनुगमन गरी सुझावसहितको वस्तुगत प्रतिवेदन राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुने अपेक्षा राखिएको छ ।

**४.१.४ राष्ट्रिय योजना आयोगको भूमिका :**

राष्ट्रिय योजना आयोगले विभिन्न सरकारी निकायहरूले योजना र परियोजनाहरू कार्यान्वयनका क्रममा कसरी कार्यसम्पादन गरेका छन् भनी मूल्याङ्कन गर्दा ती योजना तथा उपक्रमहरू मानव अधिकारमा आधारित अवधारणा अनुसार थिए वा थिएनन्, छन् वा छैनन् भन्ने समेतका दृष्टिकोणबाट मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा त्रैमासिक र वार्षिकरुपमा पठाउनुपर्नेछ ।

**४.१.५ अर्थ मन्त्रालयको भूमिका :**

अर्थ मन्त्रालयले प्रस्तुत कार्ययोजनामा 'बजेट तर्जुमा गर्दा मानव अधिकारका विषयमा संवेदनशीलता विकास गर्ने' भन्ने उद्देश्य र सोअन्तर्गत क्रियाकलाप प्रस्ताव गरेको छ । नेपाल सरकारले प्रस्तुत कार्ययोजना स्वीकृत गर्ने निर्णयको बुँदा ४ मा 'कार्ययोजनामा समावेश गरिएका कार्यक्रमहरू सम्पन्न गर्न वैदेशिक सहयोग आवश्यक हुने भएमा कार्ययोजना कार्यान्वयन गर्ने जिम्मेवारी तोकिएका मन्त्रालयहरूले अर्थ मन्त्रालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने' उल्लेख गरेको र अमेरिकी डलर पचास लाखभन्दा घटीको रकम वैदेशिक सहयोगको रुपमा नेपाल सरकारले नलिने नीति लिएको छ । प्रस्तुत कार्ययोजना कार्यान्वयन गर्न छुट्टै बजेट नचाहिने र सम्बन्धित निकायलाई नियमित रुपमा विनियोजित रकमबाटै कार्ययोजनाका क्रियाकलापहरू सम्पन्न गर्नुपर्ने भएको सन्दर्भमा अर्थ मन्त्रालयको भूमिका रहन्छ ।

**४.१.६ दातृ निकायहरुको भूमिका :**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न दातृ निकायहरूबाट सुझाव, सल्लाह र उत्प्रेरणाको अपेक्षा गरेको छ । नेपालको विकासका साझेदारहरूलाई कार्ययोजनाका बारे जानकारी दिने र प्रष्ट्याउने गरिनेछ र कार्ययोजनाका सम्बन्धमा विश्वमा अन्यत्र हासिल 'राम्रा अभ्यास' बारे नेपाललाई पनि बोध गराउने अपेक्षा राखिएको छ ।

**४.१.७ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समिति :**

**४.१.७.१ मानव अधिकार राष्ट्रिय कार्ययोजना केन्द्रीय कार्यान्वयन तथा अनुगमन समिति :**

प्रस्तुत राष्ट्रिय कार्ययोजनाको महत्व र संवेदनशीलता समेतले यसको कार्यान्वयनको सुनिश्चितताका लागि विशिष्टीकृत संयन्त्र अत्यावश्यक हुन्छ । यसका लागि नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा मानव अधिकार

राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिको स्थापना गरिएको छ। कानून तथा मानव अधिकार महाशाखाका साथसाथै कार्ययोजनाको क्रियाकलापसँग सम्बन्धित मन्त्रालयका इकाई (Focal Points) लाई निर्देशन दिने, कार्ययोजनाको कार्यान्वयनको क्रममा सञ्चालन गरिने क्रियाकलापहरूको अन्तिम पहिचान र गतिशील प्रक्रियाको पुनरावलोकन र स्वीकृति दिने, मानव अधिकारका विषयमा नेपाल सरकारले लिने नीतिगत विषयमा छलफल गरी राय सुझाव दिन तथा मानव अधिकार स्थितिको समीक्षा गर्ने कार्यहरू यस समितिको जिम्मेवारीभित्र पर्दछन् ।

मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिको गठनविधि निम्नानुसार रहेको छः

| | | |
|---|---|---|
| १) | मुख्य सचिव, नेपाल सरकार | - अध्यक्ष |
| २) | सचिव (कानून तथा मानव अधिकार), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| ३) | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| ४) | सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | - सदस्य |
| ५) | सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| ६) | सचिव, शिक्षा मन्त्रालय | - सदस्य |
| ७) | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - सदस्य |
| ८) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| ९) | सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| १०) | सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | - सदस्य |
| ११) | सचिव, श्रम तथा रोजगार मन्त्रालय | - सदस्य |
| १२) | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | - सदस्य |
| १३) | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | - सदस्य |
| १४) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| १५) | सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| १६) | सचिव, ऊर्जा मन्त्रालय | - सदस्य |
| १७) | सचिव, उद्योग मन्त्रालय | - सदस्य |
| १८) | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| १९) | सचिव, परराष्ट्र मन्त्रालय | - सदस्य |
| २०) | नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| २१) | सचिव, राष्ट्रिय मानव अधिकार आयोग | - सदस्य |
| २२) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा मानव अधिकार महाशाखाको महाशाखा प्रमुख | - सदस्य-सचिव |

आवश्यकतानुसार अन्य सम्बन्धित मन्त्रालयका सचिवहरू र विभिन्न आयोगका अध्यक्षहरूलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

समितिको बैठक प्रत्येक तीन महिनामा एक पटकका दरले नघटाई आवश्यकतानुसार बस्न सक्नेछ । समितिको सचिवालयको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा मानव अधिकार महाशाखाले कार्य गर्नेछ ।

४.१.७.२ **मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समिति** :

मानव अधिकार राष्ट्रिय कार्ययोजनाको जिल्लास्तरमा कार्यान्वयन तथा समन्वयका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समितिको स्थापना गरिएको छ । कार्ययोजना कार्यान्वयनका लागि जिल्लास्तरका सरकारी निकायका इकाई (Focal Points) लाई निर्देशन दिने, कार्ययोजनाको कार्यान्वयनको क्रममा जिल्लास्तरमा सञ्चालन गरिने क्रियाकलापहरूको कार्यान्वयन तथा समन्वय गरी जिल्लाको मानव अधिकार स्थितिको समीक्षा गरी केन्द्रमा प्रतिवेदन पठाउने कार्यहरू यस समितिको जिम्मेवारीभित्र पर्दछन् ।

मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् **:**

| | | |
|---|---|---|
| १) | प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| २) | स्थानीय विकास अधिकारी | - सदस्य |
| ३) | जिल्ला शिक्षा अधिकारी | - सदस्य |
| ४) | जिल्ला स्वास्थ्य प्रमुख | - सदस्य |
| ५) | जिल्ला न्यायाधिवक्ता | - सदस्य |
| ६) | राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयका प्रमुख (आयोगको कार्यालय भएको जिल्लामा) | - सदस्य |
| ७) | महिला विकास अधिकृत | - सदस्य |
| ८) | नेपाल बार एशोसिएशनका जिल्ला प्रतिनिधि | - सदस्य |
| ९) | नेपाल पत्रकार महासङ्घका जिल्ला प्रतिनिधि | - सदस्य |
| १०) | गैरसरकारी संस्था महासङ्घका जिल्ला प्रतिनिधि | - सदस्य |
| ११) | सहायक प्रमुख जिल्ला अधिकारी | - सदस्य-सचिव |

आवश्यकतानुसार अन्य सम्बन्धित कार्यालयका प्रमुखहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

समितिको सचिवालयको रूपमा जिल्ला प्रशासन कार्यालयले कार्य गर्नेछ । समितिको बैठक प्रत्येक तीन महिनामा एक पटकका दरले नघटाई आवश्यकतानुसार बस्न सक्नेछ । कार्ययोजना कार्यान्वयन अवस्थासम्बन्धी जिल्लागत विवरण सहायक प्रमुख जिल्ला अधिकारीले प्रत्येक तीन महिनामा तयार गरी गृह मन्त्रालयमार्फत् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने छ ।

❀❃❀